# “यज्ञबहादुर डाँगीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन”

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली एम्.ए.दोस्रो वर्ष दशौँ पत्रको

प्रयोजनका निम्ति

प्रस्तुत

## शोध-पत्र

शोधार्थी

**हेमसागर सुवेदी**

रोल नं.: ३८३५

शै.स.२०६३-२०६५

त्रि.वि.दर्ता: ......................

नेपाली शिक्षण विभाग

*महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज, बाँके*

२०६७

शोध-निर्देशक
**वेदनिधि शर्मा**
सह-प्राध्यापक, त्रि.वि.

**"यज्ञबहादुर डाँगीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन"**

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली एम्.ए.दोस्रो वर्ष दशौँ पत्रको
प्रयोजनका निम्ति

प्रस्तुत

# शोधपत्र

शोधार्थी
**हेमसागर सुवेदी**
रोल नं.: ३८३५
शै.स.२०६३-२०६५
त्रि.वि.दर्ताः .......................
नेपाली शिक्षण विभाग
***महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज, बाँके***

२०६७

# मूल्याङ्कनका लागि सिफारिश-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षका छात्र हेमसागर सुवेदीले यस नेपाली शिक्षण विभागमा प्रस्तुत यज्ञबहादुर डाँगीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन नामक शीर्षकको शोध-पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । म यो शोध कार्यबाट सन्तुष्ट छु । अतः म यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिति २०६७/०७/ /

..................................................

**शोध निर्देशक**

वेदनिधि शर्मा

सह-प्राध्यापक

महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज, बाँके

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

# महेन्द्र बहुमुखी क्याम्पस

## नेपाली शिक्षण विभाग

नेपालगन्ज, बाँके

# स्वीकृति-पत्र

स्नातकोत्तर तह नेपलाी द्वितीय वर्षका विद्यार्थी हेमसागर सुवेदीद्वारा यस नेपाली शिक्षण विभागमा प्रस्तुत **"यज्ञबहादुर डाँगीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन"** नामक शोधकार्यलाई नेपाली विषयमा स्नातकोत्तर तह उपाधिका निम्ति स्वीकृति प्रदान गरिएको छ ।

| *मूल्याङ्कन समिति* | *हस्ताक्षर* |
|---|---|
| (अध्यक्ष श्री गिरिराज पौडेल) | |
| १. विभागीय प्रमुख | ................................ |
| (श्री महानन्द जोशी) | |
| २. बाह्य परीक्षक | .............................. |
| (श्री वेदनिधि शर्मा) | |
| ३. शोध निर्देशक | .............................. |

मितिः २०६७/०७/ /

# कृतज्ञता ज्ञापन

"यज्ञबहादुर डाँगीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन" शीर्षकको प्रस्तुत शोध-पत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरू सह-प्राध्यापक वेदनिधि शर्माज्यूको निर्देशनमा तयार गरेको हुँ । आफ्नो कार्य व्यस्तताका बीचमा पनि यो शोध पत्र तयारीका सन्दर्भमा सदा प्रेम पूर्वक निर्देशन तथा अमूल्य सुझाव प्रदान गर्नुहुने मिष्ठभाषी गुरूप्रति म सदा ऋणी रहनेछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने नेपाली विभागीय प्रमुखप्रति म कृतज्ञता प्रदान गर्दछु ।

यसैगरी लेखन कार्यमा सुझाव एवं हौसला प्रदान गर्नुहुने उपप्राध्यापक आदरणीय गुरू श्री महानन्द जोशीज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै गरी शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने नेपाली केन्द्रीय विभाग (महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज) का सम्पूर्ण गुरुवर्गप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

शोधकार्यका सम्बन्धमा आवश्यक जानकारी सल्लाह एवं विविध सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने शोधनायक र शोधनायकका परिवाजनप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र तयार पार्न प्रेरित गर्ने आत्मीय मित्र श्री रामप्रसाद जैशीज्यू तथा मेघराज आचार्य, प्रेम योगी लगायत जे-जति रचना र कृतिहरूको सहयोग लिएको छु वहाँहरूको यहाँ स्मरण गर्दै आभार व्यक्त गर्दछु ।

मेरो अध्ययनलाई सदैव अगाडि बढाउने हौसला र उत्साह थप्ने मेरा पिता श्री लक्ष्मीप्रसाद सुवेदीज्यूमा सादरपूर्वक श्रद्धाभाव व्यक्त गर्न चाहन्छु । मेरो अध्ययनको क्रम अगाडि बढाउन कठिन परिस्थितिमा पनि सदैव सहयोग गर्ने मेरी जीवन सङ्गिनी लक्ष्मी सुवेदी र शोध लेखनका समयमा सँगैवसी सामग्रीहरू ओसार-पसार गरी सहयोग गर्ने छोरी सृष्टि र छोरा सचिनलाई पनि धन्यावाद नदिइरहन सक्दिनँ । यस्तै गरी सदैव हार्दिक सहयोग प्रदान गर्ने हरिसोनु भट्टराई, तिलकराम खड्का, पूर्णबहादुर भण्डारीप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी छिटो-छरितो र शुद्धरुपमा टङ्कन गरी सहयोग गर्ने भाइ प्रकाश वुढाथोकी र लालु चौधरीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षण विभाग स्नातकोत्तर तह कार्यक्रम महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके समक्ष प्रस्तुत गर्दछु ।

मिति: २०६७/०७/

.................................

हेमसागर सुवेदी
महेन्द्र बहुमुखी क्याम्पस
नेपालगन्ज, बाँके



साहित्यकार :- **यज्ञबहादुर डाँगी**

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| | पहिलो परिच्छेद | १-६ |
| १. | शोधपरिचय | १ |
| १.१. | शोध शीर्षक | १ |
| १.२. | शोध कार्यको प्रयोजन | १ |
| १.३. | विषय परिचय | १ |
| १.४. | समस्या कथन | २ |
| १.५. | शेधकार्यको उद्देश्य | २ |
| १.६. | पूर्वकार्यको समीक्षा | ३ |
| १.७. | शोधकार्यको औचित्य | ४ |
| १.८. | शोधकार्यको सीमाङ्कन | ५ |
| १.९. | शोधविधि | ५ |
| १.१०. | शोधपत्रको रूपरेखा | ६ |
| | दोस्रो परिच्छेद | ७-६१ |
| २. | कविताको परिभाषा | ७ |
| २.१. | पूर्वीय चिन्तकहरूका दृष्टिमा कविता | ७-८ |
| २.१.१. | पाश्चात्य चिन्तकहरूका दृष्टिमा कविता | ९ |
| २.१.२. | नेपाली चिन्तकका दृष्टिमा कविता | १०-११ |
| २.१.३. | कविताको सैद्धान्तिक स्वरूप | १२ |
| २.१.४. | कविताको साधारण सिद्धान्त | १२-१३ |
| २.१.५. | कविताको विशेष स्वरूप | १४ |
| २.१.५.१. | शीर्षक | १५ |
| २.१.५.२. | संरचना | १६ |
| २.१.५.२.१. | आन्तरिक संरचना | १६ |
| २.१.५.२.२. | बाह्य संरचना | १६ |

| | | |
|---|---|---|
| २.१.५.३. | लय | १७ |
| २.१.५.४. | भाषाशैली | १८ |
| २.१.५.५. | कथन पद्धति | १९ |
| २.१.५.१. | कविप्रौढोक्ति | १९ |
| २.१.५.२. | कविनिबद्धवक्तृप्रौढौक्ति | १९ |
| २.१.५.६. | केन्द्रीय भाव | २० |
| २.१.५.७. | सन्दर्भगत तत्व | २० |
| २.१.५.८. | व्यञ्जना | २१ |
| २.१.५.९. | बिम्बविधान र अलङ्कार | २१ |
| २.१.६. | कविताको विधागत स्वरुप | २२ |
| २.१.६.१. | लघुतम् | २३ |
| २.१.६.२. | लघु | २३ |
| २.१.६.३. | मध्यम | २३ |
| २.१.६.४. | बृहत् | २४ |
| २.१.६.५. | बृहत्तर/बृहत्तम् | २४ |
| २.१.७. | नेपाली कविताको विकासक्रम | २५-२७ |
| २.१.७.१. | काल विभाजन | २८ |
| २.१.७.१.१. | प्राथमिक काल (वि.सं.१८२६ देखि १९४०) | २८ |
| २.१.७.१.१.१. | वीरधारा | २९ |
| २.१.७.१.१.२. | भक्तिधारा | २९ |
| २.१.७.१.१.२.१. | कृष्णभक्तिा धारा | ३० |
| २.१.७.१.१.२.२. | राम भक्तिधारा | ३० |
| २.१.७.१.१.२.३. | निर्गुण भक्तिधारा | ३१ |
| २.१.७.१.२. | माध्यमिक काल (वि.सं.१९४१-७४) | ३१ |
| २.१.७.१.३. | आधुनिक काल (वि.सं. १९७५ वर्तमान सम्म ) | ३२-३३ |
| २.१.७.१.३.१. | परिष्कारवादी धारा :- (१९७५-१९९०) | ३४ |
| २.१.७.१.३.२. | स्वच्छन्दतावादी धारा (१९९१-२०१६) | ३५ |

| | | |
|---|---|---|
| २.१.७.१.३.३. | प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९) सम्म | ३६-३७ |
| २.१.८. | प्रगतिवादको दार्शनिक आधार | ३८ |
| २.१.८.१. | मार्क्स र एङ्गेल्सका साहित्यसम्बन्धी मान्यता | ३९-४१ |
| २.१.८.२. | भी.आई.लेनिनका साहित्यसम्बन्धी मान्यता | ४२ |
| २.१.८.३. | माओत्से तुङ्का साहित्यसम्बन्धी दृष्टिकोण | ४३-४५ |
| २.१.८.४. | प्रगतिवादी साहित्य र यसको स्वरुप | ४६-४९ |
| २.१.८.५. | प्रगतिवादी साहित्यको निष्कर्ष | ५० |
| २.१.९. | प्रगतिवादी नेपाली कविताको पृष्ठभूमि | ५१ |
| २.१.९.१. | राजनैतिक पृष्ठभूमि | ५१-५४ |
| २.१.९.२. | आर्थिक पृष्ठभूमि | ५५ |
| २.१.९.३. | सामाजिक पृष्ठभूमि | ५६-५७ |
| २.१.९.४. | साहित्यिक पृष्ठभूमि | ५८ |
| २.१.९.१०. | आधुनिककाल र प्रगतिवादी कविताधारा | ५९-६१ |
| **तेश्रो परिच्छेद** | | **६२-७१** |
| ३. | यज्ञ बहादुर डाँगीको जीवनी र व्यक्तित्वको अध्ययन | ६२ |
| ३.१. | विषय प्रवेश | ६२ |
| ३.२. | ‘जीवनीको’ शाब्दिक बनोट तथा परिभाषा | ६२ |
| ३.३. | नेपाली साहित्यमा जीवनी लेखनको थालनी र विस्तार | ६३ |
| ३.४. | कवि डाँगीको जीवनी | ६४ |
| ३.४.१. | पारिवारिक पृष्ठभूमि | ६४ |
| ३.४.२. | बाल्यकाल र शिक्षा दीक्षा | ६४ |
| ३.४.३. | स्वभाव | ६५ |
| ३.४.४. | विवाह, दाम्पत्य जीवन र सन्तान | ६५ |
| ३.४.५. | बसोवास तथा आर्थिक अवस्था | ६६ |
| ३.४.६. | रुचि | ६७ |
| ३.४.७. | साहित्य सिर्जनाका लागि प्रेरणा र प्रभाव | ६७ |
| ३.४.८. | जागिरे जीवन | ६८ |

| | | |
|---|---|---|
| ३.४.९. | भ्रमण | ६८ |
| ३.४.१०. | पुरस्कार र सम्मान | ६८ |
| ३.५.१. | व्यक्तित्व | ६९ |
| ३.५.२. | निजी व्यक्तित्व | ६९ |
| ३.५.३. | सार्वजनिक व्यक्तित्व | ७० |
| ३.५.४. | सृष्टा व्यक्तित्व | ७० |
| ३.५.५. | सम्पादकीय व्यक्तित्व | ७१ |
| ३.५.६. | निष्कर्ष | ७१ |
| **चौथो परिच्छेद** | | **७२-७६** |
| ४. | यज्ञ बहादुर डाँगीको साहित्यिक यात्रा | ७२ |
| ४.१. | विषय प्रवेश | ७२ |
| ४.२. | सामाजिक यथार्थ र वर्ग संघर्षको चित्रण | ७२ |
| ४.३. | साहित्यिक यात्रा | ७३-७४ |
| ४.४. | कवि डाँगीको बैचारिक भूमि | ७५ |
| ४.५. | विषयवस्तुका आधारमा कवि डाँगीका कविता | ७५ |
| ४.६. | सर्वहारा मानवतावादी दृष्ट्रिकोणको अभिव्यक्ति | ७६ |
| ४.७. | निष्कर्षमा | ७६ |
| **पाँचौं परिच्छेद** | | **७७-९७** |
| ५. | यज्ञबहादुर डाँगीको ‘तिम्रो हत्यापछि’ कृतिको अध्ययन | ७७ |
| ५.१. | आरम्भ | ७७ |
| ५.२. | शीर्षक | ७८ |
| ५.३.१. | संरचना | ७९ |
| ५.३.१.१. | बाह्य संरचना | ७९ |
| ५.३.१.२. | आन्तरिक संरचना | ७९ |
| ५.३.१.३. | कथन पद्धति | ७९ |
| ५.३.१.४. | शिल्प विधान | ८० |
| ५.३.१.५. | भाषा | ८० |

| | | |
|---|---|---|
| ५.३.१.६. | छन्दविधान | ८१ |
| ५.३.१.७. | उपमान, बिम्ब-प्रतीक र व्यङ्ग्यविधान | ८२ |
| ५.३.१.८. | कवि डाँगीको वैचारिक भूमि | ८२-९६ |
| ५.१.१.९. | निष्कर्ष | ९६-९७ |
| **छैठौँ परिच्छेद** | | **९८-१०३** |
| ६. | यज्ञबहादुर डाँगीका कवितात्मक प्रवृत्तिहरू | ९८ |
| ६.१. | प्रणयभावको कोमल अभिव्यक्तिः | ९८ |
| ६.२. | प्रकृतिचित्रण | ९८ |
| ६.३. | स्वदेश प्रेम | ९९ |
| ६.४. | सामाजिक एवं राजनैतिक विकृति र विसङ्गतिको बिरोधः | ९९ |
| ६.५. | युद्ध र अशान्तिको विरोध | १०० |
| ६.६. | अन्धपरम्पराको बिरोध | १०० |
| ६.७. | सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको बिरोधः | १०१ |
| ६.८. | धार्मिक अन्धवाद तथा रूढिवादको बिरोध | १०१ |
| ६.९. | समतायुक्त सामाजिक व्यवस्था निर्माणका निम्ति आह्वाहन | १०२ |
| ६.९. | आमूल परिवर्तनकारीशक्तिप्रति विश्वास र आस्थाको अभिव्यक्ति | १०३ |
| **सातौँ परिच्छेद** | | **१०४-१०५** |
| ७. | उपसंहार | १०४-१०५ |

सन्दर्भ ग्रन्थ सूचि

पत्रिका विवरण

स्नातकोत्तर शोध ग्रन्थ विवरण

परिशिष्ट

# सङ्क्षेपीकरण सूची

| सङ्क्षेपीककृत शब्द | सङ्क्षेपीककृत अर्थ |
|---|---|
| एस.एल.सी. | स्कूल लिभिङ्ग सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| छै.सं. | छैठौँ संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान |
| वि.सं. | विक्रम संवत |
| सा.प्र. | साझा प्रकाशन |
| आई.एड्. | आर्ट अफ एजुकेशन |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| स्व. | स्वर्गीय |
| पृ.सं. | पृष्ठ संख्या |
| पा.सं. | पाँचौ संस्करण |
| ऐ. | ऐजन |
| प्र.अ. | प्रधानाध्यापक |

# पहिलो परिच्छेद

# शोधप्रस्ताव

# पहिलो परिच्छेद
## शोधप्रस्ताव

### १. शोधपरिचय

**१.१. शोध शीर्षक:-**

"यज्ञबहादुर डाँगीको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन रहेको छ ।

**१.२. शोधार्थीको नाम :** हेमसागर सुवेदी

नेपाली शिक्षा विभाग, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके

**१.३. शोध कार्यको प्रयोजन :-**

प्रस्तुत शोधकार्य त्रिभुवन विशवविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली शिक्षण विभाग महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, स्नातकोत्तर तह दास्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्तिको लागि गरिएको छ ।

**१.४. विषय परिचय :-**

कवि यज्ञबहादुर डाँगी मोफसलमा बसेर पनि प्रगतिवादी नेपाली साहित्यिक क्षेत्रमा महत्वपूर्ण योगदान दिने धेरै व्यक्तिहरुमध्ये एक हुन् । राप्ती अञ्चलमा जन्मेर राप्ती अञ्चललाई नै कर्मथलो बनाएका डाँगी विगत तीन दशकदेखि प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा अनवरत रुपमा लागी परेका छन् । डाँगी सामान्य परिवारमा जन्मिएर अभाव, पीडा र गरिबीसँग संघर्ष गर्दै आफ्नो लेखनीलाई बेजोड गतिले चलाइरहेका छन् । यस्ता प्रतिभाशाली व्यक्तित्वका धनी डाँगीकाबारेमा आजसम्म कोही कसैबाट विस्तृत अध्ययन विश्लेषण गरेको नपाइएकाले यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा अनुसन्धान तथा शोधखोज गरी विस्तृत रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.५ समस्या कथन :

कवि यज्ञबहादुर डाँगी स्कूले विद्यार्थी अवस्थाका विभिन्न सहित्यिक गिविधिमा सम्लग्न हुँदै अद्यावधि साहित्य लेखनमा निरन्तर कलम चलाउने राप्ती अञ्चलका उल्लेख्य कवि हुन् । प्रगतिवादी नेपाली साहित्यको अनवरत रूपमा सेवा गर्दे आएका यस्ता प्रभिभाशाली साहित्यकार डाँगीका बारेमा केही कृतिहरुमा केही पत्र- पत्रिकाहरुमा सामान्य चर्चा परिचर्चा भए बाहेक उनको समग्र जीवन, व्यक्तित्व र कृतित्वको विस्तृत र व्यवस्थित एवम् प्रमाणिक अध्ययन अनुसन्धान आजसम्म पनि कोही बसैबाट हुन सकेको छैन । त्यसैले उनको जीवनी, व्यक्तित्व र कवित्वको समग्र अध्ययन र मूल्याङ्कन गर्नु यस शोधपत्रको ध्येय रहेको छ । प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरुको पहिचान गरिएको छ ।

क) यज्ञबहादुर डाँगीको जीवनी र व्यक्तित्वलाई कसरी अध्ययन र विश्लेषण गर्न सकिन्छ ?

ख) उनका कृति र लेख रचनाहरुका आधारमा प्रवृत्तिगत विशेषताहरु के-कस्ता छन् ?

ग) उनको साहित्यिक यात्राको काल-क्रमिक विकास क्रम कसरी अगाडि बढ्दै गएको छ ?

घ) उनका साहित्यिक कृतिहरुले प्रगतिवादी नेपाली साहित्यमा के-कस्तो योगदान दिएका छन् ?

## १.६ शेधकार्यको उद्देश्य :

प्रस्तुत शोधकर्यको अध्ययनका उद्देश्यहरु निम्नलिखित छन् ।

क) साहित्यकार यज्ञबहादुर डाँगीको जीवनीवृत्त र व्यस्क्तित्वका विशेषताहरु अध्ययन र विश्लेषण गर्नु ।

ख) उनका साहित्यिक कृतिहरुका आधारमा प्रवृत्तिगत विशेषताहरु केलाउनु ।

ग) उनका साहित्यिक यात्राको कालक्रमिक विकास पहिल्याउनु ।

घ) उनका साहित्यिक कृतिहरुको वर्गीकरण र विश्लेषण गर्दे तिनले प्रगतिवादी नेपाली साहित्यमा दिएको यागदानको मूल्याङ्कन गर्नु ।

उपयुक्त उद्देश्यका आधारमा साहित्यकार डाँगीको जीवनी, व्यक्तित्वको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ ।

## १.७ पूर्वकार्यको समीक्षा :

प्रगतिवादी नेपाली साहित्यको समसामयिक विषयमा साहित्यिक प्रतिभाहरूको अध्ययन अनुसन्धान गर्ने परम्परा अपेक्षित रुमा नै रहेको छ । ओझेलमा परेका स्रष्टाहरुको व्यक्तित्वका बारेमा प्रकाश पार्नु निश्चय नै महत्वपूर्ण कार्य हो । डाँगीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यस भन्दा अगाडि खास अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । साहित्यिक योगदानका बारेमा डाँगीको समालोचकहरूले त्यति चर्चा गरको पाइँदैन । केही पत्र-पत्रिका तथा समालोचनात्मक कृतिहरुमा सामान्य रुपमा परिचय र टिप्पणी मात्र भएको पाइन्छ । जसले गर्दा कवि डाँगी आज सम्म पनि ओझेलमै परेका देखिन्छन् । प्रस्तुत शोधकार्यको तयारीका सिलसिलामा उनी र उनका कृतिहरुका बारेमा जे जति पूर्वाध्ययन गरिएका सामग्रीहरु प्राप्त भए तिनलाई तल प्रस्तुत गरिएको छ ।

क) **डा. ऋषिराज बराल भन्छन् :-** कवि र लेखक बन्न काठमाडौं शहर भित्रिनुपर्ने बिडम्बनापूर्ण परिस्थितिका बीच पनि राजधानी बाहीर बसेर लेख्ने धेरै राम्रा कविहरु मध्येका एक कवि हुन् यज्ञबहादुर डाँगी । (कलम वर्ष ४, अङ्क १,पूर्णङ्क ११, वैशाख २०५३, पृष्ठ २३)

ख) **डिल्ली मल्ल भन्छन् :-** कालो पाटीमा सेतो चकले लेख्ने शिक्षक मात्रै होइनन् उनी, कालो शासन , अन्याय र अत्याचारका विरुद्ध राता अक्षर लेख्ने कवि पो बढ्ता हुन् । यज्ञ बहादुर डाँगी (बहिङ्गा अङ्क ७, २०६६, पृ.४५)

ग) **टीकाराम उदासी लेख्छन् :-** तीन दशक देखि निरन्तर कविता साधनामा लागीरहेका समकालीन प्रगतिवादी कविता क्षेत्रमा एउटा परिचित कवि हुन् : यज्ञ बहादुर डाँगी । - जनसंस्कृति वर्ष १ , अङ्क १,आश्विन २०६६ पृष्ठ ५६)

घ) **थारुवान राज्य समिति अखिल नेपाल लेखक संघ :-** हर तह र क्षेत्रबाट क्रान्तिका पक्षमा आफूलाई सशक्त ढङ्गले उभ्याउन सक्नु नै नागरिकको कर्तव्य हो । समय र युगको माग पनि त्यही हुने गर्छ । त्यो बाटोमा आफूलाई उभ्याउन सफल एक चर्चित साहित्यकार हुन् यज्ञबहादुर डाँगी भनी उल्लेख गरेको पाइन्छ । (प्रकाशकीय "तिम्रोहत्या पछि " २०६५)

ङ) **कमरेड विप्लवले भनेका छन्:-** प्रतिभा र क्षमताकै चर्चा गर्दा राप्तीले गर्व गर्ने ठाउँ प्रशस्तै छ । प्रगतिशील फाँटमा नामै लिनु पर्दा नारायण प्रसाद शर्मा, गिरिराज शर्मा , यज्ञबहादुर डाँगी जस्ता ब्यक्तित्वहरु देख्न सकिन्छ । (त्रैमासिक पत्रिका 'पहल' वर्ष-६ अङ्क- ३, कात्तिक- पुस २०६३, पृ. १९)

च) **टीकाराम उदासी लेख्छन:-** समकालीन कवितको शिविरमा आफ्नो स्पष्ट पहिचान बनाइसकेका कवि हुन् यज्ञबहादुर डाँगी । जन सँस्कृति वर्ष १, अङ्क १, आश्विन २०६६ पृष्ठ ५७)

## १.८ शोधकार्यको औचित्य :-

वि.स. २०३७ सालदेखि विभिन्न पत्रपत्रिकामा फुटकर कविता प्रकाशन गरी प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा निरन्तर सक्रिय रहेका साहित्यकार साधक यज्ञबहादुर डाँगीकाबारेमा पूर्व अध्येताहरुले दिएका सूचना र सङ्केतहरु पर्याप्त देखिदैनन् । व्यवस्थित र विस्तृत अध्ययन पनि भएको पाइँदैन । अतः सर्वप्रथम उनको जीवनी , व्यक्तित्व र कृतित्वको सु-व्यवस्थित र तथ्यपरक अध्ययन गरिने हुँदा प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा ओझेलमा परेका प्रतिवभाहरुको योगदानका बारेमा सम्पूर्ण अध्येताहरुलाई जानकारी हुने भएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ । साथै उनका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरुलाई पनि मार्ग निर्देशक हुने देखिन्छ । तसर्थ समहित्यकार डाँगीलाई प्रगतिवादी नेपाली साहित्यमा चिनाउँदै उनको योगदानको मूल्याङ्कन गरिएकाले यस शोधकार्यको औचित्यलाई यस अध्ययनले स्थापित गरेको छ ।

## १.९. शोधकार्यको सीमाङ्कन :-

हरेक मानिसको सिङ्गो जीवन भनेको उसको जीवनीमा घट्ने घटनाको समिश्रण हो । त्यसमा पनि साहित्यकारको जीवनीमा साना र ठूला विविध घटनाहरु अवश्य नै घटित भएका हुन्छन् । डाँगीको जीवनमा घटित साना-ठूला सम्पूर्ण घटनाहरुको विस्तृत चर्चा नगरी उनको जीवनको प्रमुख महत्वपूर्ण घटनाहरुको मात्र चर्चा गरिएको छ । जसलाई प्रस्तुत शोधकार्यको पहिलो सीमाको रूपमा लिइएको छ । कवि डाँगीका कुनै कृति प्रकाशित र प्राप्त छन् भने कतिपय कृति अप्रकाशित रुपमा रहेका छन् । यस शोधपत्रमा उनका प्रकाशित उपलब्ध कृतिहरुको व्याख्या विश्लेषण गरिएको छ ।जसलाई प्रस्तुत शोधकार्यको दोस्रो सीमाको रुपमा लिन सकिन्छ । यहाँ डाँगीका प्रकाशित काव्य-कृतिहरुको अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ । जुन प्रस्तुत शोधकार्यको अन्तिम सीमा हो ।

## १.१० शोधविधि :

**क) सामग्री संकलनः-** यो शोधपत्र तयार पार्नका लागि निम्नप्रकारले सामग्री संकलन गरिएको छ ।

अ) पुस्तकालयीय पद्धतिलाई यस शोधपत्रको सामग्री संकलनको प्रमुख आधार मानिएको छ । यसका लागि सम्वन्धित विषयका पुस्तक र पत्र-पत्रिकाहरुको आवश्यक अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

आ) यस शोधपत्र तयार पार्ने क्रममा डाँगीको जीवनी फरक अध्ययनका लागि उनको जन्मस्थानका जीवित,सम्वन्धित नातेदार , इष्टमित्र, बन्धुबान्धवहरु तथा साथी भाइहरु र प्राप्त मानिसहरु सगँ सम्पर्क राखी आवश्यक जानकारी लिइएको छ । यस क्रममा स्रष्टासँग तथा अन्य व्यक्तिसँग प्रश्नावली र अन्तवार्ता विधिलाई अपनाई यथोचित जानकारी लिइएको छ ।

**ख) सामग्री विश्लेषणः-** यस शोधपत्रमा डाँगीको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा जीवनीपरक समालोचना पद्धतिलाई

अँगाली कृति पक्षको विवेचना चाहिँ वर्णनात्मक र प्रभावपरक समालोचना एवम् विधागत सैद्धान्तिक ढाँचाका आधारमा गरिएको छ । यसै गरी उनको योगदाजको चर्चा गर्ने क्रममा आवश्यकतानुसार तुलनात्मक एवम् विश्लेषणात्मक समालोचना पद्धतिको समेत प्रयोग गरिएको छ ।

## १.११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र व्यवसथित रुपमा प्रस्तुत गर्नका लागि यस अध्ययन लाई निम्न परिच्छेदमा विभाजित गरिएको छ ।

**क) पहिलो परिच्छेदः-** शोधपरिचय

**ख) दोस्रो परिच्छेदः-** कविताको सैद्धान्तिक स्वरुप

**ग) तेस्रो परिच्छेदः-** यज्ञबहादुर डाँगीको जीवनी र व्यक्तित्वको अध्ययन

**घ) चौथो परिच्छेदः-** यज्ञबहादुरको साहित्यिक यात्रा

**ङ) पाँचौ परिच्छेदः-** यज्ञबहादुर डाँगीको कवित्वको अध्ययन

**च) छैठौ परिच्छेदः-** उनका कवितात्मक प्रवृत्तिहरु

**छ) सातौँ परिच्छे :-** उपसंहार

उपर्युक्त सात परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशिर्षकहरुमा विभाजन गरी अध्ययन गरिएको प्रस्तुत शोधपत्र सातवटा परिच्छेदले युक्त छ ।

# दोस्रो परिच्छेद

## कविताको सैद्धान्तिक स्वरूप

# दोस्रो परिच्छेद

## २. कविताको परिभाषा :-

साहित्यका उपलब्ध विविध वर्गीकरणहरुमध्ये पूर्वीय वर्गीकरणले साहित्यलाई श्रब्य र दृश्य गरी दुई वर्गमा बाँडेको पाइन्छ । श्रव्य वर्ग अन्तर्गतको पद्य नै कविताको रुपमा स्वभाविकरूपले देखा पर्छ । यस परिप्रेक्ष्यमा विचार गर्दा साहित्यको श्रव्यवर्ग अन्तर्गत गद्यको व्यतिरेकमा पद्यविधा उभिएको पाइन्छ । कविता साहित्यको एक पुरानो विधा हो । मानव सभ्यताको विकासक्रमको अत्यन्त क्रान्तिकारी घटना मानिने भाषाको सम्प्राप्तिदेखि यता प्राचीन लोकगीत, गाथा र गाथा चक्रको क्रमिक श्रृङ्खला हुँदै कविताको प्रारुप विकासित भएको हो भन्नुपर्ने देखिन्छ । कविता विधाले अनेक युगीन घुम्तीहरु पार गर्दै र विविध काँचुलीहरु फेर्दै आफ्ना कतिपय आधारभूत तत्वको निरन्तरताको साथ-साथै आजसम्मआइपुगेको छ । विश्व कविताको प्राचीन गीतगाथादेखि वर्तमान विन्दुसम्मको तीन सहस्राब्दी भन्दा पनि लामो कविता यात्राका क्रममा कलात्मक तथा साहित्यिक धारा परिवर्तनहरुको प्रभावका साथै कविता विधाकै आन्तरिक विकासशीलताको कारणले पनि अनेकन महत्वपूर्ण प्रयोग तथा परिवर्तनहरू देखा परेका छन् ।

कविताको परिभाषा गर्ने क्रममा विविध विद्वान्हरू र काव्य चिन्तकका बीचमा आ-आफ्नै प्रकारका मत मतान्तहरु फेला पर्दछन् ।

## २.१. पूर्वीय चिन्तकहरुका दृष्टिमा कविता ।

पूर्वीय काव्य सिद्धान्तमा कवितालई परिभाषित गर्ने क्रममा आचार्य भरतमुनिको नाम सर्वप्रथम देखा पर्दछ । भरतमुनिले नाटकका सन्दर्भमा साहित्यलाई विभिन्न ढङ्गबाट प्रस्तुत गरेका छन् । तत्पश्चात् अन्य विविध सम्प्रदायहरूले क्रमीकरूपमा विकसित हुँदै आएको कविता विधालाई आ-आफ्नो तरिकाले परिभाषा गरेका छन् । कविताको परिभाषाहरु दिने क्रम वढ्दै जाँदा जगन्नाथसम्म आइपुग्दा धेरै परिभाषाहरू प्राप्त भएको पाइन्छ । आचार्य भरतमुनिले कवितालाई परिभाषित गर्दै भनेका छन् "कवितामा

कोमल र सुन्दर पद विन्यास, गुढ शब्दार्थ हीनता, युक्तिपुर्णता र सुबोधता हुनुपर्छ ।"[१]

अभिष्ट भावलाई संक्षेपमा व्यक्त गर्ने पदावली काव्य हो - अग्नि पुराण ।[२]

आचार्य भामह - शब्द र अर्थ संयुक्त रुपले काव्य हुन् ।[३]

आचार्य दण्डी - इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो ।[४]

आचार्य रुद्रट - निश्चित रुपले शब्द र अर्थ नै काव्य हो ।[५]

आचार्य वामन- काव्यको आत्मा रीति ( शैली ) हो ।[६]

आचार्य आनन्दवर्ध्दन शब्द र अर्थ दुवै काव्यका शरीर हुन् । काव्यको आत्मा चाहिँ ध्वनि हो ।[७]

आचार्य कुन्तक वक्रोक्ति काव्यको आत्मा हो ।[८]

भोजराज दोषरहित, गुणसहित, अलङ्कारले अलङ्कृत रसमय काव्य रचना गरेर कविले कृति र लोकप्रियता वा आनन्द पाउँछ ।[९]

**आचार्य सम्मट-** दोषरहित ,गुणसहित शव्दार्थ काव्य ।[१०]

**आचार्य विश्वनाथ-** रसिलो वाक्य काव्य हो ।[११]

**पण्डितराज जगन्नाथ -** सुन्दरभाव व्यक्त गर्ने शव्द काव्य हो ।[१२]

---

१ डा. हेमाङ्गराज ,अधिकारी पूर्वीय समालोचना सिद्धान्त छै.सं (ललितपुर साझा प्रकाशन , २०५६) पृ.सं. २८

२ डा. केशवप्रसाद उपाध्याय पूर्ववत् पृ.सं.७

३ डा. हेमाङ्गराज अधिकारी पूर्ववत् पृ.सं.७

४ ऐजन पृ.सं. ७

५ ऐजन पृ.सं. ७

६ ऐजन पृ.सं. ७

७ ऐजन पृ.सं. ७

८ ऐजन पृ.सं. ७

९ ऐजन पृ.सं. ८

१० ऐजन पृ.सं. ९

११ ऐजन पृ.सं. १०

यसरी पूर्वीय काव्यशास्त्रीहरुले विविध मत मतान्तरहरूको मूल्याङ्कन, रस अलङ्कार, ध्वनि, गुण, रीति, औचित्य वक्रोक्ति आदिलाई नै काव्यको विशिष्ट तत्व मानेका छन् ।

### २.१.१. पाश्चात्य चिन्तकहरूका दृष्टिमा कविता :-

पूर्वीय जगत्मा काव्यको विकास भए झै पाश्चात्य जगत्मा पनि काव्ययात्राको चरणवद्ध विकास भएको पाइन्छ । पाश्चात्य साहित्यिक जगत्मा कला र काव्य चिन्तनको वीजारोपण होमर सँगसँगै भएको पाइन्छ । होमरले काव्यको थालनी म्यूज वा सरस्वतीको आह्वान गर्दै साहित्यमा दिव्य प्रेरणाको स्रोतलाई नै कविता भन्दछन् । उनले साहित्यमा दिव्य अन्त प्रेरणाको महिमा गाएको उनका महाकाव्यबाट थाहा पाउन सकिन्छ । होमरपछिका विभिन्न पश्चिमी विद्वानहरूले काव्यको परिभाषा यसरी दिएका छन् ।

**हड्सनः-** मूलतः साहित्य भाषाको माध्यमले जीवनको अभिव्यक्तिहो ।[१३]

**अरिष्टोटलः-** साहित्य भाषाको माध्यमले प्रकृतिको अनुकरणहो ।[१४]

**बेकन :-**कविता शैलीको एकरूप हो । यसको सम्बन्ध भाषणकलासित छ ।[१५]

**ड्राइडन :-** कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो ।[१६]

**जान्सनः-** कविता छन्दोबद्ध रचना हो, यो बुद्धिको सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई सत्यसँग जोड्ने कला हो ।[१७]

**वर्डस्वर्थः-** कविता सशक्त अनुभूतिहरूको निरवच्छिन्नता हो, यो शान्त क्षणमा पुनः स्मृत सम्वेगबाट जम्मन्छ ।[१८]

---

१२ ऐजन पृ.सं. १०
१३ ऐजन पृ.सं. १२
१४ ऐजन पृ.सं. १२
१५ ऐजन पृ.सं. १२
१६ ऐजन पृ.सं. १२
१७ ऐजन पृ.सं. १२
१८ ऐजन पृ.सं. १३

**कलरिजः-** कविता विज्ञानको विपरित विधा हो, किन भने यसको मुख्य लक्ष्य आनन्द हो, सत्य होइन ।[१९]

**सेलीः-** कविता सामान्य तया कल्पनाको अभिव्यक्ति हो ।[२०]

**विलियम हैजलिटः-** कविता कल्पना र आवेगको भाषा हो ।[२१]

**रस्किनः-** कविता उदान्त पृष्ठभुमिमा उदान्त संवेगका लागि कल्पनाको सहायताले गरिने प्रस्तावना हो ।[२२]

**टि.एस्.इलियटः-** काव्य आत्मा वा व्यक्तित्वको अभिव्यक्ति होइन ,अपितु आत्मा वा व्यक्तित्वबाट पलायन हो ।[२३]

यसरी पाश्चात्य जगत्मा होमस्बाट थालनी भएको पाश्चात्य काव्य परम्पराले दिव्यप्रेरेणा प्रदान गर्दै विभिन्न सिद्धान्त वाद र प्रणालीका युग मोड र घुम्तीहरु पार गर्दै देश, काल, परिस्थिति, समय सापेक्षित हुँदै जीवन, दर्शन र मूल्यको अभिवक्ति दिँदै चरणबद्ध रूपबाट काव्यको विकास भएको इतिहासलाई प्रस्तुत गरेको देखिन्छ ।

मूलत : पाश्चात्य काव्यमा अमूर्त चिन्तन, दिव्य सौन्दर्यता, रमणीयता, मानवीयता, भावात्मकअभिव्यक्ति, हार्दिकता, प्रकृति चित्रण, कोमलता, सरलता र सरसता आदिले काव्यको चमत्कार बढाएको पाइनछ । यति भन्दैमा काव्य विल्कुलै दोषरहित छ भन्न चाहिँ मिल्दैन । जटिल, सौन्दर्य क्लिष्टता, दुरूहता एवं शव्द संयोजनको कमजोरीले पनि काव्यलाई प्रभावकारिताको धरातलबाट अलग बनाएको पाइन्छ ।

### २.१.२. नेपाली चिन्तकका दृष्टिमा कविता :-

पूर्वीय र पाश्चात्य जगत्मा कविताका बारेमा चिन्तन गरिए झै नेपाली साहित्य जगत्मा पनि कविताको परिभाषा दिने क्रम देखा परेको पाइन्छ ।

---

१९ ऐजन पृ.सं. १३
२० ऐजन पृ.सं. १३
२१ ऐजन पृ.सं. १३
२२ ऐजन पृ.सं. १४
२३ ऐजन पृ.सं. १४

पूर्वीय र पाश्चात्य साहित्यिक मान्यता हरुलाई समेट्दै र केही मौलिक स्पर्श दिँदै नेपाली भाषामा कविता रचिएका र कविता सम्बन्धी चिन्तन पनि प्रस्तुत भएका छन् । कविताको परिभाषा गर्ने क्रममा विभिन्न नेपाली विद्वान्हरूले कविताको परिभाषा यसरी दिएका छन् :

**कवि व्यथित :-** तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काँठी कसी बिचारको लगाम पक्रेर भावुकतामा चढेको नै कविता हो ।[२४]

**कवि माधवप्रसाद घिमिरेः-** केही चिजलाई आफ्नो दृष्टिकोणमा जीवन र जगत्लाई हेरिआएको अमूर्त रुपलाई केही माध्यमद्वारा बाहिर प्रकट हुन्छ भने त्यो नै कविता हो ।[२५]

**रुद्रराज पाण्डे :-** साहित्य एक व्यक्तित्वको अभिव्यक्ति हो ।[२६]

**पण्डितराज सोमनाथ सग्दिेलः-** काव्य शैलीमा लेखिएको ग्रन्थ वा मनमा निस्किएका भावलाई सुन्दर, सुचारू ,रञ्जक भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो । सर्वसाधारण समेतलाई मुग्ध पार्ने अभिव्यक्ति पनि साहित्य हो ।[२७]

**बालकृष्ण समः-** कविता मानिसको अनुहार जस्तै हो ,हिसी कुनै कलात्मक शैल्पिक दक्षताको सिद्धान्तमा रहेको हुँदैन, कविता गणित होइन, न त दर्शन नै हो । यो त श्रङ्गार, बीर, करुण आदि रसको भाव प्रदर्शन हो ।[२८]

कविता मानव मनको भावुक अभिव्यक्ति हो । जसलाई सिर्जनशील व्यक्तित्वको जीवन र जगत्का परिवेशभन्दा माथिल्लो स्तरमा रहेर जन्माएको हुन्छ । विद्यमान सामाजिक विसङ्गति, पीडाबोध, दृश्य, प्रकृति, जीवन, दर्शन, राजनैतिक दर्शन, शैक्षिक परिवेश, साँस्कृतिक पर्यावरण, नैतिक उत्तर दायित्व, धार्मिक आस्था, विश्वास, आर्थिक असमानता, भौगोलिक परिवेश , दीन दुःखीहरूको विवशतापूर्ण जीवनयापनको क्रम एवं मानवीय मूल्य र

---

२४ ऐजन पृ.सं. १४
२५ ऐजन पृ.सं. १४
२६ ऐजन पृ.सं. १५
२७ ऐजन पृ.सं. १५
२८ ऐजन पृ.सं. १५

मान्यताले अभिप्रेरित हुँदै प्रतीकात्मक बिम्वात्मक र विविध आलङ्कारिक शव्दहरूको सुन्दर संयोजनमा कविले आफ्ना अन्तरमनका भावहरु प्रस्तुत गर्दछ । साहित्य समाजको दर्पण हो । विद्यमान सामाजिक आस्थालाई साहित्यकारले आफ्ना रचनाहरू मार्फत  समाजका अगाडि राखिदिन्छ । जसले गर्दा जनमानसमा अन्तर चेतनाको प्रवाह संचार हुन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने पूर्वीय परम्परामा कविले सत्यम्, शिवम् र सुन्दरम्को धारणालाई समेट्दै सिर्जनामुखी प्रक्रिया र भावको महत्वलाई जोड दिइएको पाइन्छ भने पाश्चात्य  काव्य सिद्धान्तमा कविताले अनुभूतिको सम्प्रेषण गरी मानवीय मनस्थितिलाई अँगाल्दै जीवनमुखी प्रवृत्ति समेटेको पाइन्छ । पूर्वीय र पाश्चात्य दुवै जगत्मा शब्द, अर्थ, शैली, भाव , रस, छन्द, लय, अनुभुति, माधुर्य, कल्पना आदिलाई काव्य तत्वहरूको रूपमा स्वीकारेको पाइन्छ । समग्रमा जबसम्म स्रष्टाले पाठकको हृदयलाई स्पर्श गर्न सक्दैन, तबसम्म ऊ सफल स्रष्टा बन्न सक्दैन ।

**२.१.३. कविताको सैद्धान्तिक स्वरूपः**

**२.१.४. कविताको साधारण सिद्धान्त :**

कविता विधा साहित्यका विविध विधाहरुमध्ये एक पुरानो विधा हो ।[२९] यसलाई मानव सभ्यताको इतिहास जतिकै पुरानो विधाको रुपमा स्वीकार गर्नुपर्ने देखिन्छ । "लेख्य कविताको उद्गमस्थल संसारकै  सर्वप्राचीन ग्रन्थ ऋगवेद हो ।"[३०] यसमा १० मण्डल १०५८०२५ ऋचा १५३८२६ शब्द र ४३२००० अक्षर छन् । यसमा प्रशस्त कवितात्मक सूत्रहरु फेला परेका छन् । तत्पश्चात् अन्य  वैदिक संहिताहरू जस्तै उपनिषद्, पुराण आदिमा कवितात्मक स्वरुपहरू देख्न सकिन्छ । यसरी मन्त्रद्रष्टा ऋषिहरूद्वारा श्रृतिपरम्परामा आएको मानिने बैद्धिक ऋचाहरूमा लयको न्यूनतम अनुशासन भित्र अधिकतम मुक्तताको खोजी छ । उष : सूक्त जस्तो केही प्रसङ्गहरूलाई छाडेर अन्य ठाउँमा ध्याान दिएर  हेर्नेहो भने वैदिक साहित्यमा कवितात्मक

२९ वासुदेव त्रिपाठी र अन्य (सं) नेपाली कविता भाग ४, चौ.सं.(ललितपुर, साझाप्रकाशन २०६०) पृ.सं.४

३० केशवप्रसाद उपाध्याय साहित्य प्रकाश छै.सं. (ललितपुर, सझा प्रकासन २०५९) पृ.सं.३७

प्रवाह त्यति तीव्र देखिँदैन । त्यसै कारणले बेदलाई काव्य नै नभनेर कविताको पूर्वरूप भन्नु पर्ने देखिन्छ । "पूर्वीय साहित्य जगत्मा सम्पूर्ण काव्य लक्षणले यूक्त लिखित ग्रन्थको रूपमा रामायण र महाभारतलाई लिन सकिन्छ।[३१] आर्षमहाकाव्य रामायण पूर्वीय साहित्यिक चिन्तनका जगत्मा पहिलो महाकाव्यमात्र नभएर संस्कृतकै सर्वोत्कृष्ट महाकाव्य पनि हो भन्न सकिन्छ ।[३२]

यसका रचयिता वाल्मीकिले आदि महाकविको सर्वोच्च सम्मान पाएका छन् ।[३३] त्यसैगरी महाभारतले पनि संसारकै उत्कृष्ट बृहत्काय महाकाव्य हुने सु-अवसर प्राप्त गरेको छ ।[३४] त्यसपछि कालिदास जस्ता महान् कविवाट संस्कृत कविताले सम्पूर्ण संसारभरि ख्याति कमाएकोछ ।

"पाश्चात्य जगत्मा पनि ललितकलाको विविध भेदहरुमध्येको एक शाखा साहित्यको श्रब्य एवं पद्यात्मक विधालाई कविता मानिएको छ ।[३५] यसरी पाश्चात्य काव्य परम्परामा पनि कविताको विकास लोकधाराबाट गाथाचक्रको रूपमा भएको पाइन्छ । त्यस जगत्मा पनि कैयौँ लोक प्रचलित काव्यहरू धेरै समयपछि मात्र लिपिबद्ध भएका देखिन्छन् । "होमर" का "इलियड र ओडिसी " महाकाव्यले पश्चिममा कविताको लिखित साध्य प्रस्तुत गरेका छन् । यसरी प्लेटो र अरस्तुदेखि नै पश्चिममा महाकाव्य चिन्तनको परम्परा शुरु भइसकेको इतिहास फेला पर्छ । तत्पश्चात् पाश्चात्य साहित्यिक चिन्तनका जगत्मा भर्जिल, गेटे, वर्डस्वर्थ, शेली, कीट्स आदि जस्ता सृजनशील व्यक्तित्वबाट पाश्चात्य साहित्यले फुल्ने र फल्ने सु-अवसर प्राप्त गरेको छ । यसरी पूर्व, पश्चिम , प्राचीन, अर्वाचीन आदि सवैलाई हेर्दा कविताका बारेमा खास तात्विकभेद देखिँदैन । अरस्तु र भामहले

---

३१ शारदाप्रसाद घिमिरे, विश्वका कविहरूको जीवनी, (काठमाडौं ने.रा.प्र.प्र.२०२६) पृ.सं. १३
३२ ऐजन पृ.सं. १
३३ ऐजन पृ.सं. १
३४ ऐजन पृ.सं. १३
३५ वासुदेव त्रिपाठी र अन्य (सं) पूर्ववत् पृ.सं.२

कविताको चिन्तनमा दिएको परिभाषाकै सेरोफेरोमा अद्यावधि कविता विधाको सिर्जना र यसको चिन्तन भइरहेको पाइन्छ । सौन्दर्यात्मक  प्रयोजनबाट सिर्जना हुने शाश्वत कविता विधाले नयाँ नयाँ रूप ग्रहण गर्दै आधुनिक समयमा पनि आफूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिरहेको भेटिन्छ ।

पूर्वीय र पाश्चात्य काव्य सिद्धान्तको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेर हेर्दा जीवनका विविध पक्षका विवेचनाहरूमध्ये एउटा सानो पक्षको रूपमा कविता विधालाई लिन सकिन्छ । यसरी हरेक काव्य कृतिहरूमा समाजको राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक, भौगोलिक, धार्मिक, साँस्कृतिकका साथै समसामयिक विविध गतिविधिहरूकोबारेमा जानकारी भएको पाइन्छ । उपरोक्त कारणले गर्दा कविता साहित्यको एक महत्वपूर्ण विधा भएकोले पूर्वीय र पाश्चात्य काव्यशास्त्रका विद्वान्हरूले कवितालाई जीवनमूलक बनाएका छन् । यसै क्रममा काव्यरचना र कविको प्रतिष्ठा कतिसम्म हुनुपऱ्यो भन्ने कुरा पनि त्यस समयका समीक्षकहरूले कवि र काव्य सम्वन्धी धारणाबाट स्पष्ट पारेका छन् ।

कवितालाई पूर्णरूपले समेट्ने यौटै परिभाषा कुनैपनि विद्वान्हरूबाट प्राप्त हुन सकेको छैन । विभिन्न युगका मानिसहरूका सामाजिक धारणाहरू समाजको गतिविधि, चिन्तन र विचारहरु एउटै मात्र नभएर देश, काल, परिस्थिति र समयनुकूल मान्छेका चिन्तन प्रक्रियाहरू पनि परिवर्तन भइरहने हुनाले समाजको स्वरूप पनि सधैं एकनासको नभएर समयानुकूल क्रमिक विकास हुँदै आएको पाइन्छ । त्यसैले कविताको परिभाषा गर्ने क्रममा वैचारिक मत भिन्नता देखा परेको छ ।

### २.१.५. कविताको विशेष स्वरूप :

कविता के हो र यो कस्तो हुनुपर्छ भन्ने सन्दर्भमा लेखनाथ पौड्यालले कविताको सन्दर्भलाई लिएर परिभाषा दिएका छन् । कोमल भावको माध्यमबाट नैतिक र आध्यात्मिक चेतना जगाई समाज सुधारको सन्देश दिनुलाई कविता भन्दछन् । त्यसैगरी पारसमणि प्रधानले शब्द थुपार्नुभन्दा भाव झल्काउनुलाई कविता मान्दछन् । त्यसैगरी मोहन कोइरालाले कलात्मक रूपमा माझिएको भाषाको प्रभाव पार्न सक्ने रूपमा कविता मानव

कल्याणको निम्ति हुनुपर्छ भनेका छन् । यसरी विविध बिद्वान्का दृष्टिमा कविता विविध प्रकारको देखिए तापनि कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य र महाकाव्यसम्मको रूपलाई ध्यानमा राख्दा कविताका घटक निम्न लिखित मुख्य पक्ष वा तत्व देखा पर्दछन् । जस्तै शीर्षक, संरचना, लय, विधान, भाषाशैली, कथन पद्धति, केन्द्रीय भावविधान , सन्दर्भगत तत्व, ब्यञ्जन, बिम्वविधान र अलङ्कार आदि । माथिका उक्त तत्वको वेग्लावेग्लै वर्णन तल यस प्रकारले गरिन्छ ।

### २.१.५.१. शीर्षक :

कुनै पनि विषयबस्तुकाबारेमा लेख्न थाल्नुभन्दा पहिले त्यसविषयवस्तुको शीर्षक चयन गर्नु आवश्यक कुरा हो । त्यसैले कविता तत्वको विविध अङ्गहरुमध्ये शीर्षक पनि एक महत्वपूर्ण अङ्गनै मानिन्छ । शीर्षक कविताका कृतिको नामाकारण मात्र नभइ कृतिका सारभुत भाव विचारको सूचक पनि हो । कविता संरचनाभित्र कल्पना, अभिव्यक्ति, भाव एवं विचारको समग्र शब्द चित्र नै शीर्षकले निर्धारण गरेको हुन पनि सक्छ र कविता लेखिसकेपछि शीर्षक निर्धारण गरेको पनि हुन सक्छ । पहिले नै शीर्षकको निर्धारण गरी लेखिएको कवितामा कृत्रिमता र यान्त्रिकता फेला पार्न सकिन्छ । कविताको शीर्षक सिँगै कविताको सार व्यक्त गर्ने खालको हुनुपर्छ । त्यसैले आवश्यकता अनुसार शीर्षक बिम्बात्मक र प्रतीकात्मक पनि हुनुपर्ने देखिन्छ । यदि कुनै कविताभित्र त्यसको अधुरो पक्ष फेला पर्छ भने औचित्यपूर्ण शीर्षकले कवितामा भएको कमजोरीलाई हटाइदिन सक्छ । यसरी कविताको शीर्षक चयन गर्दा सिंगै कविताको सारभूत तत्वलाई प्रतिबिम्बित हुनेगरी चयन गर्नुपर्ने देखिन्छ । यदि यसो नभए देखि कविता प्रभावकारिताको धरातलबाट पृथक रहने सम्भावना देखिन आउँछ । हुन त आजका कतिपय कविताहरु शीर्षक नभएका भेटिन्छन् । यस्ता कविताहरुको भाव, कथनपद्धति, प्रकृति आदि मुल्याङ्कन गरी उक्त कविताको प्रतिनिधित्व हुनेगरी शीर्षक चयन गनुपर्दछ । शीर्षक कविताको अति आवश्यक तत्व हो । शिर्षक बिनाको कविता लङ्गडो हुन्छ र अपूर्ण बन्दछ ।

### २.१.५.२. संरचना

कविताका विविध तत्वहरुमध्ये संरचना पनि अत्यन्त आवश्यक तत्व मानिन्छ । संरचनाका दुई पक्ष छन् । (अ) आन्तरिक संरचना (आ) बाह्य संरचना

#### २.१.५.२.१. आन्तरिक संरचना :

आन्तरिक संरचना भन्नाले कवितामा अंगालिएका कथन पद्धति आख्यानीकरण, नाटकीकरण, शुक्ष्मभाव र विचार पर्दछन् । विषेषगरी यिनीहरुमध्ये पुनरावृत्ति, संचयन, केन्द्रीय कथ्य, विचारको उठान, विकास, रागात्मक परिणति, द्वन्द्वात्मक समन्वय, खण्ड-खण्डको स्वतन्त्र, सहचार्य आदिलाई मुख्य मानिन्छ । यसरी भावको उठान, विस्तार, बैठान , सुसंगति, सु-संयोजित र ब्यञ्जाना क्रम, श्रृङ्खलाबद्ध गरेर प्रस्तुत गरी अन्तर अनुप्रासीयता र अन्तर सांगीतिक चक्रको क्रमिक विकास आन्तरिक संरचनाका तत्वहरु हुन् ।

#### २.१.५.२.२. बाह्य संरचना :

शीर्षकको सुन्दरता, उपयूक्त, चयन, पङ्क्तिविधान छन्द, लय, शब्दगत सु-संरचना, अनुप्रासयुक्तता, प्रतीक, बिम्ब, भाषशैली, पदावली, शैल्पिक सुन्दरता क्रमबद्धता, आलङ्कारिता, औचित्य मूलक प्रयोग, मूर्त अभिव्यक्ति, तरल अनुभूति, सजीवता, सशक्तता, सुकुमारता, सुललित, कोमलकान्त, पदावली, जटिलता, कठोरता आदि बाह्य संरचनाका विशेषता हुन् । प्रभावमय शैली र भावनाको क्रम वृत्तात्मक, चक्रात्मक, नागवेली, खण्डी, स्वतन्त्र र सहचार्यात्मक हुने देखिन्छ । कवितामा रुप र तत्वलाई गतिमय तुल्याई बाह्य र आन्तरिक संरचनाको स्वरूपलाई समावेश गरिएको भेटिन्छ ।

### २.१.५.३. लय :

लय कविताको एक महत्वपूर्ण तत्व हो । यसले श्रोताहरूलाई आकर्षण गर्दछ । कवितामा आन्तरिक र बाह्य गरी दुई पक्षहरु हुन्छन् ।

लघु, गुरू, मात्रा तथा गणको मिलान, ध्वनि-क्रमिकता, वर्णको आवृत्ति, साङ्गीतिक शब्दावलीको मीठास आदि यसका आन्तरिक पक्ष हुन् ।

छन्द वा लयको आधारमा कवितालाई पहिचान गर्न सकिन्छ । लय र छन्द विना कविता लेखिदैन । लयको न्यूनतम अनुशासनभित्र अधिकतम मुक्तताको खोजी गद्य कवितामा हुन्छ भने अत्याधिक अनुशासनभित्र न्यूनतम स्वतन्त्रताको खोजी पद्य कवितामा हुन्छ । यसरी कविता विधा साहित्यको लयात्मक र शौन्दर्यात्मक भेद हो ।

मनभित्र उठेका भावहरूलाई लयपूर्ण ढङ्गमा गाउने प्रवृत्तिले छन्दको उत्पत्ति भएको हो ।[३६] यसैले छन्द लयको अभिन्न सम्बन्ध छ । लय आन्तरिक भाषावेग हो भने त्यसलाई नियमबद्ध गराउने बाह्यरूप छन्द हो । यसरी छन्दलाई लयले नै गतिमान बनाउँछ । त्यसैले लयलाई छन्दको जीवन तत्व भनेपनि हुन्छ । मानव अभिव्यक्तिको इतिहाससँग छन्दको उत्पत्ति गाँसिएको छ ।

आदिकवि वाल्मीकिको प्रथम करुण अभिव्यक्त छन्द नै थियो । जस्तै
"मा निषाद प्रतिष्ठा त्वमगम शाश्वत्तीसम ।
यत्क्रौञ्चमिथुनादेकभवधीः काम मोहितम् ।"[३७]

यही छन्दोबद्ध रचनाबाट लौकिक साहित्यमा छन्दको सुरुवात भएको मानिएको छ । त्यसैगरी वेदहरू पनि छन्द मै लेखिएका छन् । छन्दलाई पद्यको पर्यायवाची मानिने हुनाले छन्दकाव्य भन्दा पद्य काव्य सम्झनु पर्छ । छन्द शब्दको व्युत्पत्ति अनुसार सँस्कृतमा "छन्दयति आह्लादयति इति छन्दः ।[३८] भनेर छन्दको परिभाषा दिएको पाइन्छ । यसरी छन्द शब्दले आनन्द दिने बस्तुलाई बुझाउँछ । जुन रचना स्वर र लयको आधारमा वर्ण र मात्राको निश्चित संख्या र विश्रामको नियमको नियमले नियमिति हुन्छ । त्यसलाई छन्द भनिन्छ । छन्दले वाणीलाई सम्मोहन बनाउँछ, यसको मोहिनी शक्तिले पाठक बढी आकृष्ट हुन्छ । दाँते कलरिज डा. जोन्सन , कार्लाइल, जे .एस. मिल, जि.एच, लेवि आदि विद्वान्हरूले छन्दको शसक्त

---

३६ पूर्ववत् पूर्वीय समालोचना सिद्धान्त पृ.सं. १२०
३७ पूर्ववत् पूर्वीय समालोचना सिद्धान्त पृ.सं. १२०
३८ पूर्ववत् पूर्वीय समालोचना सिद्धान्त पृ.सं. १२०

समर्थन गरेका छन् । यिनीहरूले छन्दलाई काव्यको अनिवार्य तत्व मानेका छन् ।

नेपाली वृहत शब्दकोशमा “यति, गति र लय मिलेको वर्ण मात्रा आदिको गणना अनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप नै छन्द हो” भनिएको छ । वृत्त या छन्दलाई ल्याटिन भाषामा “हवरसस” भनिन्छ । यसले हलोको सियाले जोतेको जमिनलाई संकेत गरेको छ । पूर्वीय र पाश्चात्य साहित्यिक चिन्तकहरूले कवितमा छन्दको न्यूनाधिक सत्तालाई स्वीकारेको पाइन्छ । पूर्वीय साहित्यमा छन्दको उचाई बढी चुलिएको पाइन्छ । जसलाई पाश्चात्य साहित्यले भेटाउन सकेको छैन । कविता विधामा हुने श्रुतिमधुर झङ्कार र सांगीतिक लहर साहित्यका अन्य विधाहरूमा पाइँदैन । गद्य कवितामा छन्दको अनुशासन अलि खुकुलो भए पछि आन्तरिक लयको उपस्थिति अनिवार्य हुन्छ । कवितामा सौन्दर्यको जादू भन्ने तत्व नै लय वा छन्द हो । लयकै कारणले कविता दुई चार पटक पढ्दैमा या सुन्दैमा जीवनभर कण्ठस्थ भइरहन्छ । संसारकै प्राचीन ग्रन्थ ऋग्वेदमा सस्वरवाचन प्रक्रियाबाट छन्द मौलाएको पाइन्छ । छन्दले रामायण हुँदै महाभारतमा आइपुग्दा प्रशस्त झ्याँगिने मौका पाएको छ ।

कालिदास, माघ, श्रीहर्ष जस्ता उत्तरवर्ती कविहरूमा आइपुग्दा छन्दले कविता विधामा आफ्नो अलौकिक सत्ता जमाई सकेको छ । बर्तमान परिप्रेक्ष्यमा पनि छन्द र लय आवश्यक तत्व मानिन्छन् र भोलिका दिनहरूमा पनि छन्दको आवश्यकता र लोकप्रियतालाई जनमानसले अस्वीकार नगर्ने कुरा विश्वास गरिन्छ ।

### २.१.५.४. भाषाशैली

शब्दको कोमलता, मधुरता, रागात्मकता सुललित पदावली आदि कविताको भाषाशैली अन्तर्गत पर्दछन् । कल्पना र अनुभूतिको चञ्चलभावतरङ्गलाई मिठास दिने काम नै भाषा शैलीले गर्दछ । भाषाको मितव्ययिता र सूक्ष्मतम अभिव्यक्तिले कविता विधामा थप गति प्रदान गर्दछ । भाषा शैली अन्तर्गत विविध प्रतीक, बिम्ब, उपमा, रूपक, दृष्टान्त

अलङ्कारहरू कलात्मक सौन्दर्य आदि पर्दछन् । कविताको भाषाशैली बिम्बात्मक प्रतीकात्मक लाक्षणिक र व्यङ्ग्यात्मक एवं लयात्मक हुन्छ ।

### २.१.५.५. **कथन पद्धति**

कविता मानवीय अनुभव जगत्को भाषिक एंव लयात्मक कथन पद्धति हो । कवितामा रहेका विविध तत्वहरुमध्ये कथनपद्धति पनि एक हो । कवितामा कविले आफू स्वयंलाई एउटा पात्रको रुपमा खडा गरी आफूले आफैलाई सम्बोधन गरेर नाटकीकरण गरिरहेको हुन्छ । कवितामा भाषिक कथन र लेखन भएकोले यसमा पनि श्रोता र वक्ताको उपस्थिति रहेको हुन्छ । यसका दुई पक्षहरुमध्ये कविप्रौढोक्ति र कविनिबद्ध वक्तृप्रौढोक्ति हुन् ।

### २.१.५.१. **कविप्रौढोक्ति :**

कवि स्वयं आफू पात्र बनेर दर्शक पाठक, श्रोता, भावक, आस्वादक, आदिलाई आफ्ना भावले सम्बोधन गर्दछ र कवि स्वयंले आफूलाई सम्बोधन गर्दछ भने त्यो कविप्रौढोक्ति हो । कविप्रौढोक्तिमा आत्मपरकताको कुराहरुलाई व्यक्त गरिएको हुन्छ । यसरी कवि स्वयंले आफैसँग सम्बोधन गरी आफ्नै भावनाका वा मनका कुराहरू अभिव्यक्त गरेर वार्तालाप गरिरहेको हुन्छ ।

### २.१.५.२. **कविनिबद्धवक्तृप्रौढौक्ति :**

कविनिबद्धवक्तृप्रौढोक्तिमा कविले आफ्नो अन्तरमनको भाव र अनुभूतिलाई कुनै पात्र खडा गरेर श्रोता वर्गलाई सम्बोधन गरी आफ्नो भाव अभिव्यक्त गरिएको हुन्छ । यसरी कविनिबद्धवक्तृप्रौढोक्ति विवाद, संवाद, द्वन्द्व आदि प्रस्तुतिद्वारा संयोजित पात्रहरुद्वारा नाटकीकरणको सम्भव देखिन्छ । यसरी कथयिताद्वारा संयोजित पात्रहरूबाट गरिएको कथन नै कविनिबद्धवक्तृप्रौढोक्ति हो । यसरी कविको अभिधा अर्थमा गरिएको नाटकीकृत कथनबाट कविता रचना गरिएको संरचना बाह्यदेखि आन्तरिक

तह सम्म पुगेको हुन्छ । प्रथम वा द्वितीय पुरुष शैलीको अभिव्यक्ति यसमा पाइन्छ ।

### २.१.५.६. केन्द्रीय भाव :

कविताको मूल तत्व नै भाव हो । जीवन जगत्को समग्र विषयवस्तु र मानव चेतनाको यावत् अनुभव पुञ्ज कवितामा नअटाउने होइन । मानवीय समाज संस्कृति, पुराकथा र इतिहास दर्शन र ज्ञान विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव व्यापारको कथन कवितामा हुन सक्छ । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो । कवितामा जीवनजगत्का विषयको कथन गरिए पनि त्यसको चुरो स्वरुप केन्द्रीय कथ्य चाहिँ कुनै भाव, विचार (सत्य, सत्यांश सत्याभास) नै हुन्छ । मानवीय अनुभवको श्रवण विशेष एक खास मनोदशा जीवनकै एक भाग, जीवनको समग्रता र जीवन दर्शनको विराट्ता अँगाल्दै कविताका उप विधाहरु कथ्य विषय वस्तु र भावविधानका आयामका दृष्टिले मुक्तकदेखि आर्षमहाकाव्यसम्म उत्तरोत्तर विस्तारित हुँदै जाने कुरा पनि स्मरणीय छ । यसरी मानवीय अनुभवको मनोदशा, जीवनको समग्रतालाई नागवेली बनाई सूक्ष्म विचारले सृजित रुप नै केन्द्रीय भाव हो भन्न सकिन्छ ।

### २.१.५.७. सन्दर्भगत तत्व :-

कवितामा सन्दर्भगत तत्वभन्नाले कविताको श्रोत सामग्री हरुलाई जनाउँछ । कविले कविताको श्रोत सामग्रीहरु एउटै बस्तुबाट मात्र नलिई विविध विषयबस्तुबाट जम्मा गर्ने गर्दछ । जीवन जगत्का विविध पक्षहरुको अवलोकन गर्दै त्यसबाट कवि आफू विशेष रुपले प्रभावित भई प्रकृति, जीवनजगत्, संस्कृति, ज्ञान, विज्ञान, इतिहास, दर्शन, राजनीति, समाज, मानोविज्ञान, पुराण आदि शास्त्रहरू कविका सर्न्दभगत तत्वहरु हुन् । उपरोक्त विविध विषयवस्तुहरुलाई केन्द्र बनाई काल्पनिक जगत्मा उडेर नौनीलाई आगोमा पगाले झै पगाली कलात्मक ढङ्गबाट बिम्ब, रुपक, प्रतीक आदिको प्रयोग गर्दै भाव अभिव्यक्ति गर्नु नै कविताको रचना गर्नु हो भन्नुपर्ने देखिन्छ । यसरी कविताका बाह्य र आन्तरीक सामग्रीहरु पनि सन्दर्भगत तत्व नै हुन् भन्न सकिन्छ ।

### २.१.५.८. व्यञ्जना :

कविताका विविध तत्वहरुमध्ये सवैभन्दा सशक्त र महत्पपूर्ण तत्वको रुपमा व्यञ्जनालाई लिनुपर्ने देखिन्छ । कविताका आन्तरिक र बाह्य दुई पक्षहरुमध्ये व्यञ्जनाले आन्तरिक पक्षको भूमिका निर्वाह गरेको पाइन्छ । शब्द र अर्थ दुबैको कारणले कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत, अकथित, सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो व्यञ्जना हो । कविता कृतिमा यो व्यञ्जना स्थानीय वा पूरै कृतिभरि व्याप्त पनि हुन सक्छ । प्रत्यक्षभन्दा अप्रत्यक्ष भावको वक्रोक्तिमय ढङ्गले वा भावार्थ र वाच्यार्थ भन्दा व्यङ्ग्यार्थलाई कलात्मक वा चमत्कारीपूर्ण ढङ्गबाट अप्रस्तुत, प्रशंसा, अतिशयोक्ति जस्ता अलङ्कार आदिले अतिरञ्जित भई चाहिँदो भन्दा बढी बढाइ-चढाइ गरेर अति व्यङ्ग्यात्मक प्रस्तुति कथनको प्रतीक नै व्यञ्जना हुन आउँछ । अतिशयोक्ति र अप्रस्तुत भावको प्रतीक नै व्यञ्जनाको सबैभन्दा महत्वपूर्ण तत्व हो भन्नु पर्दछ । जे होस् व्यञ्जना कविताको एउटा आवश्यक र महत्वपूर्ण तत्व हो । यसमा रुपक, बिम्ब , शब्द, प्रतीक आदिको संयोजन हुन्छ ।


### २.१.५.९. बिम्बविधान र अलङ्कार :

कविता सूत्रात्मक र बिम्बात्मक अभिव्यक्ति भएकोले कवितामा बिम्बविधान र अलङ्ारको उच्च स्थान रहेको पाइन्छ । कविता एउटा विशिष्ट र आलङ्कारिक शैलीको अभिव्यक्ति भएकाले कविता तत्व अन्तर्गत बिम्बविधान र अलङ्कारको अपरिहार्यतालाई पन्छाउँन सकिँदैन । कविताको भाषा शिष्ट प्रकारको हुने हुँदा कवितामा विविध बिम्बहरुको प्रयोग गरिएको पाइन्छ । कविता एउता विशिष्ट र आलङ्कारिक शैलीको अभिव्यक्ति भएकाले कविता तत्व अन्तर्गत बिम्ब विधान र अलङ्कारको अपरिहार्यतालाई पान्छाउन सकिँदैन । कविताको भाषा शिष्ट प्रकारको हुने हुँदा कवितामा विविध बिम्बहरुको प्रयोग गरिएको पाइन्छ । यसै परिप्रेक्ष्यमा चिनियाँ कवि आए छिङ भन्दछन् “कविले बिम्बमा सोच्नु र बोल्नु पर्दछ ।” उनले बिम्बको महत्व र गरिमालाई बढाएको पाइन्छ । यसका अतिरिक्त कविताको महत्वपूर्ण गहनाको रुपमा अलङ्कारलाई लिनु पर्ने देखिन्छ ।

विविध शब्दालङ्कार र अर्थालङ्कारबाट कवितालाई सजीवता र सशक्तता प्रदान गर्न सकिन्छ । उपमा अप्रस्तुत प्रशंसा, अतिशयोक्ति, बक्रोक्ति आदि जस्ता अलङ्कारले पनि कवितालाई बढी चमत्कार पूर्ण बनाई अतिरञ्जना प्रदान गरेको पाइन्छ । यसरी बिम्ब र अलङ्कारले कवितालई बढी गहन र अर्थपूर्ण बनाएको पाइन्छ ।

### २.१.६. कविताको विधागत स्वरुप :

कविताको विधागत स्वरुप भन्नाले कविताको विविध रुप, आकार आयाम आदि पक्षलई जनाउँछ । कविताका रुप, आकार आयाम एकै प्रकारका नभएका अलग-अलग प्रकारका हुन्छन् । कविता विधाको आफ्नै वाह्य तथा आन्तरिक ढाँचा र रुप संरचना हुन्छ । मुक्तकदेखि आर्ष वा विकासशील महाकाव्यसम्म कविताका आफ्नै ढाँचा र स्वरुप हुन्छन् । यस परिप्रेक्ष्यमा विचार गर्दा मुक्तकमा लघुतम् संरचना सानो कथ्य एक लयात्मक ढाँचामा नै प्रस्फुटित भइदिन्छ भने फुटकर कवितामा कथाको आयामको साथै कथन, काल र संरचना संगठनको अपेक्षा पनि वढ्न थाल्छ । यसरी कविताको विधागत स्वरुपलाई केलाएर हेर्दा कविताका निम्न स्वरुप फेला पर्छन् । लघुत्तम्, मध्यम र बृहत् एवं वृहत्तर वा बृहत्तम् । कविताको विधागत स्वरुपालई तालिकाद्धारा निम्न रुपमा प्रस्तुत गर्न सकिन्छ । जस्तै :-




### २.१.६.१. लघुतम् :

ज्यादै छोटा कवितालाई लघुतम कविता भनिन्छ । एउटै दृश्य वा बिजुली चम्काइको संज्ञा यसलाई दिएको पाइन्छ । लघुतम् कविता वर्ग

अन्तर्गत गीत, शायरी, मुक्तक, स्तुति, लोकसूक्ति, द्विपदी, त्रिपदी वा चतुष्पदी आकृतिका वैदिक ऋचा, उखान, दोहा चौपाया जापानी तीन हरफे हाइकू आदि पर्दन् । यसरी जीवनजगत्का अनुभूतिलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट व्यक्त गर्ने क्रममा लयात्मकता अँगालिँदा प्रकट हुने कविता विधाको स्वयंमा पूर्ण रहने लघुतम् एकाई वा श्रेणीलाई नै मुख्यत लघुतम् कविता रुप भनिन्छ ।

### २.१.६.२. लघु

लघुतम् कविताभन्दा केही लामा कवितालाई कविताको लघु रुप भनिन्छ । कविताको लघुरुप अन्तर्गत फुटकर कविता आउँछ । यसमा गीत, शायरी, गजल, ओड, स्तोस्त्र छोटो कविता आदि पर्दछन् ।[३९] यस प्रकारका कवितामा अनुभूतिको एक प्रवाह रहेको पाइन्छ । एउटै बसाइमा एउटै सासले पाठ गरेर सकिने र यौटै श्रृङ्खलामा व्यक्त हुने लघु कविता प्रायः जसो एउटै अनुच्छेदमा पाइन्छ । यसरी जीवनका एकै घडीको व्यक्त अनुभूतिलाई पाठकवर्गसम्म पुऱ्याउने शक्ति लघु कवितामा पाइन्छ । औद्योगिक क्रान्ति पश्चात् पश्चिमी मुलुकमा आएको छापाखाना तथा पत्रिकासँग कविताको घनिष्ट सम्बन्ध स्थापित भएपछि नै फुटकर कविताको यात्रालाई क्रमशः बढी प्रभावित गर्दै आएको पाइन्छ ।[४०]

### २.१.६.३. मध्यमः

लघु कविताभन्दा लामा र बृहत् कविताभन्दा छोटा कवितालाई कविताको मध्यम रुपको संज्ञा दिइएको पाइन्छ । यसरी कविता विधाको लघुरुप फुटकर कविता र बृहत्रुप महाकाव्यको बीचमा रहने मध्यवर्ती रुपका निम्ति विविध संज्ञा उपलब्ध भएपनि यसको सर्वाधिक प्रचलित संज्ञा खण्ड काव्य हो ।[४१] यही मध्यवर्ती स्थितिका कारणले यसलाई कविता विधाको मध्यम वा मझौला रुप भन्ने गरिन्छ । यस अन्तर्गत खण्डकाव्य,

---

३९ पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ४४
४० पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ४६
४१ पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ५२

कोशकाव्य, गाथा स्तोत्र, लामा कविता आदि पर्दछन् । मोहन कोइरालाका केही लामा कविताहरू यस अन्तर्गत पर्दछन् । यसरी कविताको मध्यम रुप जीवन दर्शनको एउटै पक्षको अभिव्यक्त गरी महाकाव्यको सानो रुपमा विकसित भएको इतिहास फेला पर्छ ।

### २.१.६.४. बृहत्

कविताको बृहत्रुप भन्नाले महाकाव्यलाई बुझाउँछ ।[४२] महाकाव्यमा मानव जीवनको विराट चरित्र चित्रण गरी सिङ्गै मानव जीवनका आरोह-अवरोह एवं जीवन दर्शनका उतार चढावहरूलाई विस्तृत विवेचना गरिएको हुन्छ । मानव जीवनका सवल र दुर्वल पक्षको व्याख्या एवं विश्लेषण महाकाव्यमा गरिएको पाइन्छ । यसरी काव्यको सबैभन्दा विकसित रुप नै महाकाव्य हो ।[४३] महाकाव्यमा जीवन जगत्का विविध विषयहरूमा विस्तृत व्याख्या गरिएको हुन्छ । महाकाव्यमा आख्यानिकीकरण, संरचना, आकार, विपुलता, सुसङ्गठितता र सशक्त संरचना आदि फेला पर्छन् ।

### २.१.६.५. बृहत्तर/बृहत्तम्

बृहत्तर तथा बृहत्तम् दुबैको रुपको समष्टि संज्ञा हो महाकाव्य । संस्कृत काव्य परम्परामा सामान्य र आर्षमहाकाव्य गरी दुई थरी महाकाव्य पारिभाषिकस्तरमा स्वीकारिकएका छन् । पाश्चात्य जगत्मा ललित र विकसित महाकाव्यका पारिभाषिकस्तरमा छन् । आर्षमहाकाव्य “रामायण” र “महाभारत” जस्ता स्रोत ग्रन्थहरू विश्वब्रह्माण्डका विविध पक्षहरूको विवेचना भएको उपजीव्य काव्यग्रन्थ नै बृहत्तर एवं बृहत्तम् काव्य हुन् । चौबीस हजार श्लोक भएको “रामायण” महाकाव्यले कविताको बृहत्तर रुपको प्रतिनिधित्व गर्दछ ।[४४] त्यसपछिको दोस्रो महाकाव्य महर्षि व्यासको

---

४२ पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ७८
४३ पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ७८
४४ ऐजन पृ.सं. ६४

लगभग एकलाख श्लोकको “महाभारत” हो ।[४५] अनेक देवगाथा, वीरगाथा र ऋषिगाथाहरूको उपयोग गरी रचिएको “महाभारत” लाई बृहत्तम् कविताको स्वरुप मान्नुपर्ने देखिन्छ ।

पाश्चात्य कविता परम्परा क्रमशः प्राचीन ग्रीस र रोमबाट प्रारम्भ गरिएको छ । इशापूर्व आठौँदेखि पन्ध्रौं शताब्दी बीचको समयका आदिकवि 'होमर' (होमेरस) का “इलियड” र “ओडेसी” महाकाव्य नै पाश्चात्य कविता परम्पराका प्राचीनतम् सामग्री मानिन्छन् ।[४६] यसरी पूर्वीय साहित्य जगत्मा उपलब्ध “रामायण” र “महाभारत” तथा पाश्चात्य जगत्मा उपलब्ध “इलियड” र “ओडेसी” महाकाव्य बृहत्तर/बृहत्तम् कविता स्वरुपका नमूना हुन् भन्नुपर्ने देखिन्छ ।

## २.१.७. नेपाली कविताको विकासक्रम

नेपाली कविताको विकासक्रम कहिलेदेखि भयो भन्ने कुरा जान्नुभन्दा अगाडि नेपाली भाषाको इतिहासलाई थाहा पाउनु पर्ने देखिन्छ । साहित्यिक अभिव्यक्तिको माध्यम भनेको नै भाषा हो । जबसम्म कुनै पनि भाषाको इतिहासलाई पत्ता लगाउन सकिदैन तबसम्म त्यस भाषामा लिखित विविध साहित्यिक अभिव्यक्तिलाई पनि विश्लेषण गर्न सकिदैन । अतः नेपाली भाषाको उद्भव र विकासको प्रकृयालाई खोज्दै जाँदा नेपाली भाषाको लेखन परम्पराको सर्वप्राचीन सामग्रीलाई फेला पार्नु पर्ने देखिन्छ । यसक्रममा अगाडि बढ्दै जाँदा दामुपालको अति संक्षिप्त दुल्लु अभिलेख (वि.सं. १०३८) फेला पर्न आएको छ ।[४७] यसै आधारमा नेपाली भाषाको लेखन परम्परा विक्रमको एघारौं शताब्दीमै थालिएको पाइन्छ ।

भारोपेली परिवारको आर्यइरानेली शाखा अन्तर्गत संस्कृत, प्राकृत र अपभ्रंश भाषाहरूको क्रमिक अन्तर्विकासको श्रृङ्खला हुँदै मोटामोटी रुपमा विक्रमको एघारौं शताब्दीतिर भारतीय अन्य नव्य आर्यभाषा सरह नेपाली

---

४५ ऐजन पृ.सं. ६४
४६ पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ६८
४७ ऐजन पृ.सं. ९७

भाषाको पनि उद्भव भएको देखिन्छ ।[४८] नेपाली कविताको पुरानो श्रोत वा इतिहासलाई खोज्दै जाँदा लोकगीत, लोकगाथासम्म पुग्नुपर्ने देखिन्छ ।

अधिकांश संसारका भाषा र साहित्यको विकास मौखिक र श्रृति परम्पराबाट नै थालिइ लिखित र शिष्ट परम्परामा पुगेको पाइन्छ । यही प्रकृयालाई नेपाली भषा र साहित्यले पनि आत्मसात् गरेको इतिहास भेटिन्छ । विक्रमको एघारौँ शताब्दीदेखि लोकधाराबाट मौखिक रुपमा आरम्भ गरिएको साहित्यिक परम्परा उन्नाईसौँ शताब्दीमा शिष्ट र लिखित कविताको रुपमा परिणत भयो । नेपाली लेख्य वाङ्मय परम्पराको सबभन्दा पुरानो साक्ष्य “भास्वती” टीका “अनुमानित समय वि.सं. १४५७” ले प्रदान गरेको छ ।[४९] यति हुँदाहुँदै पनि नेपाली लोक साहित्यको मौखिक गीति परम्परा डोटी र कर्णाली भेगमा पन्ध्रौँ शताब्दीदेखि गाइँदै आएको पाइन्छ । यसरी नेपाली भाषाको केन्द्रीय थलोको रुपमा कर्णाली प्रान्त र डोटी प्रान्तलाई लिनुपर्ने देखिन्छ । त्यस भेगमा गाइने देवगाथा, वीरगाथा साथै अन्य संस्कार गीत आदिले लोक कविताको पूर्व सामग्रीहरूको काम गरेका छन् । त्यस भेगमा गाइने फाग, सगुन, पडेली, चाँचडी, चैत, मैनी आदि उल्लेखनीय गीति कविताका मूल श्रोत हुन् भन्न सकिन्छ ।

यसरी नेपाली भाषाको क्रमिक विकास एवं विस्तार पश्चिमी कर्णाली प्रान्तबाट पूर्वी नेपाल, सिक्किम, भुटान, दार्जिलिङ, भारत, बर्मा आदि मुलुकहरूमा अन्तर्राष्ट्रिय भाषाको रुपमा हुँदै आएको पाइन्छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुभन्दा पहिलेनै पूर्वी नेपाली भाषिकाका क्षेत्रमा माहल, कर्खा, चाँचरी, सवाई, संगिनी, चुट्का, फाग, बालुन, बालगीत आदि कविता परम्पराको थालनी भएको देखिन्छ । यसक्रममा नेपाली कविता परम्पराको लेख्य वा शिष्ट रुप उन्नाईसौँ शताब्दीमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नवनेपाल निर्माणको वीरतापूर्ण विजय अभियानसँगै थालिएको पाइन्छ । वि.सं. १८२६ तिरको पृथ्वीनारायण शाहको वीरतालाई झल्काएर लेखिएको

४८ ऐजन पृ.सं. ९७
४९ पूर्ववत् नेपाली कविता भाग ४ पृ.सं. ९७

कविता नेपाली कविताको लेख्यस्तरमा प्रथम कविता मानिएको छ । यसका कवि सुवानन्ददास थिए ।

नेपाली कविताको विकास प्रकृयाको स्वरुपलाई ठम्याउने क्रममा मूलतः ध्यान दिनुपर्ने आधारभूत जानकारीहरू यिनै हुन् । यसै परिप्रेक्ष्यमा नेपाली कविताको विकास यात्रालाई सर्वप्रथम दुई भागमा बाँड्नु पर्ने देखिन्छ । विक्रमको १९ औं शताब्दीमा नेपाली कविताको लेख्य परम्परा थालिनुभन्दा अघिको विक्रमीय एघारौँदेखि अठारौँ शताब्दीसम्मको समयावधि नेपाली कविताको विकास यात्रामा लेख्य कविता परम्पराको पूर्वाधार वा पूर्वपीठिका हो भन्नुपर्ने देखिन्छ ।[५०] यसलाई लोकधारा वा मौखिक धाराको रुपमा पनि चिन्न सकिन्छ । विक्रमको एघारौँदेखि चौधौँ शताब्दीसम्मका लेख्य सामग्रीहरू फेला पार्न नसके तापनि पन्ध्रौँ शताब्दीदेखि पछिका कतिपय पुराना कविताहरू भने सङ्कलन भएकाले विक्रमीय एघारौँदेखि चौधौँ शताब्दीसम्मको समयावधिलाई पृष्ठभूमिको पनि पूर्वार्धकाल मान्नुपर्ने देखिन्छ ।[५१] त्यसपछिको पन्ध्रौँ शताब्दीदेखि अठारौँ शताब्दीसम्मको समयावधि (पन्ध्रौँदेखि सत्रौँ शताब्दीका) बीचमा कर्णाली र डोटी भेगका पश्चिम र केन्द्रीय नेपाली भाषिकामा नै कवितात्मक लोक सामग्रीहरू फेला परेका छन् । अठारौँ शताब्दीतिर र त्यो भन्दा पछिका क्षेत्रमा पनि फेला पर्ने गरेको पाइएको छ । यो लोकधारा आजसम्म पनि निरन्तर रुपले चलिनै रहेको छ ।

शिष्ट वा लेख्य नेपाली कवितायात्रा उन्नाईसौँ शताब्दीको दोस्रो चरणदेखि वर्तमानसम्म लगभग सवा दुईसय वर्ष जतिको हुन आएको मानिन्छ । यसरी नेपाली कविताको पृष्ठभूमिकाल विक्रमको एघारौँ शताब्दीसम्मको समयावधि हो । यही समायवधिलाई आधार मानेर वर्तमान विन्दुसम्ममा नेपाली भाषामा कविता निरन्तर रुपले लेखिदै आएको पाइन्छ ।

---

५० ऐजन पृ.सं. ९७
५१ ऐजन पृ.सं. ९९

### २.१.७.१. काल विभाजन

नेपाली भाषामा चरणबद्ध तरिकाले नेपाली कविताको विकास भएको पाइन्छ । साहित्यिक काल विभाजन मूलतः ऐतिहासिक चेतनाबाट अनुप्राणित अवधारणा हो । कुनै पनि विभाज्य समयावधिलाई तीन कालमा विभाजन गरी हेर्ने परम्परा इतिहाससम्मत प्रचलन मानिन्छ ।यस परिप्रेक्ष्यमा इतिहास सम्मत काल विभाजनको अवधारणा अनुरुप शिष्ट वा लेख्य नेपाली कविताको वि.स.१८२६ देखि २०६६ (वर्तमान विन्दु) सम्मको लगभग २४० वर्षको कविता यात्राको क्रमलाई प्राथमिक, माध्यामिक र आधुनिक गरी तीन कालखण्डमा विभाजन गरेर हेर्न सकिन्छ । काल विभाजनको क्रममा विद्वान्हरु बीच केही मत-मतान्तरहरु फेला परे ता पनि मूलतः नेपाली कविता लेखनको यात्रा तीनकालमा विभक्त गरिएको छ ।

क) प्राथमिक काल (वि.स.१८२६देखि १९४०)

ख) माध्यमिक काल (वि.स.१९४१देखि १९७४)

ग) आधुनिक काल (वि.स.१९७५देखि हाल सम्म)

### २.१.७.१.१. प्राथमिक काल (वि.सं.१८२६ देखि १९४०):

उन्नाइसौं शताब्दीको प्रथम चरणदेखि शिष्ट लेख्य नेपाली कविता परम्पराको थालनी भएको मानिन्छ । यस कालका मुख्य नेपाली कविता जगत्का प्रेरक परिवेशका रुपमा पृथ्वीनारायण शाहको वीरतापूर्ण नेपाल एकीकरणको अभियान,इतिहास प्रसिद्ध नेपाल अंग्रेजयुद्ध एवं सुगौली सन्धी (वि.स.१८७२-७३) जङ्गबहादुर राणाको अभ्युत्थान र वि.सं.१९०३ को कोतपर्वलाई लिनुपर्ने देखिन्छ । यस कालले मौलिक लोकधाराको इतिहासलाई थालनी गरेको पाइन्छ । वि.स.१८२६ मा सुवानन्द दासले लेखेको पृथ्वीनारायण शाह सम्वन्धी वीर वन्दनाको कविता यस कालको मूल उपलब्धि मानिन्छ । सुवानन्द दास यस कालका केन्द्रीय प्रतिभा मानिन्छन् । सुवानन्दपछि शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधा बल्लभ, सुन्दरानन्द बाँडा आदि कविहरु आउछन् । नेपाल राष्ट्रको नव निर्माण र वीरताको उन्मेष तथा विस्तारतर्फको कालले निकै महत्वपूर्ण

भूमिका खेलेको इतिहास भेटिन्छ । यस कालको पूर्व पृष्ठभूमिमा लोकधारा अन्तर्गत वीरगीत, देवगीत, लोककविता, गीतगाथा, नाट्यगाथा आदि देखा पर्दछन् । नेपाली कविताको प्राथमिक काललाई पनि दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

क) पूर्वार्धकाल ( १८२६ देखि १८७२)

ख) उत्तरार्ध काल(१८७३ देखि १९४०)

#### २.१.७.१.१.१. वीरधारा

नेपाली कविताको प्राथमिक काललाई मोटामोटी रुपमा दुई भागमा बाँड्न सकिन्छ । यो पूर्वार्ध वा पूर्व प्राथमिक काललाई मूलतः वीरधाराको रुपमा चिनिन्छ । नेपाली भाषाको लिखित काव्य वीरबन्दनाबाट सुरु भएको छ भन्ने कुरा हालसम्मको अनुसन्धानले प्रमाणित गरिसकेको छ ।विश्व साहित्यकै ऐतिहासिक पृष्ठभूमिलाई पल्टाउँदा प्रायः सवैजसो कविताको इतिहास वीरगाथा बाटै थालिएको पाइन्छ । आफ्नो स्वाभिमान र राष्ट्रको संरक्षणको खातिर उत्साही भावहरू बोकी युद्ध र संघर्षको वीरतामय उद्गार व्यक्त गरिएको काव्यनै वीर काव्य हो । यस कालका कविहरुले यही उत्साही भाव बोकेर कविताको रचना गरेको पाइन्छ । वीरधाराका यस कालका कविहरुमध्ये सुवानन्ददास, शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल यदुनाथ पोखेल, गुमानी सुन्दरानन्द बाँडा आदि देखापर्छन् ।

#### २.१.७.१.१.२. भक्तिधारा :

नेपाली कविताको इतिहासमा वि.सं.१८७३-१९४० सम्मको समयावधिलाई नेपाली कविताको प्राथमिक कालको उत्तरार्धकाल भनेर चिनिन्छ । यसलाई उत्तर प्राथमिक काल भनेर पनि जान्न सकिन्छ । यो काल भक्तिधारका रुपमा चिनिने गर्दछ । यस कालका कविहरुले भक्तिमार्गलाई अँगालेको इतिहास पाइएको छ । भक्ति धारालाई अर्को शब्दमा धार्मिक तथा आद्यात्मिक धारा पनि भन्न सकिन्छ । यस धारामा पण्डित, पौराणिक कविहरु तथा जोगी सन्त कवि प्रतिभाहरुको विशेष योगदान रही आएको देखिन्छ । भक्तिधारामा अनुवाद तथा रुपान्तरणको

प्रवृत्ति विशेष रुपमा देखा परेकोछ । नेपाली कविता परम्परामा धार्मिक कविताहरुलाई नै भक्ति कविता भनिन्छ । यस धाराको विकासको चर्चा गर्दा विद्वानहरुमा विविध मत मतान्तहरु देखा परेका छन् । केहीले हिन्दी भक्ति काव्यको प्रभाव परेको प्रसङ्ग उल्लेख गरेका छन् भने आन्तरिक राष्ट्रिय परिस्थितिको कारण पनि औँल्याएका छन् । वि.सं.१८७२-७३ को सुगौली सन्धिको नैराश्यजनक परिस्थितिले गर्दा पनि कविहरु भक्ति मार्गतर्फ लागेका हुन् भन्ने कुरा स्वाभाविक रुपले अनुमान गर्न सकिने विषयवस्तु हो । भक्ति धाराका मुख्य कविहरुमध्ये वसन्त शर्मा, यदुनाथ पोखेल, रघुनाथ पोखेल, भानुभक्त आचार्य, ज्ञानदिलदास, पतन्जली गजुरेल आदिको नाम प्रमुख मानिन्छ । भक्तिधारालाई पनि निम्न उपधारामा विभाजन गर्रिएको छ ।

क) सगुण भक्तिाधारा

ख) निर्गुण भक्तिधारा

सगुण भक्तिधारा पनि दुई भागमा विभक्त छ ।

अ) कृष्णभक्ति धारा

आ) रामभक्ति धारा

### २.१.७.१.१.२.१. कृष्णभक्तिा धाराः

नेपाली भक्ति काव्य परम्परामा कृष्णभक्ति उपधारा पनि महत्वपूर्ण मानिन्छ । कृष्णभक्ति उपधारा गोपी गीतका क्रममा श्रृङ्गार मुलक कृष्णभक्ति तर्फ झुकेको छ ।[५२] यस उपधाराका मुख्य कविहरु इन्दिरस, विद्यारव्यकेशरी, वसन्त शर्मा यदुनाथ पोखरेल, हीन व्याकरणीय विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल आदि हुन् । यस उपधाराका केन्द्रीय कविका रुपमा वसन्त शर्मालाई मानिन्छ ।

### २.१.७.१.१.२.२. राम भक्तिधारा

नेपाली कविता जगत्मा कृष्णभक्ति धारापछि धार्मिक, आध्यामिक धारामा रामभक्तिधारा देखिन्छ । यस धाराका कविहरुले उच्चमानवीय गुणहरुको प्रदर्शन गरी रामायण महाकाव्यको रचना गरेको पाइन्छ । यस

---

५२ वासुदेव त्रिपाठी र अन्य (सं.) पूर्ववत् पृ.सं. १०६

धारमा रामचन्द्रको उच्च आदर्श जीवन पद्धत्तिको बोध गराई धार्मिक सुधारको सन्देश दिएको पाइन्छ । भानुभक्त आचार्य यस धाराका केन्द्रीय प्रतिभा हुन् । अन्य कविहरुमा रघुनाथ पोखऱ्याल, पतञ्जली जगुऱ्याल हरिदास आदि देखापर्दन् ।

### २.१.७.१.१.२.३. निर्गुण भक्तिधारा :

यस धारालाई सन्त जोसमनी धाराका रुपमा चिन्न सकिन्छ । यसमा साधुक्कडी भाषाको प्रचुर प्रभाव भएतापनि सन्त कवि ज्ञान दिलदासले ठेट नेपाली भाषामा आफूलाई चिनाएका छन् । साधुक्कडी निर्गुणधाराले भजन लहरी, लोककाव्यको प्रस्तुति गर्नुका साथै यसले छन्दको ढाँचा र वर्णमात्रिक चन्दलाई आगालेको छ ।[५३] सन्तहरुको वाह्य निगुर्ण भएपनि भक्तिभाव जगाएर ज्ञान उत्पन्न गरी मानवताको हित गर्नु तथा मुक्ति वा स्वर्गप्राप्तिको कामना गर्नु नै यिनीहरुको मूलभूत लक्ष्य हुन्छ । यिनीहरुले भक्ति भावलाई मान्दछन् तर भक्तिका नाममा ठगीको विरोध गर्दछन् । निर्गुण आध्यात्मिक धाराका कवि, शशिधर स्वामी, गोविन्ददास वसन्त शर्मा, भानुभक्त आचार्य, ज्ञानदिलदास आदि हुन् । यस उपधाराका कविमा उदय लहरीका लेखक ज्ञानदिलदास प्रमुख मानिन्छन् ।

### २.१.७.१.२. माध्यमिक काल (वि.सं.१९४१-७४)

नेपाली कविताको विकासयात्रामा माध्यामिक काल भन्नाले मोटामोटी रुपमा वि.सं.१९४२-७१ का बीचको लगभग साढे तीन दशकको समयावधिलाई जनाउँद ।[५४] प्राथमिक कालको लेखोटको युग पार गरी छापाखानाको प्रवेशले नै यो काल वढी चर्चित छ । मुद्रण र श्रृङ्गारिकता नै यस कालका मुख्य प्रवृत्तिगत विशेषताहरु मानिन्छन् ।[५५] पुरानो नेपाली कविता/आधुनिक नेपाली कविताको संङ्क्रान्ति कालको रुपमा नै यो माध्यमिक काललाई लिनुपर्ने देखिन्छ । अनुवाद र रुपान्तरणको प्रवृत्ति कम

---

५३ ऐजन पृ.सं. १०६
५४ ऐजन पृ.सं. १०९
५५ ऐजन पृ.सं. १०९

भई मौलिक रचनातर्फ उन्मुख रहनु यस कालको मलभूत उपलब्धि हो । माध्यमिक कालको नेपाली कविताको परिचयायक केन्द्रीय प्रवृत्ति कम भई मौलिक रचनातर्फ उन्मुख रहनु यस कालको मुलभूत उपलब्धी हो । माध्यमिक कालको नोपली कविताको परिचायक केन्द्रीय प्रवृत्ति श्रृङ्गारिक भावधारा हो । सँस्कृत कविताको सौन्दर्य र शिल्प प्रविधिप्रति नेपाली कविहरुको रुचि वढ्न पुग्नु निश्चयनै यस कालको एक उल्लेख्य कवितात्मक अभिलक्षण हो । यस कालमा पनि पष्ठभूमिकालीन लोकधारा सवाई, लहरी आदिका माधयमबाट सञ्चालित छ भने खास गरी लहरी काव्यले श्रृङ्गारिक धारालाई यसका उत्तरार्धमा निकै उद्वेरित पनि तुल्याएको पायन्छ ।[५६]

यस कालको नेपाली कविताको परिचायक अर्को एक प्रवृत्ति कवि समूह तथा कवितात्मक वातावरणको थालनी हो । यस क्रममा मोती मण्डलीको प्रसङ्ग विशेष उल्लेखनीय हुन आउँछ ।

यो काल श्रृङ्गारिक धाराले वढी चर्चित भएकालेले नर नारीको यौवन भावावेगलाई नै कविताको विषयबस्तु बनाई उद्विपन विभावको रुपमा प्रकृतिको पनि वर्णन गरी गजल कविताको रचना गरिएको पाइन्छ । माध्यमिककालीनि नेपाली कविताका प्रवर्तक तथा श्रृङ्गारिक धाराका केन्द्रीय एवं अगुवा कवि मोतीराम भट्ट हुन् । यस धाराका राजीवलोचन जोशी, गोपीनाथ लोहनी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, होमनाथ खतिवडा, श्यामजीप्रसाद शर्मा, शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, चक्रपाणी चालिसे आदि महत्वपूर्ण अन्य कविहरु हुन् ।

### २.१.७.१.३. आधुनिक काल (वि.सं. १९७५ वर्तमान सम्म )

माध्यमिक कालीन श्रृङ्गारिक कविता सङ्ग्रह सूक्तिसिन्धु वि.स.१९७४पछि  नेपाली कविताको आधुनिक काल प्रारम्भ भएको मानिन्छ । वि.स.१९७५देखि हालसम्मको समयावधि नेपाली कविताको आधुनिक कालको रुपमा परिचित छ । वर्तमान विन्दु २०६७ सम्ममा

५६ ऐजन पृ.सं. १०९

आधुनिक कालले साढे नौ दशक (लगभग ९० वर्ष)को समयावधिलाई पारगरिसकेको छ । नेपाली भाषाको लेख्य स्तरीय व्याकरणको स्थापना क्रमसंगै कविता लेखनप्रति अभिरुचि देखाई कविता सौन्दर्यप्रति विशेष अभिप्रेरितभई संस्कृत कविताको मानक र पाश्चात्य अंग्रेजी कविताप्रति पनि चासो राख्दै नेपालको राजनैतिक, सामाजिक, आथिृक, साँस्कृतिक, धार्मिक एवं नवजागरणका राष्ट्रिय लहरहरुप्रति सम्बन्धित भई राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको उल्लेख गर्दै मानवीय मूल्य र मान्यताप्रति चनाखो हुँदै बौद्धिक वैज्ञानिक र प्राज्ञिक विषयप्रति बढि सचेत भई आधुनिक नेपाली कविता अगाडि बढेको देखिन्छ । आधुनिक नेपाली कवितालाई पूर्वार्ध र उत्तरार्धमा विभाजित गर्ने हो भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहावसान वर्ष (वि.स.२०१६)लाई साँधका रुपमा लिन सकिन्छ । वि.स.१९७५-२०१६ सम्मको चारदशकको समयावधिलाई आधुनिक नेपाली कविताको पूर्वार्धकाल भनिन्छ । त्यसैगरी २०१७ देखि हालसम्मको झण्डै पाँच दशकको समयावधि आधुनिक नेपाली कविताको उत्तरार्ध काल मानिन्छ ।

वि.स. १९७५ देखि लेखनाथ पौड्यालले परिस्कारवादी धाराको आरम्भ गरे । वि.स.१९९० सम्ममा परिस्कारवादीहरु केन्द्रीय स्तरमा पुगेको पाइन्छ । पछि वि.स.१९९१ देखि स्वच्छतावादी नै आधुनिक नेपाली कविताको केन्द्रीय धाराका रुपमा प्रकट भएको पाइन्छ । सिद्धिचरण श्रेष्ठ र लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी धाराका सह-प्रवर्तक मानिन्छन्। यसरी नेपाली कवितको पूर्वार्धमा परम्परागत आध्यात्मिक मूल्यमा आधारित भई अनुशासित ढङ्गबाट कविताको रचना गरी संस्कृत काव्य र मूल्यका शिखरहरु बङ्गाली र हिन्दी शास्त्रीय कविताको आधारमा परिस्कारवादी कविता रचिएको पाइन्छ । यिनमा आध्यात्मिक, नैतिक र सामाजिक पक्षलाई ख्याल गरी राष्ट्रिय चेतना जगाइएको पाइन्छ ।

आधुनिक नेपाली कविताको प्रारम्भिक चरणमा लेखनाथ पौड्यालको भूमिक अग्रणी रहेको पायन्छ । यस कालका अन्य प्रतिभाहरुमा सोमनाथ सिग्देल, धरणीधर कोइराला, महानन्द सापकोटा, बालकृष्ण सम, भवानीप्रसाद खतिवडा, माधवप्रसाद देवकोटा, आदि कविहरु आधुनिक

कालका पूर्वार्धमा देखा पर्दछन् । सरलताको लागि आधुनिक नेपाली कविताको काललाई मूलतः चार धाराहरुमा विभाजन गरी व्याख्या गर्ने गरिएको छ ।

१. परिस्कारवादी धारा

२. स्वच्छन्दतावादी धारा

३. प्रयोगवादी धारा

४. प्रगतिवादी धारा

**२.१.७.१.३.१. परिष्कारवादी धारा :- (१९७५-१९९०)**

नेपाली कविताका क्षेत्रमा माध्यमिक कालीन श्रृङ्गारिक धाराले देखाएको नग्नता, अश्लीलता र अमर्यादितपन तथा यौन आवेग र उत्तेजनालाई तोड्दै नैतिक एवं धार्मिक, आध्यात्मिक चेतको पुनस्थापनाका प्रवृत्तिप्रति सहमति जनाउँदै कवि लेखनाथ पौड्यालले नयाँ पाराका कविता लेख्न थालेका छन् । फुटकर कविताद्वारा उनले प्रकृति सौन्दर्य,सामाजिकता,नैतिक चेतना र आध्यात्मिकता जस्ता नयाँ विषयक्षेत्रतर्फ कवितालाई डोऱ्याउन खोजेका छन् । परिस्कारवादी धाराका प्रवर्तक लेखनाथ नै मानिन्छन् । यस धाराका कवितामा शिष्टता नैतिकता, मर्यादितता, सामाजिकता, धार्मिकता साँस्कृतिक तथा राष्ट्रिय र देशभक्तिको भावना पाइन्छ । लेख्य काव्य परम्वराको अनुशासनमा रही कविता लेख्ने र कविताको भाव, लय, भाषाशैली शिल्प संरचनामा संयम साथै सन्तुलन एवं परिस्कार र परिमार्जन चाहने परिप्रेक्ष्यमा नै यस धारालाई परिस्कारवादी धारा मानेको पाइन्छ । यस धाराले अङ्गालेका सामाजिक परिस्कार, सुधार परिवर्तनको चेतना र आध्यात्मिक परिस्कारका सन्दर्भमा पनि यसलाई परिस्कारवादी धारा मानेको पाइन्छ । बौद्धिक चाप,शिल्प परिस्कारको मनोरम, सौन्दर्य र बस्तुपरकतालाई परिस्कारवादी धाराले विशेष जोड दिएको छ । विशेषत परिस्कारवादी धारा सँस्कृत साहित्य दर्शनसँग बढी सम्वन्धित भएको पाइन्छ । लेखनाथ पौडेल, सोमनाथ सिग्देल, बालकृष्ण सम धरणीधर कोइराला, महानन्द सापकोटा, चक्रमणी चालिसे, गोपाल पाण्डे (असीम) बदरीनाथ भट्टराई, भीमनिधि

तिवारी, माधवप्रसाद देवकोटा आदि परिस्कारवादी धाराका कविहरु हुन् । त्यसपछि यस धारामा समेटिन पुग्ने दार्जिलिङ तर्फबाट मुख्य कविहरु हुन् पारसमणि प्रधान, हर्कजंगसिंह क्षेत्री, रामचन्द्र गिरी, गम्भीर राई, भुपदास राई आदि त्यस पछि पनि शास्त्रीयता एवं नीति उपदेशका प्रकृत्ति मुख्यतः अँगाल्दै देखापर्ने कविहरु हुन् । हरिनारायण उपाध्याय, भीष्मप्रसाद उपाध्याय, नित्यानन्द तिमिल्सिना, पदमप्रसाद ढुँगाना, जगन्नाथ गुरागाँई आदि हुन् । यसधारामा उत्तरवर्ती कविहरु मध्ये पुष्पलाल उपाध्याय प्रमुख मानिन्छन् ।

## २.१.७.१.३.२. स्वच्छन्दतावादी धारा (१९९१-२०१६)

नेपाली कविताको आधुनिक युगमा परिस्कारवादी धारापछि तत्कालै देखापरेको स्वच्छन्दवादी धारा हो । पाश्चात्य जगत्मा प्रचलित रोमान्टिक धाराबाट प्रभावित हुँदै नेपाली साहित्यमा वि.स. १९९१-९२ देखि परिस्कारवादी धाराको विरोधको रुपमा यो धारा देखा परेको हो । यो धाराले वि.स.२००४-१६ सम्मको समयावधिमा दोश्रो चरणमा पुगेर व्यङ्ग्यविद्रोह र क्रान्तिकारीको तीव्रतालाई अगाडि सारेको पाइन्छ ।[५७] पछि विस्तारै यस धाराले क्रमशः प्रगतिवादलाई अङ्गाली स्वच्छन्दतवाद नै स्वच्छन्दतावादी प्रगतिवादी धारामा परिणत भएको पाइन्छ ।[५८]

आधुनिक नेपाली कविताको यो धारा मूलतः वेलायतको ईसवीय उन्नाइसौँ शताब्दीको पूर्वार्धको अँग्रेजी कविताको रोमान्टिक धाराबाट बढी प्रभावित भएको पाइन्छ ।[५९]

स्वच्छन्दतावादी धाराकै क्रममा प्रगतिवादी धारा नेपाली साहित्यमा देखा परेको हो । नेपाली साहित्यमा यो धारालाई निम्त्याउने काम महाकवि देवकोटाबाट भएको पाइन्छ । परिस्कारवादका कहर नीति, नियम, धर्म, संस्कृति, मर्यादा, नैतिकता आदि विविध बन्धनहरुलाई स्वच्छन्दतावादी धाराले फुका गरिदिएको छ । साहित्यिक अभिव्यक्तिको क्रममा भावको

---

५७ ऐजन पृ.सं.१२१
५८ ऐजन पृ.सं.१२१
५९ ऐजन पृ.सं.१२२

सहज प्रवाह, सुकुमार शैली, सहज प्रकृति, सौन्दर्य चेतना र प्रगतिवादको स्पर्श गर्नु नै स्वच्छन्दतावादी धाराका मूल विशेषताहरु ठहर्छन् । यति हुँदा हुँदै पनि यसधाराद्वारा आत्मपरक वा व्यक्ति मूलक अभिव्यक्तिलाई भावको प्रवाहमा ढाली उन्मुक्त तवरले प्रकृति, सौन्दर्य एवं व्यञ्जनात्मक वर्णन गरेको पाइन्छ । दीन दुःखी र असहायहरुको विवशतापूर्ण जीवनयापनप्रति सहानुभूति राख्दै सामाजिक भावमा प्रगतिवादको हुँकार गर्दै क्रान्ति र विद्रोहको चेतना जगाउनु पनि स्वच्छन्दतावादी धाराको मूल मर्म मानिन्छ । नेपाली कवितामा स्वच्छन्दतावादलाई निम्त्याउनको लागि “शारदा” पत्रिकाको महत्वपूर्ण योगदान छ ।[६०] स्वच्छन्दतावादको सहप्रवर्तकको रुपमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र कवि सिद्धिचरण श्रेष्ठको मूल भूमिका रहेको देखिन्छ । यस धारामा सम्मिलित हुने मुख्य कविहरु युद्धप्रसाद मिश्र, गोपाल प्रसाद रिमाल, माधव घिमिरे, भवानी भिक्षु, केदारमान व्यथित, गोपाल सिंह नेपाली, गोमा, प्रेमराजेश्वरी आदिको नाम आउँछ । यस धाराका अन्य कविहरुमा लक्ष्मीनन्द चालिसे, भवदेवपन्त, भीम दर्शन रोका, ऋषभदेव शर्मा, जनार्दन सम, म.वि.वि.शाह, श्यामदास वेष्णव, फणिन्द्रराज खेताला, देवीप्रसाद पौडेल, सन्त कुमार शर्मा, माधवलाल कर्माचार्य, उमानाथ शास्त्री, लक्ष्मण लोहनी, नीरविक्रम प्यासी आदि पर्दछन् ।[६१]

### २.१.७.१.३.३. प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९) सम्म :

नेपाली साहित्य लेखनको क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटाको देहावसान पश्चात् कविमोहन कोइरालाको प्रयोगधर्मी कवित्वले प्रयोगवादीधाराको आमन्त्रण भएको पाइन्छ । रुपरेखा पत्रिका (वि.स.२०१७) मा मोहन कोइरालाको घाइतेयुग कविता प्रकाशित भयो । यही कविताको माध्यमद्वारा नेपाली कविता लेखनको क्षेत्रमा प्रयोगवादी धाराले आफ्नो लोकप्रियता फैलाउँदै गएको पाइन्छ ।[६२] यस धाराले नेपाली कविता लेखन परम्परा र पद्धतिमा एउटा नयाँ मोड ल्याउन सफलता

---

६० ऐजन पृ.सं. १२२
६१ ऐजन पृ.सं. १२३
६२ ऐजन पृ.सं. १२७

हासिल गऱ्यो । विसङ्गतिवादी अवचेतन लेखन र अमूर्त लेखनका श्रृङ्खलाको समष्टिगत प्रभावमा कविता अर्थिनु पर्ने पक्षलाई अगाडि साऱ्यो भने अर्कातिर परिष्कारवादी र स्वच्छन्दतावादी धाराका पाठकहरुको लागि यो प्रयोगवादी धारा निकै दुर्बोद्य र क्लिष्टतापूर्ण सावित भयो । प्रयोगवादी कविता लेखन परम्पराले ईश्वर रहीत र विकासवादी जीवशास्त्रीय पृष्ठभूमिमा मानवजीवनलाई यौनवासनाको आँखाले हेर्ने गरेको पाइन्छ । यस धाराले जीवनलाई विभत्स, विद्रुप, विसंगत, व्यर्थ, निःस्सार र शून्य देख्दछ । अर्थात् जीवनको इच्छाभन्दा मृत्यु बोधलाई बढी मनपराउने गरेको प्रवृति यस धारा अन्तर्गत फेला पार्न सकिन्छ । यति हुँदाहुँदै पनि जीवन र जगत्को विसङ्गति वा शून्यतालाई पन्छाएर भ्रमकै रुपमा भए पनि मानवीय अस्तित्व र अस्मिताको खोजी प्रयोगवादी धाराले गरेको भेटिन्छ । यस विन्दुमा आएर प्रयोगवादी लेखनले विसङ्गतिवादको पाटो पार गरी अस्तित्ववादको क्षेत्रमा प्रवेश गरेको पाइन्छ ।

कवितामा बिम्व र प्रतीकको प्रयोग गरी पुराना काव्य परम्परालाई वोकेर नयाँ बिम्बशैलीमा चित्रात्मक ढङ्गबाट भाषालाई माज्दै जीवनका फोहर घृणास्पद र वीभत्स पक्षलाई जटिलताको कसीमा घोटेर प्रयोगवादी धारा अगाडि बढेको पाइन्छ । वि.सं.२०१७-२०३० सम्मको समयावधिमा यो धारा फैलिएको पाइन्छ । प्रयोगवादी धाराको केन्द्रय प्रतिभा कवि मोहन कोइराला हुन् भने त्यसपछिका यस धाराका प्रमुख कविहरु जगदीश शमशेर, द्वारिका श्रेष्ठ, कृष्ण भक्त श्रेष्ठ, मदन रेग्मी , तुलसी दिवस, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, पारिजात, कुण्दन शर्मा, कुमार नेपाल, पोषण पाण्डे, रत्न शमशेर थापा, कृष्णप्रसाद श्रेष्ठ आदि हुन् । यही क्रममा देखा परेका आयामेली आन्दोलन र यसका प्रमुख कविहरुमा इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वर बल्लभ देखा पर्दछन् । कविता वा काव्यका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरुका विचारहरुको चर्चा गरिसकेपछि तथा प्रयोग वादका सम्बन्धमा सामान्य चर्चा गरिसके पनि प्रगतिवादसँग सम्बन्धित प्रस्तुत शोध पत्रको शीर्षक रहेको हुनाले प्रस्तुत शोधपत्रका शोधनायक कवि यज्ञबहादुर डाँगीको जीवन वृत्त यसै धारासँग सम्बन्धित

रहेकाले यहाँ प्रगतिवादका सम्बन्धमा चर्चा गर्नु सान्दर्भिक ठहरिने देखिन्छ । अतः अब त्यसतर्फ प्रवेश गर्ने जमर्को गर्दछु ।

### २.१.८. प्रगतिवादको दार्शनिक आधार:

नेपाली साहित्यमा प्रचलित र प्रयोगित प्रगतिवादको आधारशिला मार्क्सवाद हो । मार्क्सीय जीवन-जगतप्रतिको दृष्टिकोणबाट प्रगतिवादको अन्तः गर्भ निर्मित छ । यसर्थ प्रगतिवाद मार्क्सवादको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादमा आधारित रहेको छ । प्रकृति र सामाजिक जीवनको ब्याख्या, विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई आधार वनाएको छ । यसकारण मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनबाट प्रगतिवाद प्रभावित र अनुप्राणित रहेको छ ।[६३] यसकारण प्रगतिवादको आधारस्तम्भ रहेको मार्क्सवादी दर्शनको उदय र स्वरुपका बारेमा चर्चा गर्नु उपयुक्त देखिन्छ ।

मार्क्सवादी सिद्धान्तको उत्पत्ति सामाजिक विचार वा मानव सभ्यताको विकासको मूलधारबाट नै भएको मानवीय विकासको निरन्तरता एउटा महत्वपूर्ण चरणका रुपमा मार्क्सवादी दर्शनको स्थापना भएको हो । मार्क्सवादी दर्शन भनेकै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । प्रकृति र सामाजिक जीवनको अध्ययनका क्षेत्रमा मानवजातिबाट प्राप्त गरिएका ठूला-ठूला उपलब्धीका आधारमा र त्यसैको वैधानिक हकदारका रुपमा मार्क्सवाद इतिहासका रङ्गमञ्चमा देखापरेको हो ।[६४] खासगरी मार्क्स र एङ्गेल्सभन्दा पहिले पनि जीवन-जगत्को ब्याख्या र विश्लेषण गर्ने दर्शनका फाँटमा ठूल्ठूला प्राप्ति भैसकेका देखिन्छन् । हेगेलीय दर्शन सम्बन्धी भौतिकवादी धारणा नै मार्क्स र एङ्गेल्ससम्मका दार्शनिक विकासमा महत्वपूर्ण प्राप्ती रहेका थिए ।[६५] १८ औं शताब्दीको अन्ततिर र १९ औं शताब्दीको आरम्भतिरका औधि नै महत्वपूर्ण, आर्थिक,

---

६३ देवीप्रसाद गौतम, प्रगतिवाद, परम्परा र मान्यता (काठमाडौं श्रीमती मुना गौतम, २०४१) पृ.सं. २८

६४ कृष्णदास श्रेष्ठ, मार्क्सवादका विचारधारात्मक स्रोतहरु, (काठमाडौं प्रगति पकासन, २०४२ पृ.५

६५ कृष्णदास श्रेष्ठ, दर्शन सम्बन्धी टिप्पणीहरु, (काठमाडौं, तीर्थ ज्यापु, २०३७) पृ.सं. १५

दार्शनिक तथा समाजवादी सिद्धान्तहरुको प्रत्यक्ष तथा तात्कालिक विस्तारका रुपमा[६६] पनि मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई लिन सकिन्छ । मार्क्सवादको निर्माणका निम्ति मार्क्सभन्दा अगाडिका दार्शनिक सिद्धान्तहरुले आधारभूमि सिर्जना गरे तापनि ती सिद्धान्तका बीच मार्क्सवादको द्वन्द्वात्मक निरन्तरताको सम्बन्ध रहेको छ । मार्क्सवादभन्दा अगाडिको हेगेलीय द्वन्द्ववाद आदर्शवादी थियो र त्यसमा गम्भीर त्रुटि र सीमाहरु थिए ।[६७]

### २.१.८.१. मार्क्स र एङ्गेल्सका साहित्यसम्बन्धी मान्यताः

प्रगतिवादी साहित्यको मूल दार्शनिक आधार नै मार्क्सवाद हो । यसकारण प्रगतिवादी साहित्यसम्बन्धी दृष्टिकोण र मान्यता मार्क्स र एङ्गेल्सका रचनाहरूमा खोज्नु उपयुक्त हुन्छ । प्रकृति, समाज र इतिहास सम्बन्धी द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको संस्थापनाबाट प्रगतिवादी साहित्यको दार्शनिक आधार निर्माण भएको हो । मार्क्स र एङ्गेलसका छुट्टै साहित्य सम्बन्धी कृतिहरू छैनन् तापनि आफ्ना दार्शनिक, आर्थिक, लेखरचनामा उनीहरूले साहित्य र कलासम्बन्धी मान्यता प्रस्तुत गरेका छन् । वैज्ञानिक साम्यवादका प्रवर्तकहरूले पुरानो सौन्दर्य शास्त्रले समाधान गर्न नसकेका अनेक गम्भीर प्रश्नहरूको जवाफ दिएका छन् र मार्क्सवादी साहित्य चिन्तन अगाडि ल्याएका छन् । मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतिकवादी दर्शनको प्रतिपादन गरेर साहित्यको प्रवृत्ति र त्यसको विकास तथा सामूहिक कार्य-प्रवृत्तिसम्बन्धी वैज्ञानिक दृष्टिकोण आफ्ना रचनाका माध्यमबाट प्रस्तुत गरेका छन् ।

आम रुपमा नै जीवनका सामान्य, सामाजिक, राजनैतिक तथा बौद्धिक प्रक्रियाहरू भौतिक जीवनको उत्पादन प्रणालीमा निर्भर हुन्छन् । मानिसहरूको चेतनामा उनीहरूको अस्तित्व निर्भर हुन्छ । आर्थिक आधारमा परिवर्तन भएपछि त्यसमा रहेका आधेयमा परिवर्तन आउँछ भन्ने

---

६६ कृष्णदास श्रेष्ठ, मार्क्सवादका विचारधारात्मक स्रोतहरु, पुर्ववत्, पृ.५
६७ कृष्णदास श्रेष्ठ, हेगेल दर्शन एक समीक्षा (काठमाडौं, तीर्थ ज्यापु, २०४०) पृ.सं. १०

कुराको विश्लेषण उत्पादनको आर्थिक परिस्थितिको भौतिक रुपान्तरको अध्ययनबाट गर्नुपर्छ भन्ने मार्क्सको दृष्टि देखिन्छ । त्यसरी नै मार्क्स ऐङ्गेल्सले विचार, धारणा, चेतना आदि कुराहरूको सिर्जना भौतिक परिस्थितिबाट हुने तथ्यलाई औँल्याउँदै तत्कालीन समाजका यावत् बौद्धिक उत्पादनहरू वा राजनीतिक, कानून, नैतिकता, धर्म, तत्वमीमांसा आदिको अभिव्यक्ति पनि मानिसहरूको भौतिक आचरणकै प्रकट रुप भएको कुरालाई देखाएका छन् ।

विचार, धारणा, चेतना आदि कुराको रचना शुरुमा मानिसहरूको भौतिक गतिविधि र भौतिक संसर्गसँग, वास्तविक जीवनको भाषासँग प्रत्यक्षरूपमा जेलिएको हुन्छ । मानिसहरूको परिकल्पना, चिन्तन तथा बौद्धिक संसर्ग यस चरणमा अझै उनीहरूको भौतिक आचरणकै प्रत्यक्ष परिणामको रूपमा प्रकट हुन्छन् । यही कुरा बौद्धिक उत्पादनमा पनि लागू हुन्छ, जुन रूपमा त्यो कुनै जनताको राजनीति, कानून, नैतिका, धर्म, तत्वमीमांसा आदिको भाषामा अभिव्यक्त हुन्छ । मान्छेमा देखिने चेतना वस्तुजगत् अनुभवजन्य सिर्जना हो र मान्छेको वास्तविक यथार्थ जीवनपद्धति नै उसको अस्तित्व भएको कुरालाई मार्क्स र ऐङ्गेल्सले निम्न कथनमा अभिव्यक्त गरेका छन् । चेतना अनुभवजन्य अस्तित्व सिवाय अरु केही हुन सक्तैन र मानिसको अस्तित्व भनेकै उसको वास्तविक जीवन प्रक्रिया हो ।

आर्थिक, भौतिक, जीवन प्रक्रियाको विभाजनसँगसँगै साहित्यिक र कलाको रूपमा पनि परिवर्तन हुन्छ भने आर्थिक, भौतिक जीवनका यथार्थताद्वारा संसर्गित हुँदै बौद्धिक चिन्तन पनि सधैँ एकनासे रूपमा रहँदैन र आर्थिक-भौतिक जीवनका वास्तविकतासँग बौद्धिक चिन्तन र त्यसका उपजहरूमा परिवर्तन आउने तथ्यलाई मार्क्स र एङ्गेल्सले आँल्याएको पाइन्छ । आफ्नो भौतिक उत्पादन र भौतिक संसर्गको विकास गर्दै मानिसहरू चाहिँ आफ्नो यस वास्तविकताको साथसाथै आफ्नो चिन्तन र आफ्ना चिन्तनका उपजहरूलाई पनि बदल्दै जान्छन् ।

**एङ्गेल्स भन्छन्:**

राजनीति, न्याय, दर्शन, धर्म, साहित्य, कला आदि कुराको विकास आर्थिक विकासमा आधारित हुन्छ । परन्तु यी सबै कुराले एक अर्कामाथि प्रभाव पारिरहेका हुन्छन् र आर्थिक आधारमाथि पनि प्रभाव पारिरहेका हुन्छन् । आर्थिक अवस्था नै कारण हो, एकमात्र सक्रिय तत्व हो र बाँकी सबैकुरा निष्टिक्रय परिणाम मात्रै हुन् भन्न सकिदैन, बरु अन्ततोगत्वा प्रभावशाली रूपमा रहने आर्थिक आवश्यकताका आधारमा नै अन्योन्यक्रिया चलिरहेको हुन्छ ।

मार्क्सवादी साहित्य प्रस्थापनामा के देखिन्छ भने आर्थिक, सामाजिक जीवनको विकासमा नै कला वा साहित्यको विकास हुन्छ र तिनीहरूका बीचमा पनि अन्योन्यक्रिया हुन्छ । तर मूलतः त्यसको भित्री रूपमा आर्थिक आधार नै कारणका रूपमा विद्यमान रहन्छ ।

यसरी ऐतिहासिक, भौतिकबादी र द्वन्द्ववादी दृष्टिका आधारमा मात्र कला वा साहित्यको अध्ययन गर्न सकिन्छ भन्ने मत राख्ने मार्क्स र एङ्गेल्सले साहित्य र कलालाई निरपेक्ष रूपमा रहेका छैनन् । बिचारधाराका रूपमा साहित्यलाई द्वन्द्वात्मक दृष्टिबाट हेर्नुपर्छ भनेका छन् ।

मार्क्स र एङ्गेल्सको साहित्यसम्बन्धी प्रस्थापनामा वर्गीय आधार पनि महत्वपूर्ण रूपमा रहेको पाइन्छ । वर्गयुक्त समाजमा साहित्य र कलाको प्रवृत्ति र चरित्र पनि वर्गीय हुन्छ भन्ने दृष्टिकोण मार्क्स र एङ्गेल्सले प्रस्तुत गरेका छन् । सामाजिक जीवनमा जुनवर्गको आधिपत्य रहन्छ, साहित्य र कला पनि त्यसै वर्गको अधीनमा रहन्छ ।

वस्तुतः साहित्य र कलासम्बन्धी उपर्युक्त विश्लेषणबाट मार्क्स र एङ्गेल्सका साहित्य र कलासम्बन्धी मान्यतालाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

क) साहित्य र कला विचारधाराकै एक रूप हो ।

ख) कला साहित्य समाजको आर्थिक, भौतिक जीवनबाट निःसृत र आधारित हुन्छ ।

ग) आर्थिक, भौतिक जीवनमा परिवर्तन आएपछि साहित्य कला वा विचारधाराका अन्य रूपहरूमा पनि परिवर्तन आउने गर्दछ ।

घ) उत्पादनको आर्थिक परिस्थिति र विचारधाराका रूपहरूमा भेद गरिनु पर्दछ ।

यसरी एङ्गेल्सले वर्ग संघर्षको यथार्थतालाई नकारेर सर्वहारा वर्गलाई निष्क्रिय शक्तिका रूपमा देखाउने प्रवृत्ति प्रगतिवादी प्रवृत्ति नहुने कुरा औँल्याएका छन् । मार्क्स र एङ्गेल्सका धारणामा साहित्यकार बुर्जुवा वर्गको विरूद्धमा संघर्षरत मजदूरवर्गको पक्षमा उभिन सक्यो भने मात्र उसले यथार्थवादी साहित्य सिर्जना गर्न सक्छ भन्ने स्पष्ट हुन्छ ।

**२.१.८.२. भी.आई.लेनिनका साहित्यसम्बन्धी मान्यताः**

मार्क्सवादी दर्शनको प्रतिपादन भएपछि नै मार्क्सवादी साहित्य चिन्तन आरम्भ भएको हो र प्रगतिवादी साहित्यले मार्क्सवादी चिन्तनलाई नै आफ्नो कला-साहित्यसम्बन्धी मान्यता बनाएको छ । भाववादी चिन्तनका विपरीत ध्रुवमा देखिएको मार्क्सवादी चिन्तनले कला-साहित्यका बारेमा नयाँ प्रतिमान स्थापना गरेको छ । मार्क्सवादी साहित्य चिन्तनको मूल आधार नै मार्क्स र एङ्गेल्सका दार्शनिक कृतिमा प्रस्तुत दार्शनिक बिचार र अन्य लेखकहरूका साहित्य कलासम्बन्धी दृष्टिकोणहरू हुन् । मार्क्स र एङ्गेल्सका साहित्य कलासम्बन्धी मान्यताहरू पछिका प्रगतिवादी चिन्तकहरूका निम्ति आधार र प्रेरणास्रोत बनेका पाइन्छन् । खास गरी मार्क्स र एङ्गेल्सको वैचारिक दर्शनको व्यवहारिक प्रयोग रुसका महान् नेता एवं चिन्तक भी.आई. लेनिनद्वारा भएपछि नै मार्क्सवादी दर्शनले व्यवहारिक रूप प्राप्त गरेको हो । रुसमा समाजवादी व्यवस्था स्थापना भएपश्चात् प्रगतिवादी चिन्तनको परम्परा आरम्भ भएको पाइन्छ । साहित्य र कलासम्बन्धी उनका लेखहरूमा पार्टी संगठन र पाटी साहित्य, रुसी क्रान्तिका दर्पण लेव तोल्सतोय आदि महत्वपूर्ण रहेका छन् ।

विशेषतः साहित्य र कलाका बारेमा आफ्नो चिन्तन प्रस्तुत गर्दा लेनिनले साहित्यकार र उसको प्रतिबद्धता, वर्गीय साहित्यको स्वरूप, साँस्कृतिक हतियारको रूपमा साहित्य, साहित्य र कलाको दायित्व जस्त ागहनतमा विषयमा आफ्ना मान्यता प्रस्तुत गरेका छन् । उनको 'पार्टी संगठन र साहित्य' शीर्षकको लेख नै प्रगतिवादी साहित्य चिन्तनको

महत्वपूर्ण रचना मानिन्छ । लेनिनले उक्त कृतिमा कला र साहित्य सम्बन्धी आफ्नो दृष्टिकोण र मान्यता ज्यादै नै गम्भीर भएर प्रस्तुत गरेका छन् र सर्वहारा साहित्य कलाका सम्बन्धमा प्रकाश पारेका छन् । मार्क्सवादी विश्वदर्शनले नै क्रान्तिकारी सर्वहारा वर्गको हित, उसको दृष्टिकोण तथा उसको व्यापक सँस्कृतिको अभिव्यक्ति दिन सक्छ भन्दै भाववादी र आदर्शवादी दर्शनको चिन्तनलाई लेनिनले खण्डन गरेका छन् ।

... मात्र मार्क्सवादको विश्वदर्शनले नै क्रान्तिकारी सर्वहारा वर्गको हित, उसका दृष्टिकोण तथा उसको सँस्कृतिको ठीक-ठीक अभिव्यक्ति दिन्छ । वास्तवमा साहित्य सर्वहारा वर्गको साझा हितभन्दा भिन्न स्वाधीन व्यक्तिगत फाइदाको साधन बन्न सक्तैन । साहित्य सर्वहारा वर्गको साझा उद्देश्यको एउटा अंग हुनु पर्दछ । सम्पूर्ण मजदुर वर्गको सम्पूर्ण वर्ग चेतना अग्रगामी जोधाहाद्वारा संचालित, अभिन्न महान सामाजिक जनवादी यन्त्रको 'दाँती र पूर्जा' हुनुपर्दछ । साहितय सामाजिक जनवादी पार्टीको संगठित, योजनाबद्ध र एकताबद्ध कार्यको कारण हुनु पर्दछ ।

वर्गयुक्त समाजमा पूँजीवादी लेखक कलाकारहरूले भन्ने गरेको स्वतन्त्रता, पैसा, भ्रष्टाचार व्यभिचारको मुखुण्डोको अधीनतायूक्त स्वतन्त्रता हो । त्यसकारण त्यस किसिमको समाज व्यवस्थामा स्वतन्त्र साहित्यको सिर्जना संभव छैन भन्दै लेनिनले समाजवादी वर्गविहीन व्यवस्थामा मात्र स्वतन्त्र साहित्यको सिर्जना हुने कुरा देखाएका छन् ।

साहित्य तथा कलाको विशिष्ट प्रकृति र रूपलाई लेनिनले अस्विकार गरेका छैनन् र समाजवादी निर्माणमा कला र साहित्यले महत्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भन्ने अभिप्रायले नै साहित्यलाई सर्वहारा वर्गसँग जोडेर हेरेका हुन् साथै कला र साहित्य वास्तविक रूपमा जनताको सम्पत्ति भएकाले वहुसंख्यक जनतासँग साहित्य आवद्ध हुनुपर्दछ भन्ने मान्यता प्रकट गरेका छन् ।

### २.१.८.३. माओत्से तुङ्का साहित्यसम्बन्धी दृष्टिकोणः

मार्क्सवादी साहित्य चिन्तनमा देखापर्ने अर्का विशिष्ट व्यक्ति चीनका माओत्से तुङ हुन् । उनी विशेषगरी राजनीतिज्ञ भएपनि साहित्य र कलाका

सम्बन्धमा १९४२ ई.मा येनान प्रान्तमा भएको गोष्ठीमा प्रस्तुत गरेका उनका बिचारहरू साहित्य र कलाका क्षेत्रमा मार्गनिर्देशक मान्यताका रूपमा रहेका छन् । माओत्से तुङले 'येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन' त्यतिबेला दिएका थिए, जतिबेला चीनमा गृहयुद्ध चर्कदै थियो । यसर्थ उनले सो प्रवचनको आरम्भमै सो गोष्ठीको उद्देश्य माथि प्रकाश पारेका छन् । उक्त गोष्ठीको उद्देश्य नै क्रान्तिको अभिन्न अङ्गको रूपमा साहित्य र कलाको स्थान निर्धारण गर्नु, जनतालाई एकताबद्ध र सुशिक्षित पार्नु, महत्वपूर्ण माध्यमका रूपमा कला र साहित्यलाई विकसित पार्नु, क्रान्तिका शत्रुहरूको शक्तिलाई ध्वंश गर्ने साधनको रूपमा ढाल्नु तथा संघर्षशील जनताको क्रान्तिकारी युद्धलाई सहयोग गर्नु रहेको छ । उक्त उद्देश्य अनुरूप माओत्से तुङले लेखक र कलाकारको वगीय अडान र प्रवृत्तिका सम्बन्धमा पाठक दर्शक सम्बन्धी समस्याका सम्बन्धमा, लेखक कलाकारको काम र अध्ययनका समस्याका बारेमा गहन विचार प्रस्तुत गरेका छन् ।

उनका विचारमा लेखक वा कलाकारको अडान वा प्रतिबद्धता भनेकै वर्गीय अडान हो । सर्वहारा वर्ग र जनसमूहको अडानलाई नै लेखक र कलाकारले पनि अंगीकार गर्नु पर्दछ । लेनिनले भनेजस्तै माओले पनि लेखक र कलाकारहरूलाई पार्टीको अडान अनुरूप चल्नुपर्ने आग्रह गरेका छन् ।

हाम्रो अडान सर्वहारा वर्ग र जनसमूहकै अडान हो । कम्यूनिष्ट पार्टीका समस्याहरूको निम्ति यसको अर्थ हो पार्टीकै अडान बमोजिम चल्नु, पार्टीको भावना र पार्टीको नीति बमोजिम चल्नु । धेरैजसो लेखक, कलाकार, बुद्धिजीवी समुदायबाट आउने हुनाले उनीहरूले व्यापक जनसमुदायका निम्ति साहित्य र कलाको सिर्जना गर्न चाहन्छन् र व्यापक जनसमूहलाई आफ्नो साहित्य र कला रुचिपूर्वक आस्वादन गराउन चाहन्छन् भने साहित्यकार, कालाकारले आफ्ना विचार र भावनाहरूको रूपान्तर गर्नुपर्छ भनेर माओले भावनात्मक परिवर्तनमाथि जोड दिएका छन् ।

बुद्धिजीवी समुदायबाट आएका हाम्रा लेखक र कलाकारहरू जनसमूहले आफ्ना रचनाहरू राम्ररी रूचाएको देख्न चाहन्छन् भने उनीहरूले आफ्ना विचार र भावनाहरूलाई रुपमान्तर गर्नुपर्छ र पुनः संस्कार गर्नुपर्छ ।

विशेषतः माओले कुनैपनि समस्याको निर्क्योल गर्दाखेरि अमूर्त परिभाषाका आधारमा नगरेर वस्तुगत तथ्यहरूको विश्लेषणका आधारमा गर्नुपर्छ भन्दै साहित्य र कलाका सम्बन्धमा पनि त्यसैगरि मार्क्सवादी प्रकृयालाई अँगाल्नु पर्दछ भन्ने दृष्टिकोण राखेका छन् । यसै क्रममा उनले साहित्य र कला कसको लागि भन्ने प्रश्न उठाएर हाम्रो साहित्य र कला लाखौं, करोडौं श्रमजीवी जनताको सेव ागर्ने साहित्य हो भन्ने उत्तर दिएका छन् । यसका विपरीत बहुसंख्यक जनताको थिचोमिचो गर्ने शोषक, उत्पीडक स्वार्थका निम्ति लेखिएको साहित्य पनि रहेको कुरा औंल्याएका छन् । सामन्ती जमिनदार वर्गको हितका निम्ति पूँजिपति वर्गको हितका लागि लेखिएको साहित्यले जनताको सामूहिक स्वार्थलाइ स्वीकार गर्दैन । यसर्थ त्यो साहित्य शोषक वर्गीय साहित्य भएको कुराको उल्लेख गरेकाछन् । माओले साम्राज्यवादी शोषक वर्गको हितगर्ने साहित्य पनि हुने कुरा देखाएका छन् ।

अरू त्यस्तै मानिसहरूले रच्न गरेका साहित्य र कला पनि छ; जसले साम्राज्यवादीहरूको सेवा गर्छ । जसलाई हामी देशद्रोही साहित्य र कला भन्दछौं ।

वास्तविक साहित्य र कला व्यापक जनसमूहका लागि हुनुपर्ने कुरा उठाएर माओले जनसमूहको चिनारी दिएकाछन् ।

व्यापक रूपमा रहेका उत्पीडित वर्गको समूहलाई उल्लेख गरेर माओले क्रान्तिकारी साहित्य र कला सर्वप्रथम क्रान्तिको नेतृत वगर्ने मजदूर वर्गका लागि हो भने दोस्रो स्थानमा किसानहरूका लागि र तेस्रोमा सशस्त्र मजदूर र किसानहरू, चौथोमा शहरिया निम्न पूँजीपति वर्गका श्रमिक जनसमूहहरू र निम्न पूँजीवादी बुद्धिजीवीहरूका लागि हो भनेर तत्कालीन चिनीया समाजको वर्ग विश्लेषण समेत गरेका छन् ।

माओत्से तुङले साहित्यले कसको सेवा गर्ने भन्ने प्रश्नको समाधान गरीसकेपछि कसरी सेवा गर्ने भन्ने सन्दर्भमा स्तरीकरण र लोप्रियकरणको प्रश्न उठाएका छन् । उनले स्तरीकरण र लोकप्रियकरणलाई द्वन्द्वात्मक तरिकाबाट स्पष्ट पारेका छन् । उनका दृष्टिमा साहित्य र कला आधारभूत रूपले मजदूर, किसान तथा सिपाहीहरूका निम्ति हो र स्तरीकरण र लोकप्रियकरण गर्दाखेरि पनि तिनै जन-समूहलाई ध्यानमा राखेर गर्नुपर्छ भन्ने रहेको छ माओले स्तरीकरण र लोकप्रियकरणको ब्याख्या गर्दै भन्छन्:

लोकप्रियकरण गर्नु भन्नुको अर्थ हो मजदूर, किसान र सिपाहीहरू माझ लोकप्रिय तुल्याउनु र स्तर उकास्नु भन्नुको अर्थ हो हालको स्तरबाट माथि उठाउनु हो । माओले साहित्य र कलालाई वर्गीय दृष्टिकोणबाट हेरेका छन् । साहित्य र कलालाई महत्वदिँदादिँदै पनि उनले साहित्यलाई राजनीतिभन्दा दोस्रो स्थानमा राखेका छन् ।

यसरी माओले राजनैतिक अन्तर्वस्तु र कलात्मक रूपतत्वका माझ एकता हुनुपर्ने कुरालाई महत्व दिएका छन् र साहित्य र कलाका क्षेत्रमा यी दुई बीचमा देखिने दुर्बलतालाई हटाउनुपर्ने माग गरेका छन् ।

### २.१.८.४. प्रगतिवादी साहित्य र यसको स्वरुपः

नेपाली साहित्यमा प्रयोग भएको 'प्रगतिवादी' मार्क्सवादी सौन्दर्य शास्त्रलाई आधार बनाइ साहित्य सिर्जनामा प्रयुक्त शब्द हो । अझ यसलाई निश्चित मूल्य र मान्यतामा आधारित साहित्यको रूपमा र वर्गीय साहित्यको विशिष्ट स्वरूपमा रहेको कला-साहित्यको रूपमा लिन सकिन्छ । मार्क्स, एङ्गेल्स, लेनिन र माओत्से तुङका दार्शनिक र साहित्य-कला चिन्तनका आधारमा 'प्रगतिवाद' उभिएका मार्क्सवादी वैज्ञानिकद्वारा प्रतिपादित विश्व दृष्टिकोणलाई नै आफ्नो मूल मान्यता र दृष्टिकोण बनाएको पाइन्छ । द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट समाज र जीवनलाई हेर्ने, विश्लेषण गर्ने मार्क्सवादी दर्शनले कला साहित्यका क्षेत्रमा भाववादी चिन्तनभन्दा भिन्न दृष्टिकोण स्थापना गरेका छ । यस दृष्टि अनुसार साहित्य र कला मानवीय प्राप्ति हुन् र यिनको सिर्जनामा कुनै अलौकिक शक्ति वा ईश्वरप्रदत्त प्रतिभाको संलग्नता छैन ।

साहित्य र कलालाई मानवीय यथार्थसँग जोड्ने मार्क्सवादी साहित्य चिन्तनले प्रगतिवादको स्वरूप निर्माण गरेको छ । साहित्यमा जसलाई 'प्रगतिवाद' भनिन्छ, यथार्थतः त्यो मार्क्सवादकै साहित्यिक अवतरण हो ।[६८] विशेषतः प्रगतिवादले मार्क्सवादलाई नै आफ्नो दार्शनिक धरातल बनाएको र त्यस दर्शन अनुरूप मानव समाजको इतिहास वर्ग-संघर्षयुक्त भएको तथा त्यस वर्ग संघर्षमा सर्वहारा वर्गको पक्ष लिने, शोषण-दमन, उत्पीडन, अन्याय, अत्याचारका बिरूद्ध विद्रोह र क्रान्तिको आह्वान गर्ने साहित्यलाई नै 'प्रगतिवादी' संज्ञा दिइएको पाइन्छ ।

नेपाली साहित्यमा प्रगतिवादी साहित्यका सम्बन्धमा साहित्यकार आलोचकहरूको आ-आफ्ना दृष्टिकोण राखेका छन् । यसक्रममा उनीहरूले प्रगतिवादी साहित्यको रूप र विषयवस्तुका बारेमा आफ्नो स्पष्ट धारणा प्रस्तुत गरेका छन् । प्रगतिवादी साहित्यले एउटा वर्गको पक्ष लिने र अर्को वर्गका विरूद्ध विद्रोह गर्ने मात्र होइन, त्यसले नवीन समाज सिर्जनाका निम्ति सहयोग समेत पुऱ्याउने गर्दछ । यसर्थ युग निर्माता असंख्य उत्पीडित श्रमजीवीहरूको संघर्ष र तिनीहरूको स्वर्णिम भविष्यलाई आँकलन गर्ने साहित्य नै प्रगतिवादी साहित्य हो । समालोचक कृष्णचन्द्र सिंह प्रधानले कवि, कालाकार, साहित्यका, समाजका सदस्य व्यक्ति समाज निर्माता र सजग प्रहरी हुन् भने उनीहरूको सहानभूति, सहयोग, उत्पीडित वर्गपछि हुने र पुरानो पतनोन्मुख वर्गका पक्षमा कलाकारहरू नलाग्ने तथ्य स्पष्ट पार्दै उनले कला वा साहित्य, जीवनमूलक हुन्छ भनी रूपवाद वा कलावादको खण्डन गर्दै उदीयमान उत्पीडित वर्गको चाहना, आशा, आकाङ्क्षा, आदर्श र अवस्थाको साथै[६९] उनले सामन्तवादी, पूँजीवादी शोषकवर्गको जीवन, आकाङ्क्षा, आदर्श, मनोभावना, व्यवहार आदिको प्रतिबिम्बन गर्नु भनेको यथार्थ लेखन वा प्रगतिवादी लेखन होइन भन्ने अभिमत र स्वतन्त्र साहित्य भनेको पनि वर्गीय साहित्य नै भएको र बहुंख्यक उदीयमान वर्गको पक्षमा संलग्न साहित्य नै वास्तविक रूपमा स्वतन्त्र साहित्य भएको यथार्थलाई स्पष्ट पारेका छन् । कुनै पनि

६८ डा. ऋषिराज बराल, प्रगतिवाद (विराटनगर, हाम्रो साहित्य सदन, २०४९) पृ.सं.४८
६९ कृष्णचन्द्र सिंह प्रधान, भञ्ज्याङनिर, (काठमाडौं कृष्णचन्द्र सिंह प्रधान२००८) पृ.सं.१२

साहित्यकार तटस्थ हुन नसक्ने वास्तविकतालाई औँल्याउँदै आलोचक प्रधानले साहित्यकारहरूका सामु दुई बाटो स्पष्ट रूपमा रहेको देखाएका छन् । एउटा शोषक शासक वर्गको पष र अर्कोचाहिँ शोषित उत्पीडित वर्गको पक्ष हो । शोषित उत्पीडित वर्गको पक्षलिने साहित्य नै प्रगतिवादी साहित्य हो भने शोषक वर्गीय साहित्य प्रगतिवादी वा प्रतिक्रियावादी साहित्य हो ।[७०]

त्यसैगरी पछ्रोटे विचारधारा वा पुरातनवादी विचारधारा, अवैज्ञानिक दृष्टिकोण, जातिवादी, भाग्यवादी, निराशावादी र पलायनवादी साहित्यले बहुसंख्यक जनताको कल्याण नगर्ने हुँद त्यस किसिमको साहित्य सिर्जनातर्फ लेखक, साहित्यकार संलग्न हुनुहुन्न र सामाजिक, आर्थिक यथार्थताको चित्रण गर्ने क्रममा जनताका शोषक, फटाहाको शक्तिलाई देखाउँदा उत्पीडित वर्गलाई निराश र हतास पार्ने किसिमबाट देखाउनु हुँदैन, जनता उत्साहित पार्ने र सांगठनिक संघर्षतर्फ उत्प्रेरित गर्ने र संघर्षप्रति आस्थावान गराउने तरिकाबाट सामाजिक यथार्थताको चित्रण गर्नुपर्छ भन्ने श्यामप्रसाद शर्माको दृष्टिकोण उल्लेख्य रहेको छ ।

प्रगतिवादी साहित्यले वर्गीय दृष्टिकोण लिए तापनि अँध्यारो र उज्यालो दुवै पक्षको चित्रण हुनुपर्छ तर प्रगतिवादी साहित्यकारले उज्यालो पक्षमा बढी जोड दिनुपर्छ ।[७१] प्रगतिवादी साहित्यकार पारिजातले साहित्य र राजनीतिमा रहेको भिन्नतालाई देखाउने क्रममा समाजको गतिशीलता, उत्पादन सम्बन्ध, परिवर्तनकारी स्थिति निर्णायक तत्व तथा वर्ग संघर्षको समग्ररूप राजनीति हो भन्दै राजनीतिमा हुने सम्पूर्ण तत्वहरूबाट प्रेरित र निर्देशित परिणामको रूपमा साहित्यलाई लिएकी छन् । लेनिनले भने जस्तै पारिजातले पनि वर्ग संघर्षको हतियारका रूपमा र राजनीतिको सारतत्वलाई लिएर अभिव्यक्त हुने कलाका रूपमा साहित्यको ब्याख्या गर्दै साहित्यको निचोड राजनीतिमा हुने र साहित्यको अनुभूतिको स्वरूपमा भने पृथकता हुने भनी पारिजातले साहित्यको विशिष्ट स्वरूपतर्फ जोड दिएकी छन् ।

---

७० पूर्ववत् ।
७१ श्यामप्रसाद शर्मा, साहित्यका पात्रा/पात्रीहरु (काठमाडौं नवआलोक प्रकाशन २०३९) पृ.४

प्रगतिवादी कवि गोविन्द भट्टले वस्तु जगतलाई हेर्ने उसका दृष्टिकोणमा आफ्नो साहित्यलाई शोषक वा शोषित कुन वर्गको सेवामा लगाउन खोजेको तथा साहित्यलाई आत्म मनोरञ्जनको साधन वा मानव समाजलाई परिष्कृत, जागृत र विकसित गराउन खोजेको छ भन्ने आधारमा साहित्यकारलाई हेर्नु पर्दछ भन्ने मान्यता प्रस्तुत गरी प्रगतिवादी साहित्यमा यथार्थ संसारप्रतिको हेराइ वैज्ञानिक हुने कुरा औँल्याउँदै शोषित उत्पीडित वर्गको सेवा र हितका निम्ति लेखिने साहित्य प्रगतिवादी साहित्य हो भनेका छन् । स्वान्तः सुखाय वा आत्मनोरञ्जनका निम्ति लेखिने साहित्य भन्दा विपरीत ध्रुवमा रहेको प्रगतिवादी साहित्यले मानव समाजलाई प्रगतितर्फ उन्मुख गराउने, ब्यूझाउँने र सही मार्ग देखाउने काम गर्दछ र प्रगतिवाद आदर्शवादभन्दा भिन्न धरातलमा उभिएको छ । गोविन्द भट्टले साहित्य र कला वर्गीय हुने र वर्ग निरपेक्ष भन्ने कुरा शोषकवर्गको चालबाजी मात्र भएको तथ्यलाई स्पष्ट पारेका छन् । प्रगतिवादी आलोचक मणिकलाल श्रेष्ठका बिचारमा प्रगतिवादी साहित्यले यथास्थितिवादीहरूको प्रगति बिरोधी प्रयत्नको विरूद्धमा बहुसंख्यक जनताको संघर्षलाई समर्थन, सहयोग र प्रेरणा दिने काम गर्दछ । समाजको गतिलाई अवरूद्ध पार्न खोज्नेहरूको सहयोग गर्ने साहित्यभन्दा भिन्न रूपमा रहेको प्रगतिवादी साहित्यले साम्राज्यवाद, उपनिवेशवाद र जातिहरूजस्ता जनविरोधी प्रतिक्रियावादी शक्तिहरूका प्रतिरोधमा उठेको अन्तर्राष्ट्रिय एकताको भावनालाई पनि अँगाल्ने गर्दछ ।[७२]

प्रगतिवादी समालोचक निनु चापागाईँका अनुसार प्रगतिवादी साहित्यकारहरूले लिने द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण भएको र यस दृष्टिकोणका वैज्ञानिक विश्लेषणका आधारमा आजसम्म भएका शोषण-उत्पीडन, अत्याचार वर्ग विभेदको मुख्य स्रोत व्यक्तिगत सम्पत्ति हो भन्ने ठम्याई रहेको छ भन्दै मानवसमाजबाट मानवजातिमाथि हुने सम्पूर्ण किसिमका शोषणको अन्त्य, मानवको मुक्ति वा साम्यवादी समाजको स्थापना व्यक्तिगत पूँजीको समाप्तिबाट मात्र संभव हुने हुँदा मानवसभ्यता,

---

७२ मणिकलाल श्रेष्ठ, साहित्यमा प्रगतिवाद केही चर्चा, प्रगतिवादी साहित्यको भूमिका, (दार्जिलिङ नेपाली एकाडेमी सन् १९८१) पृ.१६४/६५

सँस्कृति र इतिहासका मिर्माता श्रमजीवी जनता मध्ये सबभन्दा क्रान्किारी तत्व सर्वहारा वर्ग हो र प्रगतिवादी साहित्यकारले सर्वहारा वर्गीय दृष्टिकोण अँगाल्नु पर्ने र सामूहिक उन्नयनमा विश्वास, व्यक्तिगत स्वार्थको बिरोध, शोषक वर्गका विरूद्ध हुने संघर्षको दृढ समर्थन गर्नु पर्दछ भन्ने रहेको देखिन्छ ।

वस्तुतः प्रगतिवादी साहित्य मार्क्सवादी दर्शनद्वारा अनुप्राणित रहेको छ । मार्क्सवादी दर्शन अनुसार कला-साहित्य सामाजिक जीवनबाट पृथक रहन सक्तैन र यसले जीवनका आर्थिक, सामाजिक, संघर्षलाई नै आफ्नो आधारभूमि बनाउँछ । तसर्थ नेपाली साहित्यका साहित्यकारहरूका प्रगतिवादी साहित्य सम्बन्धी मान्यता र दृष्टिकोण पनि त्यसै मार्क्सवादी दर्शनद्वारा स्थापित मान्यतमा आधारित रहेका छन् ।

### २.१.८.५. प्रगतिवादी साहित्यको निष्कर्षः

नेपाली साहित्यमा प्रयोगित 'प्रगतिवाद' को दार्शनिक आधार र यसको स्वरूपका सम्बन्धमा गरिएको अध्ययन-विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त भएका छन्:

१. प्रगतिवादको दार्शनिक आधार भनेको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो ।
२. प्रगतिवादले कला-साहित्यलाई आर्थिक, सामाजिक, साँस्कृतिक प्रतिबिम्बका रूपमा स्वीकार गर्दछ ।
३. प्रगतिवादी दृष्टि अनुरूप वर्ग-विभक्त समाजमा कला-साहित्य पनि वर्गीय नै हुन्छ ।
४. शोषक र शोषित वर्गमा बाँडिएको समाजमा प्रगतिवादी साहित्यले शोषित वर्गको पक्ष अँगाल्ने गर्दछ ।
५. सामन्तवाद, पूँजीवाद, विस्तारवाद र साम्राज्यवादका विरूद्धमा हुने संघर्षलाई प्रगतिवादी साहित्यले सहयोग पुऱ्याउँछ ।
६. प्रगतिवादले साहित्यमा प्रतिक्रियावादी शक्ति र क्रान्तिकारी शक्तिका बीच हुने संघर्षलाई यथार्थ रूपमा देखाउनु पर्छ भन्ने मान्यता राखेको छ ।

७. प्रगतिवाद आदर्शवादभन्दा भिन्न धरातलमा उभिएको छ ।

८. प्रगतिवादको उद्देश्य मानव समाजमा हुने सबै किसिमका शोषण अत्याचारबाट मुक्ति र साम्यवादी समाज निर्माण गर्नु हो ।

९. प्रगतिवादले व्यक्तिवादी प्रवृत्तिको दृढ बिरोध गर्दछ ।

१०. प्रगतिवादले सर्वहारा मानवतावादी भावनाको उथ्थानमा विशेष जोड दिन्छ ।

## २.१.९. प्रगतिवादी नेपाली कविताको पृष्ठभूमिः

साहित्यको विकासका सन्दर्भमा सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक र साहित्यिक अवस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । प्रगतिवादी नेपाली कविताको उद्‌भव हुनुमा पनि नेपाली समाजभित्र रहेका विविध वस्तुस्थितिले अहँ भूमिका खेलेको पाइन्छ । अझ साहित्य एक्कासि शून्यमा नजन्मने हुनाले पनि ती पृष्ठभूमिको सम्बन्धमा चर्चा गर्नु उपयुक्त नै हुन्छ । विश्वसाहित्य नै समाजवादी यथार्थवाद वा प्रगतिवादको जन्म र विकास तत्कालीन राजनीतिक, आर्थिक, साँस्कृतिक, साहित्यिक परिस्थितिबाट भएको हो भने नेपाली साहित्यमा पनि यसको निम्ति अनुकूल राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक एवं साहित्यिक परिवेशको सिर्जना भएको पाइन्छ ।

### २.१.९.१. राजनैतिक पृष्ठभूमिः

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नु अघि नेपाल राज्य विभिन्न सानातिना सामन्ती टुक्रामा विभाजित भएको पाइन्छ भने रजौटाका रूपमा रहेका सामन्ती राजाहरू महासामन्तभन्दा साना सामन्त नायकका रूपमा प्रतिष्ठापित भएका देखिन्छन् । पृथ्वीनारायण शाहको एकीकरण पश्चात नेपाल एउटा राष्ट्रका रूपमा विकास भएको पाइन्छ । सामन्तवादी निरङ्कुश राजनैतिक व्यवथाको स्थापना पृथ्वीनारायण शाहले गरेको देखिन्छ । हुन त पृथ्वीनारायण शाहभन्दा अगाडि सामन्तवादी लिच्छबी, मल्ल, खस, सेन आदि वंशका राजाहरूले राज्य शासन कायम गरेका थिए । तिनीहरूले टुक्रिएका साना-साना

सामन्ती रजौटामा आफ्नो शक्ति भएको अवस्थामा बेला-बेलामा आक्रमण गर्दै गएको र जितहार प्राप्त गरेको देखिन्छ । तापनि पृथ्वीनारायण शाहले नेपाल भित्रका सानातिना सामन्ती रजौटाहरूलाई गोरखाराज्यमा गाभी, ठूलो सामन्ती राज्यमा केन्द्रित गरी विकसित गरेको देखिन्छ । नेपाली साहित्यको आरम्भ पनि पृथ्वीनारायण शाहकै शासनकालमा भएको हो । त्यस अघि नेपाली भाषा-साहित्य मौखिक रूपमै रहेको थियो । ठूलो राज्यको निर्माणले साहित्य वा कलाको सिर्जनामा सामन्तवादी प्रशंसा र स्तुतिले केही मात्रामा सहयोग पुऱ्याएको देखिन्छ । वि.सं. १७९९ सालमा पृथ्वीनारायण शाह गोरखामा बसेदेखि नै उनीबाट एकीकरणको योजनाको तर्जुमा गरिन थालिएको र त्यहाँदेखि त्रिहत्तर वर्षको लामो अवधिसम्म विभिन्न राज्याधिकारी र शासकहरूले एकीकरणको नीतिलाई अँगालेका हुनाले[७३] एकीकरणको अभियान लामो समयसम्म चलेको पाइन्छ । पृथ्वीनारायण शाहको समयदेखि भीमसेन थापाको समयसम्म राज्यविस्तारको नीति यथावत् रहेको देखिन्छ । यो अभियान अँग्रेज-नेपाल युद्ध र साम्राज्यवादी अँग्रेजसँगको वि.सं.१८७१-७२ को सन्धिपछि रोकिन्छ । नेपालको सामन्तशाहीद्वारा गरिएको सुगौली सन्धिको परिणाम स्वरूप नेपाललाई साम्राज्यवादी अंग्रेजसँग सन्धि गर्नुपर्ने वाध्यता हुन्छ । साम्राज्यवादी अंग्रेजको स्वार्थका निम्ति सन् १९१४-१८ को प्रथम विश्वयुद्धमा पनि चन्द्रशमसेरले नेपाली युवाहरूलाई संलग्न गराएको पाइन्छ ।[७४] राणाशाहीको प्रादुर्भावपछि सामन्ती शोषणको अतिरिक्त साम्राज्यवादी शोषण बढ्न थालेको पाइन्छ भने राणाशाही मध्ययुगीन सामन्तवादको प्रतिनिधि र अंग्रेजहरूको कठपुतली एवं प्रगतिबिरोधी प्रतिक्रियावादी पारिवारिक अधिनायकत्व रहेको देखिन्छ । राणाकालमा अंग्रेजहरूले नेपाललाई फौजी भर्तीको सुरक्षित क्षेत्र राखेको र ज्ञान-विज्ञान छिर्न नदिने गरी राणाशाहीको कालो पर्दाले ढाकिएको हुनाले राणा पारिवारिक

७३ डा. दयाराम संभव र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, (काठमाडौं साझा प्रकासन २०४०) पृ.३१

७४ भीमरावल नेपालमा साम्यवादी आन्दोलन, उद्भव र विकास, ( काठमाडौं पौरवी प्रकासन, दो.सं. २०४७) पृ.१३

अधिनायकवाद अन्तर्गत जनतामाथि असह्य अत्याचार बढ्दै गएको देखिन्छ ।

नेपाल अंग्रेजहरूको सहायता गर्नु अनुचित भएको कुरा प्रकट गर्दा वनारस निर्वासित हुन पुगेका देवीप्रसाद सापकोटाले वनारसबाट 'गोरखाली' नामको पत्रिका प्रकाशन गरी राणाशासनको शोषणनीतिको विरोध गरेको पाइन्छ । यसै समयमा कौसिल अड्डाका सुब्बा कृष्णलाल अधिकारीले 'मकैको खेती' नामक आफ्नो किताबमा 'हामी आफ्ना देशी कुकुरभन्दा विदेशी कुकुरको धेरै मान गर्दछौं तर चोर डाँकूहरूबाट हाम्रो रक्षा गर्ने बखत गद्दीमा सुत्ने विदेशी कुकुर काम नलागी स्वदेशी कुकुरहरू नै काम लागछन्' भन्ने लेखेको हुनाले उनलाई नौ वर्ष जेल सजाय दिएको पाइन्छ ।

खासगरी प्रथम विश्वयुद्धको लहरले नेपालभित्रका मान्छेमा पनि चेतनाको बीज उमार्न सहयोग पुऱ्यायो । दुई लाख नेपाली युवाहरू प्रथम विश्वयुद्धमा अंग्रेजका भाडाका सैनिकका रूपमा युरोपका विभिन्न युद्ध मोर्चामा लडेका र तिनीहरू युद्धको समाप्तिपछि नयाँ बिचारहरूबाट प्रभावित भएर आएका पाइन्छन् ।

रूसमा भएको सन् १९१७ को अक्टोवर क्रान्तिपछि सन् १९२१ मा चीनियाँ कम्युनिष्ट पार्टीको स्थापना भएको पाइन्छ भने सन् १९२८ मा भारतीय कम्युनिष्ट पार्टीको स्थापना प्रवासी भारतीयद्वारा सोभियत संघमा भएको पाइन्छ । भारतमा अध्ययनरत नेपाली युवाहरू र भूतपूर्व सैनिकहरू भारतीय स्वतन्त्रता संग्राम र विश्वमा भएका नयाँ लहरबाट प्रभावित हुन पुगछन् ।

वि.सं.१९८८ मा राणाशाहीका विरूद्धमा 'प्रचण्ड गोर्खा' र वि.सं. १९९३ मा 'नेपाल प्रजा परिषद' स्थापना भएपछि नेपालभित्र राजनैतिक चेतनाको भावनामा अभिवृद्धि भएको पाइन्छ । वि.सं.१९९७ असार ९ मा राणाशासनविरूद्ध नेपाल प्रजा परिषदद्वारा नेपाली जनतालाई राजनैतिक रूपमा आन्दोलित गर्ने प्रयास स्वरूप पर्चा छरिन्छ । पर्चाबाजी गरेबापत सयौं व्यक्तिलाई गिरफ्तार गरिएको पाइन्छ र गंगालाल श्रेष्ठ, दशरथ चन्द, कर्भभक्त माथेमा र शुत्रराज शास्त्रीलाई मृत्युदण्ड दिइन्छ ।

प्रजापरिषदकै काण्डका फलस्वरूप शिक्षा प्रचार गर्ने र नेपाली युवाहरूमा क्रान्तिकारी भावना जगाउने उद्देश यबोकेका 'महावीर स्कूल' तथा प्रजापरिषदकै सक्रियतामा गठित 'नेपाली नागरिक अधिकार समिति' सँग सम्बन्धित व्यक्तिहरूलाई पनि दण्ड-जरिवाना र कैद गरिएको पाइन्छ। शहीद पर्वपछि राणातन्त्र बिरोधी आन्दोलन थामिएन। सन् १९४१ मा गुप्त रूपमा गठन भएको 'अखिल नेपाल वर्ग महासभा' ले रक्तपात कमिटी गठन गरी क्रान्तिकारी बिचार फैलाउने प्रयास गर्दै 'गणतन्त्र नेपाल जिन्दावाद' भन्ने नारा दिएको कुरा उल्लेखनीय छ। त्यसरी नै वि.सं. २००३ कार्तिक १५ मा अखिल भारतीय नेपाली काँग्रेस र २००५ मा नेपाल प्रजातन्त्र काँग्रेसको स्थापना भएको देखिन्छ। त्यसैगरी काठमाडौँमा १९९९ तिरै 'रिपब्लिकन पार्टी' पाटनमा 'विश्वभातृ संघ' र काठमाडौँमा 'साम्यवादी संघ' खोलिएका देखिन्छन्। राणाशासन बिरोधी भावना ब्यूँझाउन गठित राजनैतिक संगठनहरूले नेपाली सामाजिक वर्ग-विभेदलाई देखाउन सहयोग पुऱ्याएको देखिन्छ भने द्वितीय विश्वयुद्धपछि रूस र चीनमा समाजवादी व्यवस्था स्थापना भएको र भारतीय स्वतन्त्रतासंग्रामले सफलता प्राप्त गरेको पृष्ठभूमिमा नेपालमा पनि २००६ साल असोजमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको पाइन्छ। यही राजनैतिक पृष्ठभूमिमा नेपाली साहित्यमा प्रगतिवादको उद्भव भएको हो।

### २.१.९.२. आर्थिक पृष्ठभूमिः

नेपालको एकीकरणभन्दा अगाडिदेखि नै नेपालमा सामन्तवादी व्यवस्था कायम हुँदै आएको पाइन्छ र पृथ्वीनारायण शाहको एकीकरण प्रक्रियाबाट त्यसै सामन्तवादी व्यवस्थालाई नै सुदृढ र केन्द्रीत बनाउने कार्य भएको पाइन्छ । राणाशाहीकोउदयसँगै सामन्ती आर्थिक उत्पीडनबाट उत्पीडित नेपालीहरू निरङ्कुश जहानियाँ शासनबाट शोषित हुन पुगेका पाइन्छन् । त्यतिबेला जनतामाथि चर्को आर्थिक शोषण मात्र नभएर शासन व्यवस्था स्वेच्छाचारिता र राजनीतिक प्रक्रिया हिंसा षडयन्त्रमा आधारित भएको हुनाले नेपाली जनताको आर्थिक अवस्था अति नै दयनीय भएको पाइन्छ । प्रधानमन्त्री हुने क्रममा सदैव स्पर्धा र संघर्ष रहेकाले शासकहरूले आफ्नो स्थितिमा स्थायित्व अनुभव नगरेको फलस्वरूप उनीहरू सदैव आफ्नो र आफ्नो परिवारको भविष्य चिन्ता गर्न लागेको र उनीहरूको ध्यान सधैँ देशको आर्थिक शोषणतिर गएको देखिन्छ । क , ख , ग , श्रेणीमा विभाजित भएका राणाहरूले देशको विकास गर्नु भन्दा आफ्नै स्वार्थका निम्ति राष्ट्रिय ढुकुटीको दुरूपयोग गरेको पाइन्छ । अंग्रेजी पल्टनमा नेपाली युवाहरूलाई पठाएर राणाशासकहरूले त्यसबापत पाउने रकम समेत आफ्नो ऐश आराममा लगाएको पाइन्छ ।

देशभित्र खुलेका जुट, कपडा र चिनी मिलजस्ता उद्योगहरूमा पनि भारतीय पूँजीपतिहरूकै नियन्त्रण भएको देखिन्छ भने दासप्रथाको उन्मूलन भएको कुरा गरिए पनि सामन्ती मालिकहरूले किसानहरूलाई १५ दिन सम्म थुन्ने कानूनी अधिकार पाएको देखिन्छ । राणा जमिन्दार, द्वारे, ठालु र मुखियाहरूले किसानहरूबाट उठाएको तिरो आफ्नै व्यक्तिगत मोजमज्जामा खर्च गर्ने गरेको देखिन्छ । यसरी नेपाली समाज सामन्तवादी र पूँजीवादी सत्ताको आर्थिक शोषणबाट थिचिएका पाइन्छन् । यसैले गर्दा सामन्ती राणाशाहीको बिरोधमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जनताको असन्तोष प्रकट हुन गएको देखिन्छ ।

वस्तुतः राणाशाही सत्तामा आएपछि साम्राज्यवादीहरूले नेपालमा आफ्नो प्रभाव विस्तारित गरेको पाइन्छ र नेपालभित्रका भूस्वामीहरूको

शोषण-उत्पीडन परम्परागत रूपमै आएको र त्यसले निरन्तरता प्राप्त गरेको देखिन्छ । परिणामस्वरूप नेपाली जनता एकातिर सामन्त शोषणको चपेटा र मारमा परेका देखिन्छन् भने अर्कोतिर पूँजीवादी साम्राज्यको विस्तारको क्रममा ब्रिटिस साम्राज्यवादीहरूको स्वार्थका निम्ति नेपाली युवाहरूलाई गोर्खा पल्टनमा भर्ती गर्ने गरेको पाइन्छ । ग्रामीण जीवन यापन गर्ने किसानहरू एकदमै निरीह अवस्थामा रहेका देखिन्छन् र बहुसंख्यक वर्गका नेपाली जनता सामन्तवादी सत्ता र साम्राज्यवादी शक्तिको बर्बर अत्याचारबाट उत्पीडित भएका पाइन्छन् । यसै पृष्ठभूमिमा नेपाली साहित्यमा कविता विधाको सिर्जना भएको पाइन्छ । नेपालीको कवितामा प्रगतिवादी धाराको उत्पत्ति र विकास क्रममा देशमा विद्यमान आर्थिक पृष्ठभूमिले महत्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य स्पष्ट रूपमा पाइन्छ ।

### २.१.९.३. सामाजिक पृष्ठभूमिः

नेपालमा शाहाकाल पूर्व नै सामन्तवादी व्यवस्था कायम हुँदै आएको र एकीकरण अभियानले त्यसै व्यवस्थालाई नै सुदृढ र केन्द्रीकृत बनाएको देखिन्छ । विश्वका अनेकन मुलुकहरूमा आधुनिक विज्ञान तथा प्रविधिको विकास भए तापनि नेपालभित्र त्यसको कुनै प्रभाव रहेको पाईंदैन । दीर्घकालदेखि नै सामन्ती शोषणमा आधारित सामाजिक व्यवस्था कायम भएको हुँद नेपाली सामाजिक जीवन मध्यकालीन बर्बर स्थितिमा बाँचेको पाइन्छ ।

राणाकालमा एकातिर शासकहरूको स्वार्थी र विलासी प्रवृत्तिले गर्दा चर्को शोषणबाट जनता थङ्लिएका देखिन्छन् भने अर्कातिर उर्बराभूमि बिर्ताको रूपमा बासक परिवारले कब्जा जमाएको हुनाले उत्पादन ह्रास आएको पाइन्छ । नेपालको भूमिबाट नेपाली जनताले कुनै किसिमको आर्थिक उपार्जन आर्थिकस्तर उकास्ने गर्ने कार्य गर्न संभव देखिदैन । नेपाली समाजलाई साम्राज्यवादीहरूको स्वार्थका निम्ति बलजफ्ती प्रयोग गरेर शासकवर्ग आफ्नो शोषणमूलक व्यवस्थालाई सुदृढ बनाउनेतर्फ लागेको पाइन्छ । साम्राज्यवादीहरूको प्रवेश र तिनीहरूबाट भएको

शोषणबाट नेपाली जनताको हुनसम्म बिजोग भएको स्पष्ट रूपमा पाइन्छ ।

यसरी राणाशाहीकालमा नेपाली सामाजिक स्थिति ज्यादै नै कारूण र भयावह भएको देखा पर्दछ । राणाहरूको सामन्ती विलासी प्रवृत्तिले गर्दा नेपाली समाजमा जूवा, व्यभिचार, मद्यपान, परनिन्दा र हरेक प्रकारको हीन मनोवृत्तिको महारोगले ग्रस्त भएको र निम्नवर्ग जीविकाका लागि देश-विदेश भौतारिन बाध्य हुन पुगेको देखिन्छ । प्रथम विश्वयुद्धदेखि नै अंग्रेजी साम्राज्यवादको स्वार्थका निम्ति होमिन विवश नेपालीहरू भारतमा फौजी, कुल्ली, गोठाला, दर्बानी, मान्से, चपरासी र वेश्यावृत्ति जस्ता हीनतर पेशामा संलग्न भई जीवनयापन गर्न बाध्य भएका पाइन्छन् । हिन्दू सामाजिक व्यवस्था जन्य कुरीति, अन्धविश्वास, रूढिवाद र धार्मिक अन्धवादद्वारा नेपाली समाज जर्जर भएको पाइन्छ । सामन्तवादी र साम्राज्यवादी शोषण उत्पीडनबाट नेपाली जनतामाझ भित्रभित्रै आक्रोशको भावना स्वतस्फूर्त रूपमा जन्मन खोजेको देखिन्छ । कृष्णलाल अधिकारीको 'मकैको खेती' डम्बरसिंह गुरुङको 'गोरखा संसार' पत्रिका तथा भूतपूर्व सैनिकहरू एवं भारतमा शिक्षा प्राप्त गरेका नवयुवाहरूको सामाजिक प्रक्रियाहरू शासकवर्गका विरोधमा देखिएका बिचारहरू हुन् । यसरी प्रत्यक्ष नेपाली समाज भित्रको द्वन्द्व नदेखिए पनि राणाशाही कालमा अप्रत्यक्ष रूपमा संघर्ष चर्कदै गएको पाइन्छ ।

त्यसैको परिणामको रूपमा कृष्णलाल अधिकारीको 'मकैको खेती' कृति देखिएको हो । अझ राणा कालमा नै विश्व चेतना र नवजार्गातिको हरले नेपाली जनमानसलाई प्रभावित पारेको हुँद चन्द्र शम्शेरले विवश भएर शिक्षा क्षेत्रमा त्रि-चन्द्र कलेजको स्थापना गरेको देखिन्छ । सामन्तवादी सामाजक संरचना र त्यसबाट उन्मुक्तिको चाहनामा नेपाली जनमानस छटपटाउँदै गरेको अवस्थाले नेपाली साहित्यमा संलग्न साहित्यकारहरूलाई उत्प्रेरित गरेको देखिन्छ । प्रगतिवादी कविताको आदम्भका निम्ति तत्कालीन सामाजिक यथार्थले घच्घच्याएको र परम्परागत विषयवस्तु त्यागी युग-जीवनको वास्तविकता समात्नतर्फ कविहरू आकर्षित हुन पुगेका देखिन्छन् । समाजका विविध तहमा

सामन्तवर्गको प्रभुत्व र तिनकै राइँदाइँले गर्दा समाज र देशप्रति सचेत सिर्जनाकारहरू आत्मिक मनोरञ्जन र उद्देश्यहीन सिर्जनाबाट विमुख भई सामाजिक चेतना र परिवर्तनमुखी सिर्जनामा उन्मुख हुन लागेको देखिन्छ ।

### २.१.९.४. साहित्यिक पृष्ठभूमिः

प्रगतिवादी नेपाली कविताको आरम्भ हुनु अघि नेपाली साहित्यको ऐतिहासिक स्थिति र विकासक्रमलाई नहेरी प्रगतिवादी नेपाली कविताको विश्लेषण गर्न सकिँदैन । यसर्थ नेपाली कविता विद्याको विकासक्रममा प्रगतिवादी धारा पहिल्याउनु उपयुक्त देखिन्छ । नेपाली कविताको विकासक्रमलाई हेर्दा समग्र कविता विद्यालाई तीन कालमा विभाजन गर्न स किन्छ ।

क) प्राथमिक काल आरम्भदेखि वि.सं. १९३९ सम्म ।

ख) माध्यमिक काल १९४० देखि १९७४ सम्म ।

ग) आधुनिक काल १९७५ देखि यता ।

नेपाली कविताको लेख्य रूप देखिनु अघि नेपाली जनमानसमा झ्याउरे, रसिया, कीर्तन, बालुन आदि लोकगीत प्रचलनमा रहेका देखिन्छन् र तिनले समाजका दुःख, सुख, पीडा, व्यथाजस्ता वैयक्तिक आघातलाई अभिव्यक्त गरेका छन् । जनभाषामा आधारित त्यस्ता लोकगीत लोकजीवनमै हुर्कने र विकसित हुने हुँदा तिनको स्वरूप लेख्य इतिहासमा प्राप्त हुँदैन । यसर्थ लेख्य रूपलाई आधार बनाई नेपाली कविता परम्पराको अध्ययन गर्नु आवश्यक छ । नेपाली साहित्यका इतिहासकारहरूले नेपाली भाषाको विस्तारसँगै साहित्य सिर्जना भएको मानेका छन् र नेपाली भाषाको विस्तारमा नेपालको एकीकरण र राज्य विस्तारलाई बढी जोड दिएका छन् ।

त्यसैगरी कुनै इतिहासकारले नेपाली साहित्यको इतिहास लेखन वा नेपाली साहित्यको काल विभाजन विषयवस्तु, शैली, भाषा, राजनैतिक र आर्थिक पृष्ठभूमि र अरू भाषा ।

### २.१.९.१०. आधुनिककाल र प्रगतिवादी कविताधाराः

नेपाली कविताको विवेचना गर्दा धेरै जसो विद्वानहरूले नेपाली कविताको ऐतिहासिक विकासक्रमको सन्दर्भमा भिन्न-भिन्न समयलाई इंगीत गरी कविता परम्परालाई देखाएका छन् । नेपाली कविताको आधुनिककालको आरम्भ विन्दु वि.सं. १९७५ मा भएको कुरालाई नै प्राक् आधुनिककाल वा नव्यकाल मान्नेहरूले पनि अप्रत्यक्ष रूपमा स्वीकार गरेको देखिन्छ भने साहित्यकारको केन्द्रीयतामा युग विभाजन गर्नेहरूले यसै आरम्भ विन्दुलाई मानेकाछन् । नेपाली साहित्यको विकासमा देशभित्र र बाहिरबाट प्रकाशित हुने पत्रिकाहरूको महत्वपूर्ण भूमिका भएको र ती पत्रिकाहरूले सामाजिक चेतनाको विकासमा पनि योगदान पुऱ्याएको तथ्य निर्विवाद छ । यस क्रममा काठमाडौँबाट प्रकाशित हुने 'गोरखा पत्र' (१९५८), बनारसबाट प्रकाशित हुने पत्रिका 'सुन्दरी' (१९६३), 'माधवी' (१९६५), र 'गोर्खाली' (१९७२), दार्जीलिङ खर्साङबाट छापिने-'चन्द्रिका', कोठमाडौँबाट छापिने 'शारदा' र 'उद्योग' (१९९२) आदि पत्रिकाहरूले पनि भाषिक विकासका साथै सामाजिक जीवनमा समेत साहित्यतर्फ लाग्न उत्प्रेरणा प्रदान गरेको देखिन्छ तापनि ती पत्रिकाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तात्कालीन शासकवर्गलाई खुशी पार्ने नियतले नै प्रकाशित भएका भए पनि साहित्यिक विद्याहरूको विकासमा महत्वपूर्ण भूमिका निर्वहन गरेको देखिन्छ ।

नेपाली कविताको माध्यमिककाल पूर्वीय साहित्यिक परम्परा र ज्ञानको सीमापिभत्र खुम्चिएर रहेको र पश्चिमी साहित्य जगत्मा जस्तो नवीन विश्व चेतनामा आधारित जीवनबोध मौलाउन नसकेको अवधि हो भने मोतीराम युगको पुछारतिरका वर्षहरूमा नेपाली साहित्यले विद्रोहात्मकताको छनक देखाइसकेको र राणाशासनको अत्याचारबाट सचेत साहित्यकारहरू उकुसमुकुस भइसकेकाले पनि नेपाली कविता परम्परामा माध्यमिक कालीन श्रृङ्गारिक प्रवृत्ति क्रमशः सेलाउँदै गएको देखापर्दछ । देशीय तथा अन्तर्राष्ट्रिय घटनाचक्रबाट प्रभावित भई भाषा साहित्यमा नवीनताको आभास वि.सं. १९७४-७५ बाट नै भएको पाइन्छ । नेपाली कविता परम्पराको आधुनिक कालको आरम्भमा लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द

सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ युद्धप्रसाद मिश्र आदि देखा पर्छन् ।

आधुनिककालको प्रारम्भिक अवधिमा नै लेखनाथ पौड्यालले अनेकौं फुटकर कविताहरू लेखेका छन् र ती कविताहरू प्रकृति र श्रृङ्गारिक कविहरूको तुलनामा कवि लेखनाथको बाटो, शैली र पक्षमा फाटेको र भाषा चोखोमीठो, शैली कोमलमधुर र पक्ष बौद्धिक भएको भए पनि वैदिक र पौराणिक सनातनी दर्शनमा चुर्लुम्म डुवेका कवि नेपालमा नैतिक आचरण र धार्मिक व्यवहारको अलौकिक जगत् निर्माण गर्न चाहेका देखिन्छन् ।

वि.सं.१९७५ तिर नै जागृतिको शंखघोष गर्ने र सुधारात्मक भावना पोख्ने धरणीधर कोइरालाले अप्रत्यक्ष रूपमा शासक वर्ग र शोषक सामन्तवर्गका विरोधमा नेपाली जनतालाई ब्यूँझाउन खोजेको देखिन्छ । जातीय चेतनाको स्वर भएका धरणीधर कोइरालाले आफ्ना कवितामा देश सुधारतर्फ आह्वाहन गरेका छन् । नेपाली कविताको आधुनिककालको आरम्भमै लेखनाथ पौड्यालसँगै देखापर्ने बालकृष्ण सम परिषकारवादी कवि हुन् । पश्चिमी चिन्तन मुखरित भए पनि सामाजिक परिवर्तनको भावना उनका कवितमा भेटिदैन । कवितामा भन्दा आफ्ना नाटकमा सामाजिक स्थिरयथार्थको चित्रण समले गरेका छन् । पश्चिमी दर्शनबाट प्रभावित र प्रेरित रहेका समका रचनाहरूमा बोद्धिकताको प्रयोग पाइए पनि तत्कालीन युग प्रतिबिम्बित हुन सकेको पाईदैन । आधुनिक विश्व चिन्तनसँग नजिक रहेका समका कविता र लेखनाथ पौड्यालका कविताहरूले कवितात्मक रूप परिष्कृतिका लागि पृष्ठभूमि र दिशानिर्धारण गर्नमा सहयोग पुऱ्याएको देखिन्छ । गौणरूपमा चाहिँ जीवन जगत्को ब्याख्या विश्लेषण गर्नतर्फ पनि पछिका कविहरूलाई घच्घच्याएको हुनाले प्रगतिवादी कविता धाराको पृष्ठभूमिको सन्दर्भमा पौड्याल र सम आएका हुन् ।

प्रगतिवादी नेपाली कविताको उद्भवमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धचरण श्रेष्ठ, युद्धप्रसाद मिश्रको अहँ भूमिका रहेको देखापर्दछ । नेपाली कविता परम्परामा स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तन र विकास गर्ने लक्ष्मीप्रसाद देवकोटा, सिद्धचरण श्रेष्ठ र युद्धप्रसाद मिश्रका आरम्भतिरका कवितामै समकालीन युग विषमताजन्य स्थितिप्रति विद्रोहात्मक चेतना प्रकट भएको

देखिन्छ । स्वच्छन्दतावादी काव्य साहित्यबाट उत्प्रेरित रहेका लक्ष्मीप्रसाद देवकोटा 'गरिब' (१९९१) कवितमा श्रममा बाँच्ने गरीब-जीवनप्रति आकर्षित भएका छन् र अपहेलित गरीबप्रति आफ्नो हार्दिक भावनालाई तादात्म्य गराएका छन् । राणाकालीन बर्बर अवस्थामा आत्मरागी, प्रकृति, उन्मुख स्वच्छन्दतावादी प्रवृत्ति अँगाले पनि देशभक्तिपूर्ण विद्रोहात्मक भावनाले परिपुष्ट कविता लेख्ने सिद्धिचरण श्रेष्ठको 'परिचय' शीर्षककको कवितामा देशद्रोही र जनद्रोही शासकवर्ग वा जनताका पँक्तिमा रहेकाहरूलाई चुनौती दिइएको छ ।

स्वच्छन्दतावादी प्रवृत्तिवाद कविता यात्रा आरम्भ गर्ने युद्धप्रसाद मिश्रका 'चरा' (१९९४) कविता संग्रहमा प्रकाशित कविताहरूमा तत्कालीन विषम अत्याचार-व्याप्त सामाजिक स्थितिप्रतिको अन्तः विद्रोह प्रकट भएको छ ।

नेपाली कविता परम्पराको आधुनिककालमा देखापर्ने लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, वालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र प्रभृतिका कवितामा पाइने समकालीन जीवन-जगत, यथार्थप्रतिको विद्रोह, जागरणमूलक सुधारवादी भावना तथा अप्रत्यक्षतः तत्कालीन शासकवर्गको विरोध आदि प्रवृत्तिहरूले सामाजिक गतिशिल यथार्थवादी प्रवृत्ति उद्भव गराउनमा अन्तः गर्भ सिर्जना गरेका छन् । गोपालप्रसाद रिमालबाट आरम्भ भएको प्रगतिवादी कविता धारामा श्यामप्रसाद शर्मा, केवलपुरे 'किसान', कृष्णचन्द्रसिंह प्रधान, गोकुल जोशी, युद्धप्रसाद मिश्र, भूपि शेरचन, जनकप्रसाद हुमागाइँ, आनन्ददेव भट्ट, टी.आर. विश्वकर्मा प्रभृति कविहरू फुटकर कविताहरू लिएर देखा पर्दछन् । वि.सं. २००० अघि नै देखापरेका युद्धप्रसाद मिश्र, 'मसानको आवाज' (२१०) कविताका माध्यमबाट स्वच्छन्दतावाद त्यागी प्रगतिवादी काव्यधारनातर्फ उन्मुख भएका पाइन्छन् ।

# तेस्रो परिच्छेद

## यज्ञबहादुर डाँगीको जीवनी र व्यक्तित्वको अध्ययन

# तेश्रो परिच्छेद

## ३. यज्ञ बहादुर डाँगीको जीवनी र व्यक्तित्वको अध्ययन ।

### ३.१. विषय प्रवेश

कवि यज्ञ बहादुर डाँगी आधुनिक नेपाली साहित्यको कविता विधामा कलम चलाउने कुशल श्रष्टा र द्रष्टा मानिन्छन । परम्परावादी मान्यताबाट केही माथि उठेर साहित्य सिर्जना गरी राष्ट्रियताको भावनालाई मुखरित गर्ने कवि डाँगीको कविता संग्रह प्रकासित भइसकेको छ । यस शोध कार्यमा उनका ती कृतिहरुको अध्ययन र विश्लेषण गर्ने लक्ष्य राखिएको भएतापनि यस परिच्छेदलाई उनको जीवनी तथा व्यक्तित्वको बारेमा प्रकास पार्ने लक्ष्यमा केन्द्रित गरिएको छ ।

### ३.२. 'जीवनीको' शाब्दिक बनोट तथा परिभाषाः

'जीवन' शब्दमा ई प्रत्यय लगाई जीवनी शब्दको निर्माण भएको हो । अंग्रेजी भाषामा जीवनीलाई बायोग्राफी (Biography) भनिन्छ । ग्रीसेली भाषाको बायो (Bio) र ग्राफिया (Grafia) को संयोगबाट बायोग्राफि शब्द बनेको हो । बायोले जीवन र ग्राफीले लेखनलाई बुझाउँदछ । यसको अर्थ जीवनी नै भन्ने बुझिन्छ ।[७५] नेपाली बृहत शब्दकोषका अनुसार जीवनी भन्नाले कुनै पनि व्यक्तिले जीवनभर गरेका कामकुराको क्रमबद्ध लेख वा कथन भन्ने बुझिन्छ । यसैगरी समालोचक मेघराज गौतमले जीवनीलाई कुनै व्यक्ति विशेषको जीवनचरित्रका विविध पक्षको तथ्य परक अध्ययन गरी कलात्मक शैलीमा लेखिएको रचना भनि प्रकासित गरेका छन ।

यी परिभाषाहरुलाई मनन गर्दा के ज्ञान हुन्छ भने कुनै व्यक्तिको जीवनका उत्तार-चढाव, दु:ख सुख, जीवन भोगाईका क्षणहरुको अनुभूति एंव व्यक्तिका रुचि, चाहना, स्वभाव र विविध अवस्थाको बारेमा

---

७५ हिमांशु थापा, साहित्य परिचय (चौ.सं.) (ललितपुर सा.प्र. २०५०) पृ.२२७

यथार्थपरक ढङ्गले अध्ययन गरी पूर्वाग्रहरहित भई लेखिएको जीवन बृत्तान्त नै जीवनी हो ।

जीवनी कुनै काल्पनिक घटनाहरुको संङ्गालो नभई यथार्थ र वास्तविकतामा आधारित हुन्छ । वास्तविक जीवनका तीता मीठा घटनाहरुलाई तथ्यपूर्ण तवरले प्रस्तुत गर्नु जीवनीको उद्देश्य हो । यसलाई सार्थक र प्रभावकारी बनाउन जीवनीकार अत्यन्त सजग र  सचेष्ट हुनु आवश्यक छ । अति प्रसंसा र अति निन्दा गरिएको जीवनीलाई जीवनीको संज्ञा दिन मिल्दैन । त्यस्तो जीवनी केवल स्तुतिमूलक र निन्दापरक लेख मात्र सावित हुन्छ । अतएव स्तुति र निन्दाबाट टाढा रही तटस्थतापूर्वक गरिएको जीवनका अन्तर्वाह्य दुबै तहको तथ्यमूलक अध्ययन र विश्लेषण नै वास्तविक जीवनी हो ।

## ३.३. नेपाली साहित्यमा जीवनी लेखनको थालनी र विस्तार :

नेपाली साहित्यको क्षेत्रमा जीवनी  लेखन परम्पराको श्रीगणेश लिच्छवीकालदेखि भएको पाइन्छ । विधागत सचेतताका साथ लेखिएका नभएपनि ती अभिलेखी जीवनीले यस विधाको पृष्ठभूमिको कार्य अवश्यनै गरेका छन । त्यसपछि मल्लकालमा पनि केही अभिलेखी जीवनीहरु लेखिएको पाइन्छ । शाहकालमा आएर भने यो विधाले केही आफ्नो स्वरुपलाई अंगालेको पाइन्छ । राम शाह र पृथ्वी नारायण शाहका जीवनीहरु, लिच्छवि र मल्लकालीन जीवनीहरुभन्दा केही परिस्कृत देखिन्छन्  । यति भएतापनि ती जीवनीमा जीवनी विधाको नियमलाई पूर्णतः पालना गरिएको देखिदैन । अतः विधागत सचेतताकासाथ जीवनी लेखन परम्पराको थालनी कवि माोतीराम भट्टको पालादेखि भएको पाइन्छ । उनले आदिकवि भानुभक्त आचार्यको जीवनीमा आधारित भइ लेखेको कवि ***भानुभक्तको जीवन चरित्र***  नै नेपाली साहित्यमा जीवनी लेखन परम्परा भित्राउने जीवनीपरक कृति हो । यसपछि नरनाथ आचार्यको ***आदिकवि भानुभक्तको सच्चा जीवन चरित्र*** , नरदेव पाण्डेको ***कवि मोतीराम भट्टको जीवनी,*** चुडामणि बन्धुको ***देवकोटा,*** घटराज भट्टराईको ***भीमनिधि व्यक्ति र कृति,*** केशव प्रसाद भट्टराईको ***रिमाल व्यक्ति र कृति*** आदि कृतिहरु नेपाली

साहित्यको जीवनी विधामा देखिएका उल्लेख्य कृतिहरु हुन् । यसरी विकसित हुँदै आएको जीवनी लेखन परम्परा केही दशकयता तीब्र रुपमा अगाडि बढेको पाइन्छ । बर्तमान समयमा थुप्रै समालोचकहरुले यो विधामा शशक्त रुपले कलम चलाईरहेका छन । संख्यात्मक रुपमा समालोचनाको यो विधा सम्बृद्ध देखिएतापनि गुणात्मक दृष्टिले यसले आफूलाई पूर्णतः उन्नत एंव परिपक्व बनाउन अझ केहीसमय पर्खनुपर्दछ । नेपाली भाषा र साहित्यका असंख्य अनुसन्धाताहरुले जीवनीपरक खोजमूलक अध्ययन गरिरहेको पृष्ठभूमिमा यस शोधकार्यमा जीवनीका पूर्वोक्त विशेषताहरुलाई यथासम्भव आत्मसात् गरी कवि यज्ञबहादुर डाँगीको जीवनीलाई विभिन्न कोणबाट नियाल्ने चेष्टा गरिएको छ ।

## ३.४. कवि डाँगीको जीवनी :

### ३.४.१. पारिवारिक पृष्ठभूमि :

कवि यज्ञबहादुर डाँगी आर्थिक अवस्था ज्यादै दयनीय भएको परिवारमा जन्मिएका व्यक्ति हुन् । स्वर्गीय बुबा ईन्द्रबहादुर डाँगीका कान्छा छोराका रुपमा उनको जन्म भएको थियो, विक्रम सम्वत २०१० साल फागुन २७ गते राप्ती अञ्चल दाङ जिल्लाको हापुर वगाले भन्ने गाँउमा । त्यतिवेला आर्थिक अवस्था कमजोर भएको कारणले उनका बुबाले अर्काको खेत जोतेर जीवन निर्वाह गर्नुपरेको उनी स्वयं बताउँदछन् । यस्तो दयनीय र जर्जर आर्थिक अवस्थाका कारण कवि यज्ञबहादुर डाँगीको जीवन बाल्यकालबाट नै संघर्षमय बन्न पुगेको देखिन्छ ।

### ३.४.२. बाल्यकाल र शिक्षा दीक्षा

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने राप्ती अञ्चल दाङ जिल्लाको हापुर गा.वि.स. वडा नं ६ पुरानो वगाले भन्ने ठाउँको किसानहरुको वस्तीमा विक्रम सम्वत २०१० साल फागुन २७ गते पिता ईन्द्र बहादुर डाँगी र माता टीकाकुमारी डाँगीका कोखबाट जन्मिएका सात

छोराहरु र एक छोरीमध्ये कवि डाँगी दोश्रो सन्तान हुन् । मेहनती र परिश्रमी परिवारको सन्तानका रुपमा उनले जन्म लिएका थिए ।

कवि डाँगीको वाल्यकाल गाई गोठालो (ग्वाला) मा नै वितेको पाइन्छ । एघार वर्षको उमेरमा मात्र विद्यालय जाने अवसर पाएका डाँगीले नारायणपुर गा.वि.स. को प्रा.वि. पर्सेनीमा प्रथम प्रवेश गरेका हुन् । त्यतिवेला उमेर बढी भएका कारणले र पढाइमा अत्यन्त मेधावी ठहरिएकाले अर्धबार्षिक परीक्षामा प्रथम स्थान हासिल गरी कक्षा २ मा पढ्ने अवसर पाए भने कक्षा २ मा पनि प्रथम भएकाले उनी कक्षा ४ मा भर्ना भए । यसरी उनले कक्षा तीनमा अध्ययन पनि गर्नुपरेन । कक्षा ६ मा नारायणपुरको नारायणपुर मा.वि. मा आए । यसै विद्यालयबाट २०३५ सालमा एस.एल.सी. उत्तीर्ण गरे । हुन त क्रमिक रुपमा जाँदा २०२९ सालमा एस.एल.सी. उत्तीर्ण हुनुपर्ने हो तर आफ्नै आँखाको समस्याले गर्दा अध्ययनमा अवरोध भएको देखिन्छ । उनको अध्ययनकालमा मेधावी भएका कारण उनले निःशुल्क रुपमा अध्ययन गरेका थिए ।

### ३.४.३. स्वभाव :

कवि डाँगीको साहित्यिक रुचि भनेको नै कविता विधा हो । विशेषतः सामान्य खानामा रुचि भएका, कम रिसाउने कम बोल्ने, व्यक्ति भनी साथीहरुले बताएको कुरा कवि डाँगी बताउँदछन् र कुनैपनि समय खाली नबस्ने,  कवि डाँगी केही पढिरहने, केही लेखिरहने विना काम समय खेर नफाल्ने अर्थात् समयको सदुपयोग गर्ने परिश्रमी र लगनसिल व्यक्तिका रुपमा रहेका छन् । नित्य नौ वजे सुत्ने र तीन वजे उठ्ने , ईश्वरप्रति आस्था नराख्ने, संघर्षमय जीवनमा विश्वास गर्ने, असुन्दर , खराव, कुरुपका विरुद्धमा सत्यम्, सिवम्, सुन्दरमका पक्षमा उभिने र कलाका क्षेत्रमा लाग्नु कर्तव्य ठान्ने स्वभाव रहेको पाइन्छ ।

### ३.४.४. विवाह, दाम्पत्य जीवन र सन्तान :-

विक्रम सम्वत २०३२ साल फगुन २७ गते घोराही न.पा.८ सेवार वनगाउँ निवासी स्व.वीरबहादुर केसी तथा ठग कुमारी के.सी कि जेष्ठ

सुपुत्री धर्मादेवी डाँगीसँग २२ वर्षको उमेरमा विवाह भएको थियो । सानो जिउडालकी धर्मादेवी त्यतिखेर १४ वर्षकी मात्र थिइन् । सामान्य स्वभाव र पढाईमा सामान्य रुचि भएकि धर्मादेवीको पढाइ पनि सामान्य नै भएको पाइन्छ । अनावश्यक रुपमा अर्काको घरमा नजाने, अनावश्यक कुरा नगर्ने, सबैसँग असल र मिलनसार व्यवहार प्रस्तुत गर्ने भएकीले सबैबाट प्रशंसित छन् उनी । प्रभा, प्रमा र प्रज्ञा तथा प्रशान्त र प्रभाकर गरी जम्मा ५ सन्तानका पिता तथा माता यी दम्पतीको जीवन सुखदपूर्ण अवस्थामा वितिरहेको छ ।

**३.४.५. बसोवास तथा आर्थिक अवस्था :-**

दुई दाजुभाइ मध्ये कवि डाँगीका पिता स्व ईन्द्र बहादुर डाँगी कान्छा हुन् । ठुला बुबा स्व. कनकसिंह डाँगीले बुबालाई सम्पत्ती नदिएर घरबाट निकालीदिएकाले बुबाले अर्काको खेत जोत्ने काम गरेर आफ्नो गृहस्थी संचालन गर्नु परेको थियो भनी कवि बताउँछन ।[७६] यस्तो परिस्थिति रहको कारणले गर्दा आर्थिक अवस्था ज्यादै नाजुक र दयनीय नै थियो । विना सम्पती घरबाट निकालीनु पर्दा विभिन्न ठाउँमा भौंतारिएर धेरै समय विताउनु परेको र ठूला बुबासँग गई सम्पत्तीको माग गर्दा अन्य सबै बेची सकिएकोले एक विघा पाखो बारी पाएपछि पुनः जन्मस्थानमा फर्किएर अध्ययन कार्यारम्भ गरी एस.एल.सी. सम्मको अध्ययन मा.वि. नारायणपुरबाट पूरा गरी पृथ्वीनारायण क्याम्पस कास्कीमा सेवा कालीन तालिम प्राप्त गरी विज्ञान र गणितमा आई.ए. गरी औपचारिक अध्ययनलाई पूर्ण विराम लगाई वि.सं. २०३३ सालदेखि शिक्षण पेशामा संलग्न रहेका डाँगी अर्थात् शोधनायकको आर्थिक अवस्था विपन्न नै देखिन्छ । तर पनि सन्तोषजनक अवस्थामा सातजनाको पारिवारिक जीवन संचालन गरिरहेका छन् ।

७६ शोधनायकबाट प्राप्त जानकारी

### ३.४.६. रुचिः-

हरेक व्यक्तिका इच्छा, आकांक्षा, स्वभाव र क्रियाकलाप फरकफरक हुन्छन् । रुचि र स्वभावबाट नै कुनै पनि व्यक्तिको व्यक्तित्वलाई हेर्न र मूल्याङ्कन गर्न सकिन्छ । यसै क्रममा यज्ञबहादुर डाँगीको विशेष रुचि साहित्य सिर्जना नै हो । त्यसमा पनि उनी कविता विधालाई बढी महत्व दिन्छन् । सामाजिक कुसंस्कार कुरीति, अन्याय, आदिका विरुद्धमा उनको सिर्जना बेजोड गतिले भएको पाइन्छ । समाजको असमानताका विरुद्धमा आफ्नो लेखनी द्रुतगतिले संचालन गर्नु नै उनको रुचिको क्षेत्र रहेको पाइन्छ ।

यसैगरी उनको रुचिको कुरो गर्नुपर्दा साधारण नेपाली खाना, दालभात र तरकारीमै सन्तुष्ट हुनु गरिव र असाहाय व्यक्तिको उद्धारमा जुट्नु, नेपाली पोषाकमा सजिनुका साथै अतिरिक्त प्रगतिशील लेख रचना पढ्नु, डाँगीका बैयक्तिक रुचि हुन् ।

### ३.४.७. साहित्य सिर्जनाका लागि प्रेरणा र प्रभाव :-

सानैदेखि फाट्टफुट्ट कविता लेखी साहित्य तर्फ उन्मुख भएका कवि यज्ञ बहादुर डाँगीलाई मा.वि. नारायणपुरमा अध्यापन गर्ने नेपाली शिक्षक गिरिराज शर्मा र प्र.अ. नेत्रलाल अभागी आदि कवि तथा शिक्षकहरुको प्रेरणा र प्रोत्साहन मिलेको पाइन्छ । हरेक शुक्रवासरीय कार्यक्रममा उत्साहपूर्वक सहभागी भै आफ्नो क्षमता र प्रतिभालाई प्रस्तुत गर्दै अगाडि बढेका डाँगीलाई मा.वि. सेवार बनगाउँ जहाँ शोधनायक अध्यापन गर्दथे त्यहीँ साहित्यकार तथा कवि अमर गिरी शिक्षक भएर आएपछि उनैको संगतले पुन लेखनको कार्यमा लाग्ने हौसला प्राप्त गरि नियमित रुपमा अगाडि बढ्यो जो अहिलेसम्म कायम छ । त्यसपछिका दिनहरुमा राप्ती साहित्य परिषदसँग सम्वन्धित भई दाङमा प्रगतिशील लेखक संघ गठनपछि केन्द्रीय स्तरका कविहरुसँग पनि सम्पर्क भएको र कृष्णसेन ईच्छुक, आहुती, पूर्णविराम, ईश्वरचन्द्र ज्ञवाली, नै कवि डाँगीको सिर्जना कार्यका लागि प्रेरणाका श्रोत बन्न पुगे ।

### ३.४.८. जागिरे जीवन :-

दाजु अबर बहादुर डाँगी राजनीतिक कार्यकर्ता भएको हुँदा भूमिगत भएपछि पारिवारिक जिम्मेवारी आफ्नो काँधमा आएको हुँदा पारिवारिक जिम्मेवारीलाई पूरागर्न अध्ययनलाई थाँती राखी जागीरतिर प्रवेश गर्नुपरेको बताउँदछन् कवि डाँगी । यसै सिलसिलामा २०३३ मा प्रा.वि.सर्पाल रोल्पामा शिक्षक भएर जागीरे जिवनारम्भ गरेको बताउँदछन् डाँगी । हापुर विजौरी मा.वि.मा गणित शिक्षकको अभाव पूर्तिगर्न हापुरमा बोलाएपछि वि.स. २०३५ सालमा रोल्पाबाट हापुर विजौरी मा.वि.मा आई गणित विषयको अध्यापन आरम्भ गरेको र वि.स. २०३६ सालमा शिक्षा आयोगबाट छनौट भई २०३६ असार ३२ गते प्रा.वि. तहको स्थाई नियुक्ति प्राप्त गरेका डाँगीले वि.सं. २०४१ सालमा मा.वि. हापुर विजौरीबाट सरुवा भएर मा.वि.सेवार बनगाउमा आई हालसम्म पनि यसै विद्यालयमा कार्यरत छन् । वि.स. २०४५ सालमा शिक्षा आयोगबाट छनौट भई नि.मा.वि. तृतीय श्रेणीमा नियुक्त र वि.स. २०६२ सालमा बढुवा भएर नि.मा.वि.द्धितीय श्रेणीमा कार्यरत डाँगीको २०७० साल फागुन २६ गते स्वतः अवकाश हुनेछ ।

### ३.४.९. भ्रमणः-

आफ्नो सम्पूर्ण जीवननै अध्ययन अध्यापन तथा सामाजिक विकृतिहरुको विरुद्धमा लागीरहेन डाँगीलाई कुनै बैदेशिक भ्रमणको अवसर प्राप्त नभएतापनि नेपालका विभिन्न जिल्ला तथा मित्र राष्ट्र भारतका गोरखपुर, बनारस, लखनऊ आदि ठाँउहरुको भ्रमण उनले विषेष गरेर पुस्तक किन्ने क्रममा गरेको उनी बताउँदछन् । त्यस्तै साहित्यिक कार्यक्रमका सिलसिलामा स्वदेशका विभिन्न ठाँउ जस्तै काठमाण्डौ, कास्की, जनकपुर, ईटहरी, विराटनगर, नेपालगन्ज, बर्दिया, कैलाली जिल्ला र ठाँउहरुको भ्रमण गरेका छन् कवि डाँगीले ।

### ३.४.१०. पुरस्कार र सम्मान :-

विद्यालयमा आयोजना गरिएका अतिरिक्त कृयाकलापबाट नै पुरस्कार प्राप्त गरेका तथा क्याम्पस स्तरीय कविता प्रतियोगितामा समेत

कुनै न कुनै पुस्कार हात पारेका डाँगीले राप्ती साहित्य परिषदबाट प्रदान गरिने ***धनेश्वर पुरस्कार***, प्रगतिशील लेखक संघबाट प्रदान गरिने ***अनन्त टिका प्रतिभा पुरस्कार २०६६*** र एकीकृत अखिल नेपाल जनसाँस्कृतिक महासंघ जिल्ला समिति दाङले प्रदान गरेको ***कृष्णसेन ईच्छुक स्मृति साहित्य पुरस्कार २०६७*** द्वारा समेत सम्मानित भएका छन् । यसरी विभिन्न पुरस्कार तथा सम्मानबाट समेत सम्मानित भैसकेका छन् कवि डाँगी ।

### ३.५.१. व्यक्तित्व :-

सामान्यतया व्यक्तित्व भन्नाले व्यक्तित्व विशेषमा हुने गुण वा दोष भन्ने बुझिन्छ । नेपाली बृहत शब्दकोषका आधारमा कुनै एक व्यक्तिले अरुलाई प्रभाव पार्ने बैयक्तिक विशेषता नै व्यक्तित्व हो । हरेक व्यक्तिमा व्यक्तित्व अवश्यनै रहन्छ । त्यसैले ब्यक्ति भन्नुनै विभिन्न व्यक्तित्वको समिकृत रुप हो । व्यक्ति बाँचेको परिवेश, समसामयिक पृष्ठभूमि, शिक्षा - दीक्षा, विभिन्न घटना र शारीरिक बनावट आदिका कारणले व्यक्तिपिच्छे फरक-फरक व्यक्तित्व पाउन सकिन्छ । व्यक्तिको शारीरिक गठनदेखि उसमा निहित गुणदोष आदि विशेषता र प्रतिभालाई पनि व्यक्तित्वको परिभाषा दिन सकिन्छ । कुनैपनि व्यक्तिलाई बुझ्नका लागि वा अध्ययन गर्नका लागि उसको व्यक्तित्वको पहिचान गर्नु नितान्त आवश्यक हुन्छ । यसैसन्दर्भमा कवि डाँगीको व्यक्तित्वलाई नीजि व्यक्तित्व र सार्बजनिक व्यक्तित्व गरी दुई पक्षबाट हेर्ने प्रयास गरिएको छ ।

### ३.५.२. निजी व्यक्तित्व :-

नीजि व्यक्तित्व भन्नाले उसको शारीरिक संरचना एवं उसका शील, स्वभाव र व्यवहार आदिलाई लिन सकिन्छ । यसलाई बाह्य र आन्तरिक गरी दुई पक्षबाट हेर्न पनि सकिन्छ । बाह्य व्यक्तित्वमा व्यक्तिको शारीरिक बनौट, पहिरन आदिलाई लिन सकिन्छ । यस आधारमा डाँगीको व्यक्तित्वलाई नियाँल्दा गँहुगोरो वर्ण, मझौलो कद, मध्यम स्तरको शरीर , पातलो रौंयुक्त शिर गम्भीर अनुहार आदि फेला पार्न सकिन्छ । त्यसैगरी

६० किलोग्राम तौल, सर्ट, पाईन्ट र ईष्टकोटमा सजिनु पनि उनको बाह्य व्यक्तित्वनै हो । यिनको आन्तरिक व्यक्तित्वको कुरा गर्दा मुस्कानयुक्त अनुहार,सुस्त मधुर बाणी अन्य व्यक्तित्वलाई शीघ्र आकर्षण गर्ने शैली असत्यको सहजरुपले प्रतिकार गर्ने प्रवृत्ति आदि विशेषतालाई उल्लेख गर्न सकिन्छ ।

त्यसैगरी स्पष्ट वक्ता, कला र साहित्यमा सौखिन,जस्ता गुणलाई पनि डाँगीको आन्तरिक व्यक्तित्व भन्न सकिन्छ ।

### ३.५.३. सार्वजनिक व्यक्तित्वः-

व्यक्तिगत स्वार्थलाई त्यागी समाजसेवाका लागि उपयोगी हुने व्यक्तिमा निहित विशेषतालाई सार्वजनिक व्यक्तित्व भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा समाजोपयोगी व्यक्तित्व नै सार्वजनिक व्यक्तित्व हो । यसमा विभिन्न व्यक्तित्वलाई पनि लिन सकिन्छ । विशेषतः ती व्यक्तित्वहरुलाई कुनै साहित्यकारका सन्दर्भमा हेर्नुपर्दा साहित्येतर व्यक्तित्व र साहित्यिक व्यक्तित्व गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । साहित्येतर व्यक्तित्वमा धार्मिक, सामाजिक, राजनैतिक आदि व्यक्तित्वहरु पर्दछन् । यसैक्रममा साहित्यकार डाँगीमा अन्तर्निहित साहित्यिक व्यक्तित्वको अध्ययन तथा विश्लेषण गर्ने लक्ष्य यस शोध कार्यको हुँदै हो । त्यसका अतिरिक्त उनमा रहेका राजनैतिक व्यत्तित्वपनि उल्लेखनीय नै देखिन्छ ।

### ३.५.४. सृष्टा व्यक्तित्व :-

सृज धातुबाट निर्मित सृष्टा शब्दले सिर्जना गर्ने व्यक्ति विशेषलाई बुझाउँदछ । साहित्यकार डाँगीको सृष्टा व्यक्तित्वको पहिचान गर्न सर्वप्रथम उनले गरेका सिर्जनात्मक कार्यलाई हेर्नुपर्ने हुन्छ । सामान्यतः साहित्यका कविता विधामा नै उनको कलम चलेको छ र यो नै उनको उर्वर सिर्जनात्मक विधा हो । उनलाई कवि व्यक्तित्वको रुपमा नै हेर्न सकिन्छ ।

### ३.५.५. सम्पादकीय व्यक्तित्वः-

कवि डाँगी विभिन्न साहित्यिक पत्रिकाको सम्पादक पनि बनेका देखिन्छन् । दाङबाट प्रकासित हुने ***पहल*** त्रैमासिक साहित्यिक पत्रिकाको सम्पादकको रुपमा रही कार्य गरेको देखिन्छ । त्यसैगरी अन्य केही पत्रिकाको सल्लाहकारको रुपमा समेत कार्य गरेका डाँगी साहित्यिक र शैक्षिक पत्रिकाहरुको सम्पादनमा संलग्न रहेका देखिन्छन् ।

### ३.५.६. निष्कर्षः

यसरी साहित्यकार यज्ञ बहादुर डाँगीको जीवनी र व्यक्तित्वलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिसकेपछि निष्कर्षमा उल्लेख गर्नुपर्दा दाङ जिल्लको हापुर बगालेमा निम्नमध्यम वर्गीय परिवारमा जन्मिएका यिनले तत्कालीन परम्परा अनुसार औपचारी शिक्षा आई.ए. सम्म अध्ययन गरेको देखिन्छ । यिनले अध्ययन कार्यलाई मुख्य पेशाको रुपमा अपनाएका छन् । हालसम्म पनि दाङ जिल्लाकै सेवारमा वनगाउँ मा.वि. मा कार्यरत छन् । सानै उमेरदेखि साहित्य सिर्जनामा लागेका डाँगी प्रगतिबादी साहित्यकारका एक कुशल श्रष्टा हुन् । साहित्य र शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पु¥याउने यिनको जीवनी र व्यक्तित्व प्रेरक र प्रभावकारी देखिन्छ ।

# चौथो परिच्छेद

## यज्ञबहादुर डाँगीको साहित्यिक यात्रा

# चौथो परिच्छेद

## ४. यज्ञ बहादुर डाँगीको साहित्यिक यात्रा

### ४.१. विषय प्रवेश :-

सिर्जना शब्दको व्युत्पत्ति सृज् धातुमा अन + आ प्रत्यय लागेर बनेको हो । सृज् शव्दको अर्थ कुनै नयाँ कुराको उत्पादन वा रचना गर्नु हो । प्रस्तुत अन + आ लागेपछि बनेको सिर्जना शब्दको अर्थ बृहत नेपाली शब्दकोषमा कुनै बस्तु वा आविस्कार, सृष्टि, रचना भन्ने उल्लेख गरिएको छ ।

वास्तवबमा सिर्जनात्मक लेखनविधि सिर्जनात्मक प्रतिभा भएका व्यक्तिका निमित्त आफ्नो त्यस प्रतिभाबाट सिर्जनात्मक भावना र कल्पनालाई आवश्यकताअनुसार  व्युत्पत्ति र अभ्यास जस्ता संस्कारका कारक तत्वहरुले उत्तरोत्तर परिस्कृत, परिमार्जित र तिखार रुप दिनको लागि आवश्यक पर्दछ । यज्ञबहादुर डाँगी यस्तै सिर्जनाकार हुन् । जसले प्रगतिवादी नेपाली साहित्यको फाँटमा बाल्यकाल, विद्यार्थी अवस्थादेखि नै अद्यावधि निरन्तरता दिइरहेका छन् । डाँगीका साहित्यिक यात्रालाई निम्न प्रकारले परिभाषित गरिएको छ ।

### ४.२ सामाजिक यथार्थ र वर्ग संघर्षको  चित्रण :-

नेपाली समाज अर्धसामन्ति  र अर्ध पूँजीवादी समाज हो । यसर्थ नेपाली समाज शोषित र शोषक , धनी र गरिव , उच्च र निम्न जस्ता असमानतामा विभाजित रहेको छ । सामन्तवादी र पूँजिबादी शक्तिद्वारा सिर्जित असमानता, वर्ग बैषम्य एंव शोषक र शोषित बीच रहेको भिन्नतालाई देखाउँदै समाजमा उठ्दै र व्यूँझदै गैरहेको वर्ग संघर्षको चित्रण गर्नु प्रगतिबादी कविहरुको मुख्य उद्देश्य नै हुन्छ । कवि डाँगी यस प्रवृत्तिलाई अनुसरण गरी कविता लेख्ने कविका रुपमा परिचित देखिन्छन् ।

## ४.३ साहित्यिक यात्रा :-

यज्ञबहादुर डाँगी सानै उमेर देखि नै सिर्जनात्मक अभिरुचि भएका व्यक्ति हुन् । उनको सिर्जनात्मक अभिरुचि नै कविता विधा हो भने निवन्ध, लेख रचना पनि भएका छन् । उनको कविता वि.स.२०३७ सालमा पाल्पाबाट प्रकासित हुने पत्रिका लालुपातेमा छापिएको थियो । कलम, बेदना, उत्साह राप्ती दूत, अन्तर्ध्वनि पहल, नयाँ युगबोध, नयाँ जनउभार , कल्पश्री आदि दर्जनौ पत्रपत्रिकाहरुमा आफ्ना कविताहरु प्रकासित गरेका छन् । साहित्यकार गिरिराज शर्मा, कृष्णसेन ईच्छुक, अमर गिरी आदि साहित्यकारहरुको प्रेरणा र प्रभाव प्राप्त गरेका डाँगी आफ्नै छुट्टै पहिचान राख्न सफल छन् ।

कविताको सानोरुप फुटकर कविता देखि दण्डकाव्यसम्म लेख्न उन्मुख रहेका डाँगी स्वच्छन्दतावादी भावधाराभित्र प्रगतिवादी शैलीमा गद्यलयात्मक कविता सिर्जनागर्ने साधक हुन् । सानो कृतिमा पूर्णताको अपेक्षा राख्ने डाँगीका साहित्यिक यात्रालाई यसरी तीन चरणमा वर्गीरण गरी अध्ययन गर्न सकिन्छ ।

### प्रथम चरण (पृष्ठभूमिकाल) वि.सं.२०३७-२०४० सम्म

यस चरणमा कवि डाँगीका कविताहरू त्यति धेरै सिर्जना भएको पाइँदैन । किनभने छात्रावस्थामा फाट्टफुट्ट कविता लेखिएका भए पनि त्यसमा स्तरीयता, भाषा, शैली, संस्कार आदिको कसिलो भाव र परिस्कृत शब्दहरू प्रयोग भएको पाइँदैन, पोखराबाट प्रकाशित “लालुपाते” पत्रिकामा प्रथम पटक आफ्नो कविता प्रकाशन भएको तर त्यस कविताको शीर्षक अहिले स्मरण नभएको भनी शोधनायक स्वयम् बनाउँछन् । यस चरणमा लेखिएका अन्य केही कविता अप्रकाशित नै रहे भनी कवि डाँगी बताउँछन् । यस चरणमा कविमा राष्ट्रिय चेतना, मातृभूमिप्रतिको प्रेरणा जस्ता भावना मौलाएको पाइए तापनि त्यसलाई सहजता, सरलता, परिष्कार जन्यता आदिको बाहुल्यता नपाइँने हुँदा यस चरणलाई कवि डाँगीको पृष्ठभूमिकाल (चरण) हो भन्नु पर्ने हुन्छ ।

**दोस्रो चरण वि.सं.२०४१-२०५१ सम्म**

उनका यस चरणमा प्रकाशित कविताहरू- "म माघे थारु", "देशका वेगवान नदीहरू", "यात्रा जारी छ", "नदेख्दा सपना", "शान्तिको कुरा नगर" आदि हुन् भने यस चरणमा कवि डाँगीले समाजका अन्याय, अत्याचार, शोषक र शोषितका बीचको असमानता जस्ता सामाजिक वेथितिप्रति तीव्र आक्रोश व्यक्त गरेका छन् । समतामूलक समजको निर्माणका निम्ति कवि आतुर देखिएका छन् ।

यस चरणमा कवि डाँगी पारिवारिक तथा आर्थिक समस्यासँग जुध्दै प्रगतिवादी परिष्कारोन्मख लय, शैली र संरचनाको सन्तुलन गर्दै सरस र सरल एवं हृदयस्पर्शी कवित्वका साथमा परिपक्व भएर आफ्ना संरचनाहरु सिर्जना गर्न पुग्दछन । यस चरणका उनका रचनाहरुमा प्रगतिवादी चिन्तन, परिष्कृत शैलीका साथै सामाजिक युगीन चेत, प्रकृति प्रेम, साँस्कृतिक युगबोध, राष्ट्रियताको चित्रण, वीरताको रसात्मक प्रस्तुति जस्ता साहित्यिक प्रवृत्तिहरु प्राप्त गर्न सकिन्छ । उनका यस चरणमा प्रकासित कविताहरु आगामी वर्ष सँग, आँशु काठमाण्डौं, ऐक्यवद्धता, ती नामहरुका विरुद्ध म कदापि मर्दिन, सुस्त सुस्त, तातो निधार, सडकहरु, निडर हातहरु, समय, के नगर्नु गऱ्यौ हामीहरुले, ऊ, हत्या जस्ता कविताहरु हुन् ।

**तेस्रो चरण वि.सं.२०५२-हालसम्म**

यस चरणमा कवि डाँगीलाई दशवर्षे जनयुद्धको प्रखर प्रभाव परेको देखिन्छ । विशेषतः कवि डाँगी मार्क्सवादी राजनीतितर्फ आकृष्ट भएका देखिन्छन् । र त्यही आन्दोलनले अङ्गालेको नीतिलाई समर्थन गरी आफ्ना सिर्जना गरेका छन् । डाँगीको यो चरण ज्यादै समृद्ध र उर्बर चरण हो । यसमा डाँगीले दशवर्षे जनयुद्धको छाप आफ्ना कवितमा पारेकाछन् र जनतालाई समाजको असमानता विरूद्धमा क्रान्तिको आगो सल्काउन, हुट्हुटी लगाउने खालका कविताहरू लिएर देखिएका छन् ।

डाँगीको यो चरणमा शैली , सिल्प, शब्दकलाकौशल भावपक्षको संयोजन गर्दै गद्य विधातर्फ उनी निरन्तर रुपमा लागिरहेका देखिन्छन् । यस चरणका उनका कृतिमा परिमार्जित शब्दको प्रयोग राष्ट्रियता र समानताको चेतलाई तादात्म्यता गर्नुका साथै समसामयिक विषयवस्तुमा गतिशीलता जीवन माधुर्यप्रतिको सचेतना आदि जस्ता कृतिहरु प्राप्त गर्न सकिन्छ ।

यस चरणमा प्रकासित उनका कविताहरु तिम्रो हत्या पछि, मृत्यु सँग, जेल, आगो, म्याद, परिचय, क्रुद्ध समय, धुलो, नयाँ मान्छेहरुसँग, पृष्ठभभूमि, यस अर्थमा महान् छन् तिनीहरु, आदि हुन् ।

नेपालमा दश वर्षे जनयुद्धले पारेको प्रभाव र जनजीवनमा ल्याएको नवजागरणको लहर जस्तो सकारात्मक सन्देशका साथै युद्धजन्य पीडाबाट सर्वसाधारणमा परेको विनासकारी प्रभावबाट प्रभावित र प्रेरित हुँदै ***"तिम्रो हत्यापछि"*** जस्तो कृति सिर्जना गरी आफ्नो साहित्यिक यात्रालाई नयाँ उचाइतर्फ उन्मुख गराउँदै गएको पाईन्छ । विषयवस्तुका दृष्टिले उनको यो कृतिमा अध्यात्मवादको छनक नभई भौतिकवादको प्रतिबिम्ब उतार्ने प्रयास भएको पाइन्छ ।

## ४.४. कवि डाँगीको बैचारिक भूमि :-

यतिबेला नेपाली साहित्यमा राजधानी बाहिरका क्षेत्रहरुको क्रियाशीलता र जागरुकता निश्चयनै सबैका लागि उदाहरणीय बन्दै गैरहेको छ । राप्ती क्षेत्र यस्तै एउटा उत्साहपूर्वक साहित्यक, साँस्कृतिक क्षेत्रमा सक्रिय हुँदै गईहेको स्थान हो । कवि यज्ञ बहादुर डाँगी राप्तीको प्रगतिवादी साहित्य सिर्जनामा आफ्नो स्पष्ट पहिचन स्थापित गरिसकेका स्रष्टा हुन् । राप्तीमा उनको आफ्नै मौलिक हस्तक्षेप र प्रेरणा पनि छ ।

## ४.५. विषयवस्तुका आधारमा कवि डाँगीका कविता

विषयबस्तु भनेको कविताको बीज हो । यही विषयवस्तुरुपी वीजलाई कविले आफ्ना विभिन्न अनुभूतिजन्य कलात्मक रंङ्गले रङ्गाएर पाठक समक्ष प्रस्तुत गर्ने गर्दछन् । यस्ता विषयवस्तुलाई कविले हाम्रो समाजका विभिन्न पक्षवाट टिपेको पाईन्छ । कवि डाँगीले पनि के कस्ता विषयवस्तुलाई लिएर आफ्ना कथ,ा व्यथा र अनुभूतिका माध्यमबाट आफ्ना कविताहरुमा कलात्मक रङ लगाएका छन भन्ने कुराको खोजी गर्दै विषयवस्तुका आधारमा तिम्रो हत्यापछि, आँसु, काठमाण्डौ, सडकहरु, जस्ता कविताहरुको रचना भएको पाइन्छ । सामाजिक विकृति, विसंङ्गति

अन्याय, अत्याचार, शोषण र दमनबाट ग्रसित बनेका गरिव निमुखा र सर्वहारा वर्गको पक्षपोषण गर्नेतर्फ उन्मुख देखिएका छन् कवि डाँगी ।

**४.६. सर्वहारा मानवतावादी दृष्ट्रिकोणको अभिव्यक्ति :**

नीजि सम्पत्ति र व्यक्तिवादको आदर्शमा स्थापित बुर्जुवा मानवता भन्दा भिन्न सर्बहारा मानवताबादले मान्छेमाथि हुने अन्याय, असमानता, थिचोमिचोलाई निषेध गर्दछ । वर्गयुक्त समाजमा सर्वहारा र उत्पीडित वर्गले शोषक वर्गद्वारा थिचिनु र लुटिनु पर्ने बाध्यता रहेको देखिन्छ भने सर्वहारा वर्गले साम्यबादी समाजमा त्यसबाट मुक्ति प्राप्त गर्दछ । समाजबाद, कम्युनिज्म नै वास्तविक सर्बहारा, मानवताबादको व्यवहारिक चरितार्थ रुप भएकाले प्रगतिबादी कबिहरुले सर्वहारा मानवताबादी दृष्टिकोणलाई आत्मसात् गरेको देखिन्छ । कवि डाँगी पनि यही परम्परालाई स्वीकारी कविता सिर्जना गर्ने व्यक्तित्वका रुपमा देखिन्छन ।

**४.७. निष्कर्षमा :**

यसरी साहित्यकार डाँगीको साहित्यिक यात्रा र उनका कृतिहरूलाई अध्ययन गरी सकेपछि निष्कर्षमा उल्लेख गर्नुपर्दा छात्र जीवनसँगै साहित्य यात्रा आरम्भ गरेको पाइन्छ । साहित्यिक यात्रा त्यति लामो नदेखिएपनि संख्यात्मकता भन्दा गुणत्मकतालाई महत्व दिई सिर्जना गरेको पाइन्छ । उनको लेखनी मुक्तलयमा मात्र केन्द्रित भएको पाइन्छ । उनका कविताको विषयवस्तुका आधारमा उनलाई प्रगतिवादी साहित्यकार भन्न सकिन्छ ।

# पाँचौं परिच्छेद

## यज्ञबहादुर डाँगीको कवित्वको अध्ययन

# पाचौ परिच्छेद

## *यज्ञबहादुर डाँगीको कवित्वको अध्ययन :*

### ५. यज्ञबहादुर डाँगीको 'तिम्रो हत्यापछि' कृतिको अध्ययन :-

तिम्रो हत्यापछि २०६५ यज्ञ बहादुर डाँगीको कविता संग्रह हो । यस कविता संग्रहलाई प्रकाशन गर्ने जिम्मेवारी थारुवान राज्य समिति अखिल नेपाल लेखक संघले लिएर श्रष्टाको ठूलो सम्मान गरेको देखिन्छ । उनको यस ***तिम्रो हत्यापछि*** कविता संग्रहमा जम्मा ३५ वटा कविताहरु संकलित छन् । ती सबै कविताहरु गद्य शैलीमा सिर्जित भएका छन् । ती कृतिहरुमा जीवनका उतारचढाव, राष्ट्रियता, पीडा, वियोग र स्वतन्त्रताको वर्णन लगाएतका विविध विषयवस्तुको वर्णनमा उनको कलम चलेको देखिन्छ । यहाँ कवि डाँगीका कविता संग्रहमा संग्रहित कविताहरुको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ५.१. आरम्भः

समकालीन नेपाली प्रगतिवादी कविता शिविरमा यज्ञबहादुर डाँगी एउटा स्थापित, प्रतिभा सम्पन्न र प्रखर हस्ताक्षरको नाम हो । वि.सं.२०१० फागुन २७ गते बुबा इन्द्रबहादुर डाँगी र आमा टीका कुमारी डाँगीको कोखमा जन्मिएका कवि डाँगीले औपचारिक रूपमा आइ.एड.सम्मको अध्ययन गरेका छन् । लामो समयदेखि शिक्षण पेशामा संलग्न डाँगीको औपचारिक साहित्यिक यात्रा वि.सं. २०३७ को 'लालुपाते' पत्रिकामा प्रकाशित कविताबाट आरम्भ भएको हो । कलम, वेदना, बगर, उत्साह, राप्तीदूत, अन्तर्ध्वनि, पहल, नयाँ युगबोध, नयाँ जनउभार, कलाश्री जस्ता दर्जनौं पत्रपत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशित गरेका डाँगीको कविता संग्रह 'तिम्रो हत्यापछि' एक मात्र पुस्तकाकार कृति हो । दाङबाट प्रकाशित हुने 'पहल' साहित्यिक त्रैमासिकको सम्पादक डाँगीले राप्ती साहित्य परिषद् दाङद्वारा प्रदान गरिने "धनेश्वर साहित्य पुरस्कार पनि प्राप्त गरेका छन् भने अखिल नेपाल लेखक संघ, थारूवान राज्य समितिसदस्यका रूपमा रहेर

राप्तीको प्रगतिवादी साहित्यिक, साँस्कृतिक आन्दोलनलाई पनि नेतृत्व प्रदान गरिरहेका छन् । यसरी करिब तीन दशक देखि कविता साधनामा लागेका कवि डाँगीका रचनाहरूको चर्चा र उललेख केही फुटकर समालोचनाहरूमा भएता पनि उनको समग्र काव्य चिन्तन र योगदानको बारेमा अमे: सम्म कुनै अध्ययन भएको देखिदैन । यसै सिलसिलामा वि.सं. २०६७ साउनमा साहित्यकार टीकाराम उदासीले "मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य' भन्ने बृहत् पुस्तकमा कवि डाँगीको कविता संग्रह "तिम्रो हत्यापछि" कका केही कविताहरूको समीक्षा गरेको पाइन्छ । यसैबाट साभार गर्ने जमर्को मेलै यस शोधपत्रमा गरेको छु । लेखनका आरम्भदेखि सशस्त्र जनविद्रोहको कालसम्म मात्र होइन, वर्तमान समयसम्म पनि निरन्तर क्रान्ति र परिवर्तनका पक्षमा निर्भीकतापूर्वक कलम चलाउने कवि डाँगी राजधानीलाई नै आफ्नो अध्यन र समालोचनको केन्द्र बनाउने समकालीन नेपाली समालोचकहरूको बेवास्ताको सिकार हुने तमाम मोफसलका प्रतिभासम्पन्न लेखकहरूको जीवन्त उदाहरण पनि हुन् । यस परिप्रेक्ष्यमा उनको २०६५ मा अखिल नेपाल लेखक संघ, थारुवान राज्य समितिद्वारा प्रकाशित "तिम्रो हत्यापछि" कवितासंग्रहको वैचारिक भूमिकाका बारेमा केही चर्चा गर्नु निश्चय नै सान्दर्भिक हुनेछ ।

## ५.२. शीर्षक:

शीर्षक कविताको आकृति (स्वरूप) हो र आत्मा पनि हो । झ्वाट्ट हेर्दा वा सुन्दा देखिने कविताको शीर्षकले त्यस कविताको भाव नै बोकेको हुन्छ । अर्थात् कविताका जतिपनि पंक्तिहरूले बताउने कुरा शीर्षकले नै संक्षेपमा बताइदिन्छ । यति हुँदा हँदै पनि शीर्षक कथा मात्र हो । उपकथा त कविताका प्रत्येक पंक्तिहरू नपढी थाहा पाउन सकिदैन । वास्तवमा शीर्षक कविताको केन्द्रिय तत्व हो । भावुक मानिसहरुलाई कविताको शीर्षकले नै भुतुक्कै बनाएको पाइन्छ । बरू शीर्षक चयन उचित किसिमको भएन भने मुख्य भाव प्रकट नहोला नत्रभने सूक्ष्म अंशमा नै बृहत् अर्थको रूपमा रहेको हुन्छ । त्यसकारण कविताको शीर्षक अत्यन्त सान्दर्भिक र बोधगम्य हुनु पर्दछ ।

### ५.३.१. संरचनाः

कविताको बनोटलाई रचना भनिन्छ । कविता संरचनामा खास गरी बाह्य संरचना र आन्तरिक संरचना रहन्छन् ।

#### ५.३.१.१. बाह्य संरचनाः

कवितामा प्रयोग हुने भाषा, लयविधान, पंक्तिविधान आदिलाई बाह्य संरचना भनिन्छ ।

#### ५.३.१.२. आन्तरिक संरचनाः

आन्तरिक संरचना अन्तर्गत कविताको भाषा, लय, पंक्ति आदि बोकेको भाव वा विचार पर्दछ ।

#### ५.३.१.३. कथन पद्धतिः

कथन पद्धति भनेको सम्बोधन हो । यस परिप्रेक्ष्यमा हेर्दा कवि डाँगीका कविताहरूमा प्रथम पुरुष प्रधान र तृतीय पुरुष प्रधान कथन पद्धति अङ्गालिएको देखिन्छ भने कतिपय कविताहरूमा प्रथम पुरुष प्रधान र तृतीय पुरुष प्रधान कथन पद्धतिको मिश्रित रूप समाख्यानात्मक कथन पद्धति पनि अङ्गालिएको पाइन्छ । जस्तैः छाती भन्ने शीर्षकको कविताबाट यी पङ्क्तिहरूलाई प्रस्तुत गर्न सकिन्छः

गण्डकीमा नुहाउने मानिसहरू
नुहाउन नसकेर झोक्रिरहेछन्
को-को समातिने हुन् ?

यी पङ्क्तिहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने यही कविताका यी पङ्क्तिले प्रथम पुरुषलाई समेत प्रस्तुत गरेका छन् ।

के म खुम्चाएर बस्न सक्छु ?
के म चिसाएर बाँच्न सक्छु ?

### ५.३.१.४. शिल्प विधानः

प्रगतिवादी नेपाली कविताले विषय वा वस्तुपक्षलाई मात्र अभिव्यक्ति दिएको छैन, यसले आफ्नो स्वरूप निर्माणमा विशिष्ट रचना शिल्पलाई अङ्गालेको छ । बहुसंख्यक उत्पीडित वर्गका निम्ति लेखिने प्रगतिवादी साहित्यले जनताको चेतनस्तर र ग्रहणशक्तिलाईसमेत ध्यानमा राख्ने भएकाले यसको शिल्पपक्षमा विशिष्टता रहने कुरा निर्विवाद छ । कवि डाँगीले यस्तै पक्षलाई आत्सात् गरी कविता सिर्जेको देखिन्छ । विशेषतः भाषा, छन्द, उपमानव्यवस्था, बिम्ब-प्रतीक र व्यङ्ग्य विधानका दृष्टिले प्रगतिवादी नेपाली कविताको अध्ययन विश्लेषण गर्न सकिन्छ । जस्तैः तिम्रो हत्याकापछिका यी पङ्क्तिहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छः-

हामीले लेख्ने
कविता, कथा र लेखहरूले मात्र
नपुग्ने भयो
हामीले बोक्ने झोलामा केवल
गुर्ता र मटिङ्ग्राहरू बोकेर मात्र
नहुने भयो

यी पङ्क्तिमा उनको शिल्पकारितासमेत सहजरुपमा बिम्बात्मक तरिकाले प्रस्तुत भएको पाइन्छ ।

### ५.३.१.५. भाषाः

मार्क्सवादी सौन्दर्यशास्त्रीय दृष्टिकोणमा कविताको भाषा जनजीवनसँग नजिक हुनुपर्ने देखिन्छ भने प्रगतिवादी कवितामा प्रयोग भएको भाषा नेपाली उत्पीडित जीवनको यथार्थ संसारबाट लिइएको पाइन्छ । नेपाली सामाजिक, आर्थिक, राजनैतिक अवस्थाका साथै ग्रामीण प्राकृतिक जीवनको चित्रणमा समेत सहज र सरल भाषाको प्रयोग गरिएको पाइन्छ । प्रतिबद्ध र सोद्देश्य लेखनमा विश्वास गर्ने प्रगतिवादी कविहरूले परम्परागत आभिजात्य कलाशिल्पलाई नकारेका छन् र सहज सम्प्रेषण हुने शब्दसंयोजनमा जोड दिएका छन् । कवि डाँगीले पनि यसै धरातललाई आधार मानेर कविता लेखेको देखिन्छ ।

भाषाशैलीका दृष्टिले कवि यज्ञबहादुर डाँगीका कविताहरूमा तत्सम प्रधान पद र पदावलीहरू एकदमै कम मात्रामा प्रयुक्त छन् । कतै पुराना र कतै नयाँ प्रयुक्त बिम्ब र प्रतीकको प्रयोगले कविताको भाषा सतही अध्ययनले नबुझिन सक्छ तर बुझिसकेपछि पूर्ण सन्तुष्टि प्रदान गर्दछ । शैलीको विविधतालाई निर्वाह गरेर वार्तालापीय, नाटकीय, विष्मयात्मक, प्रश्नात्मक, आत्मालापीय, चित्रात्मक, प्रतीकात्मक, व्याङ्ग्यात्मक, बिम्बात्मक, स्वैरकल्पनात्मक, चेतनप्रवाह शैली आदिको प्रयोग उनले गरेका छन् । उनका कविता गद्य भाषाशैलीमा सशक्त छन् । गेय गुण भएका गद्य कविता रच्ने विशेषता उनमा पाइन्छ । कवि “नदेख्दा सपना” कविताको अंशमा यस्तो शैलीको प्रयोग गर्दछन् :

गति रुक्ने छ नदीहरूमा
गीत गाइने छैन बस्तीहरूमा
कुनै शक्ति हुनेछैन कविताहरूमा
सक्रियता कम हुनेछ आगो बाल्नेहरूमा
मान्छे
जव देख्दैन सपना

### ५.३.१.६. छन्दविधानः

प्रगतिवादी नेपाली कविहरूले कविताको सिर्जनामा वार्णिक छन्द, मुक्त वा गद्य र नेपाली लोकलयलाई आधार बनाएका छन् । एकातिर परम्परागत रूपमा आएको छन्द परम्परालाई प्रगतिवादी कविहरूले समातेका छन् भने अर्कातिर प्रथम प्रगतिवादी कवि गोपालप्रसाद रमालद्वारा नै मुक्त छन्दको सुरूआत भएको छ । गद्यशैलीलाई अन्य धाराका कविहरूले समेत पछ्याएको पाइन्छ । लोकजीवनमा प्रचलित विविध लयलाई प्रगतिवादी कविहरूले विशिष्ट रूप दिएका छन् । यस्तै अनुशासनभित्र रहेर कवि डाँगीले पनि कविताको रचना गरेको देखिन्छ ।

### ५.३.१.७. उपमान, बिम्ब-प्रतीक र व्यङ्ग्यविधानः

उपमान-व्यवस्था, बिम्बात्मकता, प्रतीकात्मकता र व्याङ्ग्यात्मकताका दृष्टिले प्रगतिवादी नेपाली कविता विशष्टि रहेका देखिन्छन् । गोपालप्रसाद रिमालबाट आरम्भ भएको प्रगतिवादी नेपाली कवितामा यथार्थलाई कलात्मक रूपमा प्रकट गरिएको छ । ‘आमाको सपना’ सपनामा तिमी को ? प्रभृति कवितामा प्रयुक्त उपमान, बिम्ब, प्रतीक र व्यङ्ग्य विधानले यथार्थलाई सजीव वनाएका छन् । युग जीवनको यथार्थलाई नवीन रूप दिएर प्रगतिवादी कविहरूले कलात्मक क्षेत्रमा उच्च उपलब्धि आर्जन गरेका छन् । यसै सिलसिलामा कवि डाँगीका कवितालाई पनि नियाल्न सकिन्छ ।

### ५.३.१.८. कवि डाँगीको वैचारिक भूमिः

कला साहित्य सामाजिक चेतनाको विशिष्ट रूप भएका कारण यो सधैँ समाजसापेक्ष हुन्छ, जीव्नसापेक्ष हुन्छ र चिन्तन सापेक्ष पनि हुन्छ । यो स्रष्टाको परिवेशसापेक्ष र अनुभवसापेक्ष पनि हुन्छ । त्यसैले कवि यज्ञबहादुर डाँगीका रचनाहरू पनि यो वस्तुगत यथार्थबाट पृथक अवश्य छैनन् । त्यसैले उनका कविताहरूको वैचारिक आयाम अन्वेषण गर्नु अघि उनको कविताले बोकेको समय र परिवेशका बारेमा पनि केही चर्चा गर्नु जरुरी छ ।

कवि यज्ञबहादुर डाँगीको प्रस्तुत कवितासंग्रहका अधिकांश रचना २०५२ पछिको आँधिमय कालखण्डमा लेखिएका छन् र केही रचनाहरू भने त्यस अघिका पनि राखिएका छन् । यसका सीमाहरूका बारेमा गम्भीर बहसहरू गर्ने ठाउँ बाँकी रहे पनि नेपालको इतिहासमै पहिलो पटक भएको ऐतिहासिक सशस्त्र युद्धका प्राप्तिहरूको बहुआयामिक मूल्यहरू पनि कम अभूतपूर्व छैनन् । बैचारिक रूपमा कवि डाँगी ऐतिहासिक सशस्त्र युद्धका एक निर्भीक र प्रखर काव्यगायक हुन् । पुरानो अन्यायी निरङ्कुश शासनसत्ताका कडा विरोधी डाँगी जनताको असली शासनसत्ताका पक्षधर हुन् । सहिदका आकाङ्क्षाहरूप्रति निरन्तर विश्वास र आस्था राख्ने लेखक हुन् । उनी परिवतनका अभियन्ता र गरिब

जनताका साथमा रहेर उनीहरूकै उज्याला सपनाका गीत गाउने युगगायक हुन् । साथै सहिदका आकाङ्क्षाहरूप्रति सधैँ सम्बेदनशील बन्ने चेतनासम्पन्न प्रतिभा हुन् । जनघाती र देशघाती शासकहरूप्रति उनको तीब्र घृणा छ भने देश र जनताका लागि सङ्घर्षशील जनजीन्दगीप्रति उनको सधैँ श्रद्धाभाव छ । उनको कविचेतनामा शासकहरूको कुरुप तस्बीर मात्रै छै, उदाउँदो परिवर्तनको सुन्दर चित्र पनि छ । उनको कविता बिम्बमा कठोर सङ्घर्षको भूमि मात्रै छैन, त्यसपछिको इन्द्रेणीमय सुन्दर यामको आकृति पनि छ । उनी कतै निराश छैनन्, उनी कतै वैयक्तिक कुण्ठाका गायक बनेका छैनन् । उनी कुनै विचारका नाममा कलाचेतदेखि बेखर अथवा कलाका नाममा युगबोधबाट पलायन पनि भएका छैनन् । शासकहरूले आफ्ना आस्थाका यात्रीहरूको हत्या गर्दा उनी दुःखी मात्रै छैनन्, आक्रोशित पनि बनेका छन्, त्यत्तिकै अनि अझै सशक्त प्रतिकारको तयारीमा देखिएका छन् , किनभने कविलाइ मुर्दा शान्ति होइन जीवन्त शाति चाहिएको छ । जवन्त शान्तिका लागि आवाज उठाउनु आफैँमा खतरापूर्ण काम हो । बरू कविलाई त्यही खतरा प्रिय छ, शासकहरूको अत्याचार र ज्यादतीको खिलापपमा उभिनु पर्छ भन्ने चेतनाबोध छ, किनकि साथीहरूको हत्या खबरले कायरता होइन, उनमा झन्-झन् बदलाभावलाई आँधीमय बनाएको, यसरीः

तिम्रो हत्यापछि हामीलाई  
मुर्दा शान्तिको खिलाप  
जीवन्त शान्ति चाहियो  
तन्मयतापूर्वक  
लाल र निपुर्णले रङ्गिएका  
सुन्दर कम्ब्याटहरू चाहियो  
तिम्रो हत्यापछि  
चेतना पलायो हामीमा  
चुपचाप बस्नु  
या सहेर बस्नु  
एकदम खतरा भयो

हामीलाई (तिम्रो हत्यापछि २०६०, पृ. २)

युद्धमोर्चाहरूमा लड्ने बीरहरू मात्रै होइन, न्यायको आवाज उठाउने कलमवीरहरू पनि धेरै सहिद बनेकाछन् । चेतना र परिवर्तनका कविता लेखेकै कारण मारिने कृष्णसेनहरू हुन् अथवा अनेकोटका जङ्गलहरूमा आततायी शासकहरूद्वारा मारिने कलाकारहरू नै, सबै-सबै प्रेरणाका स्रोत बनेका छन् । कविता पढ्दा र गीत सुन्दा कविलाई उनीहरूको सम्झनाले सम्बेदनशील बनाइरहन्छ, पीडाबोध भइरहन्छ तर आँसुले कविलाई कमजोर बनाउँदैन, निराश बनाउँदैन, झन्-झन् साहसी र शक्तिशाली बनाउँछ । त्यसैले भन्छन्:

जब म कविता पढ्न थाल्छु
आएर इच्छुक अङ्गालो मार्छन् मसँगै
अनि वर्गीय प्रेमले कसिलो हात मिलाउँछन्
र जादुको छडीले छोएझैं
क्तोधको आगोले बल्न थाल्छु बारबार
र यसैबाट
बेजोडले कविता पढ्न सिकेको छु
म गीत पनि सुन्ने गर्छु
घुमिरहेको चक्कामा
एकहुल गायकहरू जलिरहेको अनकोट आएर
विह्वल पदर्शन गर्छ र रसाउँछन् आख मेरा
र यसैबाट
गीतमा शक्ति पहिचान गर्न सिकेको छु
यतिखेर तागत छ आँसुमा
र यसैबाट हौसला बटुलेर
म आफूलाई
यस्तो भन्न हकदार ठान्छु
आँसु
बम भएर पड्कनु पर्छ मै हुँ भन्ने खराव चट्टानहरूमा

गोली भएर बज्रनु पर्छ-मै हुँ भन्ने दुष्ट छातीहरूमा
हुरी भएर आउनु पर्छ-मै हुँ भन्ने घमण्डीहरूमा ।(आँसु २०५९, पृ. ३,४)

तमाम श्रमजीविहरूका झुपडीमाथि समाजका शोषकहरूको निजी दरबार छन् त्यसमाथि सिंहदरबार अझ माथि राजदरबार तर ती सबै कसै न कसैका दास छन् । देशका शासकहरू राजधानीमै केन्द्रित भएका छन्; तथा कथित बुद्धिजीवि र देशका ठूला-ठूला प्रशासकहरू पनि देशकै लागि भनेर राजधानीमै वातानुकूलित कोठाहरूमा बसिरहेका छन् तर विडम्बना नै भन्नु पर्छ उनीहरूले देश चलाई रहेका छैनन् । राष्ट्रियता निकै सङ्कटमा छ; सिंहदरबारदेखि राजजरबारसम्म सबै नै भारतीय राजदुतावास वा अमेरिकी राजदुतावासले चलाई रहेका छन् । त्यसैले कवि डाँगीका दृष्टिमा यो देशको राजधानी काठमाडौं केन्द्रित प्रशासक र विदेशीको इशारामा चल्ने शासकहरूप्रति तीव्र आक्रोश देखिन्छ:

तमाम झुपडीमाथि निजी दरबार
त्यसमाथि सिंहदरबार
सिंहदरबारमाथि पनि राजदरबार
अनि त्यसमाथिपनि दूतावास
अर्थात् अमेरिकी दूतावास
चापमाथि चापले
परेको खाडल
काठमाडौं खाल्टो । (काठमाडौं २०५२, पृ. ५)

शासकहरूले शासनका नाममा गरिब श्रमजीवी जनताप्रति गर्नुसम्मको अन्याय गरेका छन् । अत्याचारी र भ्रष्ट शासकहरू जनताका नाममा पजेरो चढेका छन् र उनीहरूका हातमा कुरुप बन्दुक छ तर जनता नवीन चेतनाले ओतप्रोत छन् । शासकीय ज्यादती र कुरुप वर्तमान बारे सबै जानकार पनि छन् । उनीहरूको चेतना यात्रा

विबस्तीर्ण छ । कुरुप वर्तमानका विरूद्धमा उभिएका कवि सुन्दर भविष्यप्रति विश्वस्त छन्:

कसको के कति ज्यादती छ
र हाम्रो छाला खोल्साएर
कस-कसले दौडाएको छ
अत्याचारी र भ्रष्टाचारी पजेरो
सब याद छ हामीलाई
एक दिन
हो, यो वर्तमान
हत्यारोले समातेको बन्दुक जत्तिकै कुरुप छ
चेतना प्राप्त हामीलाई
भविष्य भने
जनमुक्ति सेनाहरूले समातेका बन्दुक जत्तिकै सुन्दर छ ।

(सडकहरू २०५८, पृ.६)

कृष्णसेन समकालीन नेपाली प्रगतिवादी कविताशिविरका एक आदर्श स्तम्भ मात्रै होइन, दसर्बे युद्धका एक उज्याला बिम्ब पनि हुन् तर उनका हत्यारा शासकहरूले उनको हत्या गरेको स्वीकार गर्न पनि डराए, उनको लासबाट पनि उनीहरू आतङ्कित भइरहे । शासकहरू क्रान्तिकारीहरूप्रति कतिसम्म भयभीत हुन्छन् र कायर शासकहरू कतिसम्म झुठको खेती गरिरहन्छन् भन्ने प्रमाण कृष्ण सेनको हत्याप्रकरणबाट पनि पुष्टि हुन्छ । कवि डाँगी लेख्छन्:

इच्छुक
तिम्रो लास पनि पनि पाएनौँ
डराउँछन् यिनीहरू
लास बुझाउन पनि डराउँछन्
जव मारियौ तिमी केवल भौतिक रूपले
यिनीहरूको गृहमन्त्री बोल्यो
गिरफ्तार गरिनौ कृष्ण सेनलाई

यिनीहरू सही बोल्दैनन्
सही बोल्न पनि डराउँछन् । (इच्छुकसँग पृ.१३)

विचार र चेनताले लेस भइसकेपछि मुत्युलाई पनि जित्छन मानिसहरू । आज अभूतपूर्व रूपमा चेतना बढेको छ चारैतिर र निर्भीकतापूर्वक क्रान्तिका गीत गाउँदै हिँडिरहेछन् मानिसहरू, परिवर्तनको उद्घोष गर्दै हिँडिरहेछन् मानिसहरू । वर्ग प्रेम र विचारले बाँधेपछि कसैले गलाउन सक्तैन । मृत्युलाई जितेपछि सबैलाई जित्न सकिन्छ । उत्सर्गको यात्रामा लामवद्ध सहयोद्धाहरूको भीड बढी रहेको बेला कविलाई पनि मृत्युबाट कुनै भय छैनः

साना मसिना बालबालिकाहरूले पनि
बुझेका छन् कुरा
भोकका कुरा
अत्याचारका कुरा !
ज्यादतीका कुरा
र त हामी
बेथान गाउँदै हिँड्छौँ
महत् गाउँदै हिँड्छौँ
बेनी गाउँदै हिड्छौँ
नेपाल गाउँदै हिड्छौँ
यस्तै-यस्तै गाउँदै हुर्केका हामी
म त भन्छु के
के को डर ?
श्रेष्ठ-श्रेष्ठ अग्रयोद्धाहरू छन्
प्यारा-प्यारा शुद्ध योद्धाहरू छन्
रहरलाग्दा नयाँ योद्धाहरू छन्
झुक्ने छैन अटल शिर
हामीमा
वर्गीय माया कति जीवित छ

कुनै ढले पनि
हतियार खस्ने छैन जमिनमा
सबै सबैको अठोट गरिसके
के को डर ?                    (मृत्युसँग २०६२ पृ.१६ र १७)

मानव अधिकार र प्रजातन्त्रको भाषण गरेर कहिल्यै नथाक्ने शासकहरूको शासनकालमा देश वधशालामा अनुवाद भएकै हो, देशका सारा जेलहरूलाई वधशालामा रूपान्तरण गरिएकै हो । सङ्कटकालका नाममा शासकहरूले जनतालाई सताउनसम्म सताएकै हुन् । कथित प्रजातन्त्र बिरोधीका नाममा निर्दोष जनतालाई विनाकारण नै हत्या गरिएकै हो । यही कुरूपताप्रति कविको अभिव्यक्ति छः
तर खसीराँगा होइनन् तिनीहरू
कुनै गोलीदागी मारिन्छन् यहाँ
कुनै जन्तु होइनन् तिनीहरू
भुइँ जो रगतको पोखरी भएको छ
भित्तामा जुन रक्ताम्य टाटाहरू छन्
यो स्थल
कुनै कसाइको वधस्थल होइन ।                    (जेल २०६१, पृ.१८)

कविलाई थाहा छ शासकीय मञ्चमा पात्रहरू फेरिएका छन्, उनीहरूको बोली र नाराहरू पनि बदलिएका छन् तर उनीहरूको कुरूप अनुहारमा जत्ति नै अबिर दलेपनि उनीहरू हिजोकै क्रूर र हत्यारा शासकहरू हुन्, उनीहरू हिजोकै क्रूर र हत्यारा शासकहरू हुन्, उनीहरू हिजोकै देशघाती र जनघातीहरू हुन् किनकि उनीहरूको कुरूप पृष्ठभूमिको आयाम घामजस्तै पारदर्शी छः
तिमी उही हौ
यसमा कुनै शंका छैन
तिम्रो सामु
ताजा छ

पृष्ठभूमिको आयाम ।                    (पृष्ठभूमि २०६४, पृ.२३)

चारैतिर हिंसाबृक्ष फैलिरहेको परिवेशमा नयाँ वर्ष भन्नु पनि एउटा औपचारिकता मात्रै हो । शासकहरूले आफूलाई जत्तिनै आधुनिक हातहतियारले सु-सज्जित बनाएपनि त्यो उनीहरूको भ्रम मात्रै हो किनकि क्रान्तिको आगोले राजधानिको मुटु पनि अप्रभावित छैन । अचेल शासकहरूका विरूद्ध उठेको वन्दुक चारैतिर विस्तारित छ र समयले त्यसैलाई साथ दिइरहेको छ भन्ने कविको यस कविताले नेपाली इतिहासको एउटा नवीन पानालाई प्रस्तुत गरेको छः

असिना परोस् बरू यस्तो नपरोस्
भन्ने गर्छन् दुर्गम वस्तीहरू
राजधानिलाई पनि के सुगम भन्नु ?
शहीद गेट नजिकै उभिएर
भूकम्प पीडित धरहराले गणना गरिरहेको छ बमपीडितघरहरू
तिमी आउँछौ भन्ने सुनेर
दुर्गन्धी गन्धकद्वारा
सञ्चालित युद्ध सर्जामका विरूद्ध
यथावत घुमिरहेछ
स्वचालित पृथ्वी
यथावत् ।                    (आगामी वर्षसँग, २०५९ पृ.३३)

कसैले जय नेपालः भनोस् वा लालसालाम नै भनोस् केही फरक पर्दैन तर देशघाती र जविरोधीहरूबारे जनता स्पष्ट छन् । देशको सिमाना मिच्नेहरूलाई असली मित्र ठान्ने शासकहरू र वौद्धिकताका नाउँमा भ्रमको खेती गर्नेहरू सबैको पहिचान गरेका छन् जनताले अनि लेण्डुप बनिरहेका शासकहरूबारे पनि जनता भ्रममा कदापि छैनन् ; बरू उनीहरू ती वद्नामहरूका विरूद्ध निरन्तर उभिएका छन् : निरन्तर लडिरहेका छन् :

केही नामहरूका विरूद्ध

म सहज क्रुद्ध छु
जसको नाम लिँदा डराउँछ सगरमाथा
ज-जसको छायाँ पर्दा सुक्दछन् नदी नाला
ज-जसको हात पर्दा घाउ पर्छ धर्तीमा
ज-जसको पाइला पर्दा भत्केको छ सिमाना
यसरी देशद्रोही कामकाज चलिरहेको बेला
ब्यर्थ छ लालसलाम
डुङडुङ्ती गन्हाउँने नामहरूका नाममा
र ब्यर्थ छ खेती
तथ्य छेपाराहरूका नाममा
ज-जसको कम्मरबाट खस्केर सुरूवाल
कि कति तलसम्म झरेर नाङ्गिएका छन्
लेण्डुपहरू । (ती नामहरूका विरूद्ध, २०५३ पृ.३७)

राज्यका हरेक संयन्त्रमा क्रान्तिकारीहरूको शसक्त हस्तक्षेप हुनु जरुरी छ । त्यसो नभइकन नयाँ र सुन्दर नेपालको परिकल्पना ब्यर्थ छ र त्यो काम पुराना शासकहरूले होइन, नयाँ मान्छेहरूले मात्रै गर्न सक्छन् भन्ने कुरामा कवि स्पष्ट छन्:

हत्केलामा मृत्यु लिएर हिँडेका तपाइँहरूसँग
छातीले गोली फर्काउँदै लडेका तपाइँहरू
जानुस्
अब टाउकोमा प्रचण्ड आगो बालेर जानुस् त्यहाँ
र जुन नयाँ नेपालको चित्र छ तपाइँहरूसँग
अब रङ्गाइ दिनुस् त्यसलाई
हामी ढुक्क छौँ । (नयाँ मान्छेहरूसँग, २०६३, पृ.४०)

देशको अभूतपूर्व न्यायिक विद्रोह र क्रान्तिप्रति कविको अटल आस्था र दृढ विश्वास छ । त्यसैले उनी चेतनाको बत्ती बालेर आफू त्यस यात्रामा समर्पित भउको धारणा प्रकट गर्दछन् :

त्यहीँ छ आगामी किरण
त्यहीँ छ आगामी सभ्यता
मेरो सपनाको विपना त्यहीँ छ
मेरो स्वाधीनता
मेरो मुक्तिको गीत
मेरो अन्तिम विजय
मेरा खुशीका सबै गमलाहरू त्यहीँ छन्
सब चीज हराएको यो धर्तीमा
सब चीज विराजमान गराउन
चेतनामा बत्ती यथावत् बालेर
यात्रा जारी छ मेरो । (यात्रा जारी छ मेरो, २०४०, पृ.४३)

योद्धाहरू भनेका वेगवान् नदी जस्तै हुन् । क्रान्तिका योद्धाहरू पनि नदी जस्तै गतिशील र जीवन्त छन् । उनीहरूको परिवर्तनको यात्रा कहिल्यै रोकिँदैन । सर्प र लाखुट्टे बस्ने फोहोर पोखरी होइन, स्वच्छनदीको जलप्रवाह प्रिय छ उनीहरूलाई सधैँ नै :

हामी सुन्दर देश वनाउने योद्धाहरू
देशका वेगवान् नदी हामीहरू
हामी सुक्ने र सुकेका कुरा
कसैले पनि पढ्न पाउने छैन यस्तो खबर
जहाँ सर्प र लामखुट्टे सुरक्षित रहन्छन्
त्यस्तो पोखरी पनि मन पर्दैन हामीलाई
रूक्नु, झुक्नु र थाक्नु अप्रिय छ हामीलाई ।
(देशका वेगवान नदीहरू, २०३५ पृ.४४

कवि डाँगीको कवितासंग्रहभित्र विचार र कला दुवै दृष्टिले सुन्दर कविताहरू धेरै छन् । साथै कवितामा आञ्चलिकता वा स्थानीय जीवनशैलीको जीवन्त चित्रण पनि एउटा उल्लेखनीय विशेषताका रूपमा देखिन्छ । यो कविताले तराईको भूमिपुत्र, श्रमजीवी

थारूहरूमाथिको चर्को शोषण र ज्यादतीलाई अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरेको छ:

उसको सानदार बङ्गलामा
मेरो आर्तनाथ बोकेका ईँटाहरू छन
उसको पलाटका पलाट खेतहरूमा
मेरा पाइलाबाट बगेका रगतका आहालहरू छन्
उसले लगाउँदै आएका पोशाकहरूको
मेरो काखीकै गन्ध आउने पसिनाका दानाहरू छन्
यद्यपि पुस्तौं पुस्ता पुग्ने सम्पत्ति छ उसको
मैले आफ्नै मानेको छु
उसको भन्न लायक
सानदार एकजोडा गुँघा गदा छ
त्यो पनि मेरो आफ्नै ठानेको छु
म माघे थारू ।                    (म माघे थारू, २०३०, पृ.४७)

सभ्यताको यात्रा भनेको क्रान्तिको यात्रा हो; क्रान्तिको यात्रा भनेको परिवर्तनको यात्रा हो, परिवर्तनको यात्रा भनेको इतिहासको यात्रा हो अनि इतिहासको यात्रा भनेको निरन्तर चल्ने समयको यात्रा हो । त्यसैले यो यात्रा कहिल्यै रोकिदैन । जति नै अत्याधुनिक अस्त्र र कठोर क्रूरताका बाबजुत पनि क्रान्तिको यात्रा निरन्तर जारी छ । कविमा यसप्रति पूर्ण विश्वास छ:

कुरो यस्तो पनि आएको छ
अत्याधुनिक अस्त्रहरू बनिसके
क्रूरता महाशक्तिशाली छ
म पनि वयस्क छु
केटाकेटी तर्साउने हाउँगुजी सुन्दा म हाँस्छु
जसले जेसुकै गर म मर्दिनँ
दुराचार गर
या इन्डोनेसियमा मलाई लाखौं ला लास पारेर फ्याँकिदेऊ

या कु गरिदेऊ चिलीको राष्ट्रपति भवन
या पेरूको पिन्जरामा थुन
र क्रूरताका पाखण्डी गन्धहरू सुँघाउ खूब
सकेसम्म यावत चर्तिकला गर
तर म कदापि मर्दिनँ ।          (म कदापि मर्दिनँ, २०५३, पृ.५१)

साइनबोर्डहरू जति नयाँ फेरिए पनि, नाराहरू जतिनै नयाँ लागे पनि र आवरणहरूमा जतिनै साजसज्जा बढाए पनि व्यवस्था अझै फेरिएको छैन, किनकि सबै यथावत् छ । यस्तो अवस्थामा शान्तिको कुरा गर्नु एउटा भ्रम सिवाय केही होइन भन्ने कविको मान्यता छः

बस्छु पीडा उही छ
सुत्छु चिन्ता उही छ
उठ्छु अर्धकपाली उही छ
कविता पढ्न थाल्छु
बिम्ब उही छ
यद्यपि सबै कुरा उही छ
तापनि शीर्षक उही छ भन्न सकिन्न
यहीँनेर म अधः पतन भएको छु
शान्तिको कुरा नगर ।          (शान्तिको कुरा नगर, २०४९, पृ.५२)

क्रान्ति अर्थात्आगो कसैको चाहना होइन, यो एउटा अनिवार्य जिम्मेवारी र वाध्यता हो । इन्क्लावको नारा लगाउनेहरू कुनै जनावर होइनन्, ती त युगका सचेत मानिसहरू हुन् । त्यसैले अत्याचारी शासकहरूले नचाहँदा नचाहँदै पनि क्रान्तिको आगो फैलिरहेछ हरदमः

यसमा सत्यता छ
र छ बाध्यता
इन्क्लाब........... इन्क्लाव
यो नारा

कुनै जङ्गली हात्तीको होइन
गाउँमा एकदम नवीनताले
हुर्किरहेको छ आगो ।                    (आगो, २०६०, पृ.५४)

कविमा दार्शनिक चेतनाकासाथै वर्गचेतना पनि निकै प्रबल छ । त्यो बर्गचेतना एउटा भूगोलको सीमा नाघेर विश्वमय भएको छ । उनका यी काब्यिक पंक्तिहरू यसैका विश्वाशिला साक्षीहरू हुन् :

आफैंमा पूर्ण कविता हो यो
एउटा सुन्दर कविता
छरितोमा सबभन्दा छरितो
विशालतामा सबभन्दा विशाल
सुन्दरमा सबभन्दा सुन्दर
पढिरहूँ लाग्छ मलाई
संसारका मजदूरहरू एक हौँ
विशाल अर्थ छ यसमा ।                    (ऐक्यवद्धता, २०५३ पृ.६१)

कवि मानवले समाज निर्माण गर्ने सपना जबसम्म देख्न सक्दैनन् तबसम्म प्रगति ठप्प हुन्छ, उन्नति रोकिन्छ र मान्छे मान्छे हुनुको भाव समेत मेटिन्छ अनि सबै निष्क्रिय बन्ने छन् भन्ने सन्देश यसरी दिन्छन्:

मान्छे
जब देख्दैन सपना
अथवा गल्ती गर्छ देख्न सपना
प्रदूषित बादलको असरले
आउन सक्नेछैन नयाँ मौसम
यौवन पाइने छैन रुखहरूमा
हरियाली आउने छैन पहाडहरूमा
गति रूक्ने छ नदीहरूमा
कुनै शक्ति हुने छैन कविताहरूमा

सक्रियता कम हुनेछ आगो बाल्नेहरूमा
जब देख्दैन सपना ।               (नदेख्दा सपना, २०४० पृ.८)

कविमा दशवर्षे जनयुद्धको बेला नरभक्षी राक्षसहरूले आफन्तहरूको र सोभ्मा, सिधा र निर्दोष व्यक्तिहरूको हत्या गरेको, हत्यारूपी घाउको पीडा मस्तिष्कमा छाप बनेर बसेको छ र त उनी भन्छन्:

तर
यी यावत् दुष्ट हर्कतहरू
कदाचित् नविर्सनु
नविर्सनु कदाचित्
जहा भए पनि
जस्तो अवस्थामा भएपनि
उम्लाइरहनु तातो निधारमा । (तातो निधारमा, २०५५, पृ.११)

त्यसैगरी कवि नेपाली वीरहरूले इतिहासका पानामा आफ्नो वीरताको परिचय अङ्कित गरिसकेको तर वर्तमान समयका भरौटेहरूले आफ्नो परिचय विर्सेर वीर शहीदहरूको रगतको खिल्ली उडाउन पछि नपरेको प्रसङ्गलाई यी पंक्तिहरूले पुष्टि गर्दछन् :

हाम्रा खुशीहरू जलेर खाग
खाग बेहालमा मुछिएर
कडा चट्टान बनिरहेछ
र आफ्नो मृत्युलाई
प्यारो सगरमाथासँग तुलना गर्दैछौँ
हाम्रो परिचय । (परिचय, २०६२, पृ.२०)

कवि डाँगी विचार, वर्गसंघर्षको एउटा महत्वपूर्ण हतियार भएको कुरा प्रस्तुत गर्दछन्, अर्थात् मान्छे मर्छ तर विचार मर्दैन, विचार अविनाशी तत्व हो र शासकहरूले भौतिक शरीरलाई मार्न सक्लान् तर विचाररूपी हतियारलाई कहिल्यै मार्न नसक्ने कुरालाई यसरी प्रस्तुत गर्दछन्:

मलाई मारे पनि नमर्ने
म मरे पनि नमर्ने

कसैले मास्न चाहे पनि नमासिने
समयको रेतीले तिखारिने
एउटा हतियार छ ।                    (हतियार, २०५२, पृ.२४)

कवि डाँगी जनमुक्ति सेनाले गरेका कार्यलाई सहजरूपले ग्रहण गर्न नसक्ने तानाशाही, शोषक र सामन्तहरूप्रति जाइलाग्न सक्ने क्षमता आफूमा भएको कुरालाई आक्रोसित भावमा यसरी पोख्छन्:

हिम्मत छ
तागतको इतिहास छ मसँग
शालिक मात्र होइन
खुद यसैलाई फोडेर
शरीरका सम्पूर्ण टुक्राहरू
सम्पूर्ण शहीदका आफन्तहरूका सामु
थुपारी दिन आउँछ मलाई
क्रूद्ध समय म
भर छैन, जे पनि गर्न आउँछ मलाई । (क्रूद्ध समय, २०६२, पृ.२५)

### ५.१.१.९. निष्कर्ष:

यसरी वि.सं.२०३५ देखि वर्तमानसम्म लेखिएका विभिन्न भाव-सन्दर्भका कविताहरूलाई मूल्याङ्कन गरी पुस्तकाकारका रूपमा पाठक समक्ष ल्याइएकोले 'तिम्रो हत्यापछि' कविता कृति कवि यज्ञबहादुर डाँगीको समग्र काव्ययात्राको एउटा दस्तावेज पनि हो । जसका आधारमा उनको वैचारिक भूमिको व्याप्ति र कालामूल्यका प्राप्तिहरूलाई मूल्याङ्कन गर्न सकिन्छ । उनी आफ्नो क्रान्तिधर्मिता, विद्रोहचेत र परिवर्तनको सुनौलो सपनाप्रति सधैँ इमान्दार छन् । उनी सधैँ गरिब जनताको पीडा र मुक्तिप्रति गम्भीर देखिन्छन् । उनी देशघाती शासकहरू, समाजका शोषकहरू र युगीनविसङ्गतिप्रति सधैँ आक्रोशित देखिन्छन् । मार्क्सवादी विचारको मर्म र आस्थाप्रति सधैँभरि प्रतिवद्ध छन् । जे-जस्तो चुनौतका आँधीवेहरी र भूकम्पहरू आएपनि

उनी आफ्नो विचारमा सतिसालझैँ अविचल पनि छन् । त्यसैले क्रान्ति, परिवर्तन र जीवनवादी चेतनाले उनका कविताहरू ओतप्रोत छन् । उनी राप्तीका मात्रै नभएर समकालिन प्रगतिवादी नेपाली कवितायात्राका एउटा प्रतिभा सम्पन्न र विचारशील कवि हुन् । प्रस्तुत कवितासंग्रहका औसत कविताहरू यसैका बलिया आधारहरू हुन् । वैचारिक प्रतिबद्धता र कलाचेतना दुवै दृष्टिले उनी यस समयकै एउटा प्रतिनिधि काव्यस्रष्टा हुन् ।

# छैठौँ परिच्छेद

## यज्ञबहादुर डाँगीका कवितात्मक प्रवृत्तिहरू

# छैठौं परिच्छेद

## ६. यज्ञबहादुर डाँगीका कवितात्मक प्रवृत्तिहरू:

कुनैपनि स्रष्टाको प्रवृत्ति भन्नाले उसभित्रको सिर्जनशीलता सिर्जन गर्ने शैली शिल्प तथा उसले अङ्गालेका साहित्यिक विशेषताहरूलाई जनाउँछ । कवि डाँगीको सार्वजनिक प्रकाशन 'तिम्रो हत्यापछि' शीर्षकको कवितासँगै आजको मानवीय विकृति र विसङ्गतिप्रति व्यङ्ग्य विद्रोह गरेको भावचेतना जुन रूपमा वि.सं. २०६५ सालमा अङ्गालियो सोही प्रवृत्तिगत विशेषताको केन्द्रीयतामा रहेर डाँगीले सिर्जनलाई निरन्तर रूपमा अगाडि बढाउँदै आएको देखिन्छ । प्रवृत्तिगत विशेषताको दृष्टिले हेर्दा यद्यपि विविध विषयलाई आफ्नो सिर्जनामा अङ्गालेका भए तापनि विशेष रूपमा उच्चमानवतावादको चेतना र शोषित वर्गको प्रतिनिधित्व गर्ने चेतनाले डाँगीका समग्र कविताहरू ओतप्रोत भएको पाइन्छ । अध्ययन सरलताको लागि डाँगीका सिर्जनागत प्रवृत्तिलाई निम्न प्रकारले वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ ।

### ६.१. प्रणयभावको कोमल अभिव्यक्तिः

कवि डाँगी संसारमा जतातते प्रेममात्र भएको देख्छन् । मानिस मात्र होइन सम्पूर्ण जीवन र जगत नै मानव प्रेमको उपज हो । प्रकृतिप्रेम, सन्तानप्रेम, मातृप्रेम, भ्रातृप्रेम, राष्ट्रप्रेम, पारिवारिक प्रेम आदि विभिन्न प्रकारका प्रमहरूमध्ये उनीभित्र प्रवल रूपमा मानवप्रेम उर्लेको पाइन्छ । यसका अतिरिक्त मानवेत्तर वस्तुलाई पनि मानवीकरण गरी प्रणयको कोमल भावको अभिव्यक्ति दिएका छन् ।

### ६.२. प्रकृतिचित्रणः

प्रकृति नै मानिसको भगवान् हो । मानिसलाई जन्मेदेखि नमर्दासम्म बिहान उठेदेखि साँझ नसुतेसम्म प्रत्येक कामका लागि निर्देशन दिने काम प्रकृतिले गर्दछ । तसर्थ प्रकृति नै मानिसको गुरू वा आदर्श व्यक्ति हो भन्ने मान्यतालाई आत्मसात गरी डाँगीले आफ्ना कविता रचना गरेका छन् ।

भनिन्छ कविहरू प्रकृतिका उपासक हुन्छन् । त्यो प्रकृति यति महान् छ ; जो सारा सृष्टिका सिर्जनाहरूको अजस्र स्रोत हो । इतिहास, भूगोल, खगोल, विज्ञान आदि सम्पूर्ण विषयवस्तुको रहस्य प्रकृतिभित्रै लुकेको छ । अनेकन प्रकारका अनुसन्धानका कार्यहरू भएका छन् । ती सबै कार्यहरूको मूल स्रोत नै प्रकृति हो । आजको विज्ञान र प्रविधिले जति नयाँ खोज र अनुसन्धानका कामहरू गरेपनि ती सबै प्रकृतिकै आधारमा गरिएका छन् । तसर्थ यस ब्राह्मण्डमा प्रकृतिभन्दा महान् अन्य केही पनि छैन भन्ने बिचारलाई कवि डाँगीले पनि स्वीकार गरेर कविता सिर्जना गरेको देखिन्छ ।

**६.३. स्वदेश प्रेमः**

स्वदेशको कुरा नगर्ने र स्वदेशप्रति प्रेम नगर्ने मानिस कोही पनि हुँदैन तर भावनात्मक प्रेम, कर्मको प्रेममा भने धेरै फरक पर्छ । आज जीवन निर्वाहको निमित्त पलायन हुने प्रवृत्ति बढ्दै गएको छ । विदेशमा बसेर स्वदेशको प्रेम यदि गरिन्छ भने त्यसको कुनै अर्थ हुँदैन । स्वदेशमा बसी स्वदेशको सेवा गर्नु उच्च देश भक्तिको भावना हो । डाँगीका कविताहरूमा उच्च देशभक्तिको भावना शसक्त रूपमा प्रस्तुत भएको देखिन्छ ।

**६.४. सामाजिक एवं राजनैतिक विकृति र विसङ्गतिको बिरोधः**

आजको समाज विकृति र विसङ्गतिले ग्रसित छ । जसअन्तर्गत सामाजिक र राजनैतिक दुवै प्रकारका विकृति र विसङ्गतिहरू पाइन्छन् । धनप्रतिको तीब्र मोह, मानवताको तिरस्कार, गरिबप्रति उपेक्षाको भाव, स्वार्थ, नागर सभ्यताप्रतिको मोह, लैङ्गिक असमानता, कमजोर राष्ट्रवादी चेतना आदि आजका सामाजिक विकृति र विसङ्गतिहरू हुन् भने दलगत स्वार्थ, अहंको भावना, स्वार्थी प्रवृति आदि राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरू हुन् । यिनै सामाजिक समस्याहरूप्रति व्यङ्ग्य र बिरोध गर्दै कवि डाँगीले आफ्ना कविता रचना गरेको देखिन्छ ।

### ६.५. युद्ध र अशान्तिको विरोधः

स्रष्टा समाजमा जन्मन्छ, हुर्कन्छ र यहीँ अन्त्य हुन्छ । समाजका हरेक क्रियाकलापहरू र वातावरणले साहित्यमा प्रभावपार्ने गर्दछ । केही वर्षयता नेपालमा चलेको गृहयुद्ध र अनेक व्यक्तिहरूको हत्या, हिंसा र युद्धका क्रममा द्वन्द्वरत दुबै युद्ध मानवहितको विपक्षमा हुने हुँदा युद्धलाई उपेक्षा र शान्तिलाई स्वागत गर्नुपर्छ भन्ने भाव चेतना बोकेका कविता कवि डाँगीले सिर्जना गरेको पाइन्छ ।

### ६.६. अन्धपरम्पराको बिरोधः

हामी जति-जति पुरातनमुखी बन्दै जान्छौँ उति-उति नवीनताप्रतिको हाम्रो चासो घट्दै जान्छ । परम्पराका नाममा जुन कुसंस्काले जरा गाडेर रहेको छ त्यसलाई जरैबाट निर्मूल पार्नुपर्ने अभिव्यक्ति वा सन्देश डाँगीका कवितमा पाइन्छ । आफ्नै संस्कार, परम्परा, धर्म सबै मान्नुपर्दछ तर केही खराब कुराहरू त्यस भित्र छन् भने तिनको बिरोध गर्दै त्यसमा परम्परागत पर्खाल भत्काउन पनि हामी पछि पर्नुहुँदैन भन्ने भाव उनका कवितामा पाइन्छ । गद्यलय वा मुक्तलयमा संरचित उनका कविताले अन्धपरम्परा, कुरीति, कुसंस्कारको घोर बिरोध गरेका छन् ।

परिभाषा वा संख्याका हिसावले मात्र व्यक्तिको मूल्याङ्कन गर्नुभन्दा उसको सत्कर्मलाई निस्वार्थ भावले सहर्ष स्वागत गर्नुपर्ने हुन्छ । सहज प्रवाहमय कवित्वका धनी नभए तापनि आफ्नो व्यस्त समयबाट केही भाग डाँगीले नेपाली साहित्यलाई दिएका छन् । निरन्तर, लगनशील बनेर नेपाली साहित्यको भण्डार भर्न दिएका यी कृतिहरूलाई निश्चय नै महत्व दिनु पर्छ । विन्दु-विन्दु मिलेर सिन्दु बन्ने यथार्थ सबैका सामु छर्लङ्ग छ । नेपाली भाषा र साहित्यप्रति प्रेमभाव राख्ने सबै साहित्यानुरागीले कवि डाँगीबाट प्रेरणा लिनुपर्दछ । आफ्ना कवित्व चेतनालाई उच्च बनाउँदै कविता कृतिलाई परिस्कृत र परिमार्जित गर्न डाँगी सफल छन् । फुटकर कविता लेखरचना आदिले उनलाई नेपाली स्रष्टाको परिचय प्रदान गरेका छन् । समग्रमा परिमाणात्मक रूपमा डाँगीका धेरै कृति नदेखिए तापनि उनले जे जति कविता रचना गरेका छन् तिनको गुणात्मक रूपमा मूल्याङ्कन गर्दा

आधुनिक प्रगतिवादी नेपाली कविता परम्परामा नेपाली फुटकर कविता यात्राका क्रममा उनी एक लगनशील प्रतिभा सम्पन्न कविका रूपमा स्थापित भएको पुष्टि हुन्छ ।

### ६.७. सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको बिरोधः

सामन्तवादी सामाजिक संरचनाद्वारा नेपाली समाज उत्पीडित रहेको पाइन्छ । पृथ्वीनारायण शाहदेखि नै सामन्तवादी सामाजिक संरचनालाई बल पुऱ्याउने किसिमका राजनैतिक स्थापना र प्रयोगहरू हुँदै आएका छन् । निरङ्कुस शासकहरूद्वारा शासित नेपाली समाजको जीवन एकदमै कष्टकर र पीडादायी रहेको छ । अंग्रेजी साम्राज्यवादका भक्त शासकवर्गले आफ्नो ऐश-आरामका निम्ति नेपाली जनताको शोषण गरेको देखिन्छ । माथिल्लो राजनैतिक संरचनामा शासकवर्ग रहेका देखिन्छन् भने तल्लो तहमा गाउँका मुखिया, जिमुवाल, प्रशासक आदिले शासक वर्गकै हितखातिर, अनेकन् किसिमका कर र अन्य श्रम शोषणका उपायहरू बनाएका देखिन्छन् । राणाकालको अवधिपछि पनि धार्मिक, राजनैतिक, प्रशासनिक विविध तहमा सामन्तहरूद्वारा गरिब किसान वर्गको शोषण भएको पाइन्छ । सामन्तवर्ग र अभिजात्य वर्गको उत्पीडनका स्वरुपलाई प्रगतिवादी कविहरूले कवितमा चित्रण गरेका छन् र सामन्तवादी सामाजिक व्यवस्थाको तीब्र बिरोध गरेका छन् । नेपाली समाजमा सामन्तवादी सामाजिक साँस्कृतिक, राजनैतिक स्वरुपबाट निर्मित भएको हुनाले त्यसको ध्वंसबाट मात्र समतायुक्त प्रगतिशील समाज निर्माण हुन सक्छ भन्ने भावनाद्वारा अभिप्रेरित भएर सामन्ती समाजको स्वरुप विश्लेषणका साथै सामन्ति समाजका शोषकवर्ग नायकप्रति घृणा र आक्रोशको भाव अभिव्यक्त गरेको देखिन्छ ।

यही परम्पराको अनुशरणका रूपमा देखिन्छन् कवि डाँगीका कविताहरू ।

### ६.८. धार्मिक अन्धवाद तथा रूढिवादको बिरोधः

सामन्तवदाद्वारा सिर्जित धार्मिक अन्धवाद तथा रूढिवादमा केन्द्रितरही धार्मिक अन्धता, रूढिवादी विविध आचरण र नियमहरूको चित्रण एवं तत्जन्य सामाजिक विषम पक्षहरूको यथार्थ अभिव्यक्तिमा प्रगतीवादी

कविहरू संलग्न भएका देखिन्छन् । धर्मका नाउँमा समाजमा प्रचलित अन्धवाद तथा हिन्दूवादद्वारा निर्मित मान्छे-मान्छेमा भेद, छुत-अछुत, ठूलो र सानो जस्ता होचीर्धेल्याइँप्रति विद्रोहको भाव मुखरित गरी युगीन यथार्थलाई प्रभावकारी रूपमा प्रगतिवादी कविहरूले देखाएकाछन् । नेपाली सामाजिक जीवनमा व्याप्त रहेको धार्मिक आडम्बर, खोक्रो आध्यात्मिकता र निरर्थक वर्णवाद, टुना-मुना, तन्त्र-मन्त्र जस्ता काल्पनिक एवं अवैज्ञानिक विधि-विधान र भ्रमपूर्ण मान्यताहरू सामन्तवादी व्यवस्था आफ्नो वर्गहितका निम्ति सिर्जना गरेको हुँदा प्रगतिवादी कविहरूले सामन्तवादी सामाजिक संरचनालाई सुदृढ गराउने शक्ति प्रदान गर्ने त्यस किसिमका बेथिति र कुरीतिका बिरूद्धमा आक्रोस व्यक्त गर्दै त्यसका ठाउँमा जनवादी सँस्कृतिको स्थापना गर्नमा जोड दिएका छन् । परम्परागत अन्धधारणा तथा भाग्यवादका विरूद्धमा जन-मानसलाई उठाउनु र वर्गीय भावनाको उद्बोधन गराउनु प्रगतिवादी कविहरूको विशेषता रहेको देखिन्छ । नेपाली समाजमा व्याप्त रहेका जात-पात, छुत-अछुत, वर्णव्यवस्था, धार्मिक अन्धमान्यता, नारी शोषण, स्वर्ग-नरक, भाग्यवादप्रतिको आस्था, रूढिवादद्वारा परिपोषित विवाह परम्परा, सामाजिक आडम्बर, मानसिक दासता र शोषण आदि सामाजिक बेथिति तथा पतनोन्मुख अन्धवाद तथा रूढिवादकै परिणाम हुन्[७७] भने सामाजिक उन्नति प्रगतिका निम्ति अन्धवाद तथा रूढिवाद बाधक सिद्ध भएका छन् । यसैको प्रतिरोधमा प्रगतिवादी कविहरूले कविता लेखेका छन् ।

## ६.९. समतायुक्त सामाजिक व्यवस्था निर्माणका निम्ति आह्वाहनः

नेपाली समाजमा व्याप्त असत्य, अन्याय र विषमताको बिरूद्धमा प्रगतिवादी कविहरूले तिब्र प्रहार मात्र गरेका छैनन्, त्यसका ठाउँमा नयाँ सामाजिक व्यवस्थाको निर्माण गर्ने आकाङ्क्षा प्रतिबिम्बित गरेका छन् । समाजलाई पुरानै संरचनामा राखी आफ्नो स्वार्थ पूरा गर्ने वर्गको ध्वंसन र समाजको स्वरूपमा परिवर्तन नल्याई बहुसंख्याक जनताले न्याय नपाउने

---

[७७] हीरामणि शर्मा, पौड्याल, परिक्रमा, पर्वतः इन्दिरा शर्मा पौड्याल, २०४४ पृ.३९

सत्यताको उद्घाटनमा प्रगतिवादी कविहरू प्रतिवद्ध रहेका देखिन्छन् । सामाजिक व्यवस्था परिवर्तनका निम्ति जनतालाई जागरुक बनाउनु र पुरानो व्यवस्थाप्रति वितृष्णा जगाउनु अनि आमूल परिवर्तनकारी संघर्षमा उत्प्रेरित गर्नु प्रगतिवादी कविहरूको उद्देश्य रहेको देखिन्छ भने त्यसकर्मप्रति कविहरू सजग रहेका देखिन्छन् । सामन्तवादी सँस्कृतिद्वारा उत्पीडित र दमित जन समूहलाई नयाँ सामाजिक व्यवस्थाप्रति सम्मोहित गराउन र यथार्थप्रति विशेष दृष्टि लगाउनमा त्यस किसिमका रचनाले सहयोग पुऱ्याएको देखिन्छ ।

## ६.९. आमूल परिवर्तनकारीशक्तिप्रति विश्वास र आस्थाको अभिव्यक्तिः

प्रगतिवादी साहित्यकारले द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणलाई आत्मसात गर्ने र त्यसै दृष्टिकोणका आधारमा समाजमा विद्यमान शोषण, उत्पीडन, अन्याय, अत्याचार, वर्गविषमता आदिको पर्यवेक्षण गरी त्यसलाई आफ्ना रचनामा प्रतिबिम्बन गर्ने गर्दछन् । मान्छेको शोषण मान्छेद्वारा नै गरिने र सर्वहारा वर्गीय क्रान्तिकारी शक्तिको नेतृत्वमा हुने संघर्षबाट मात्र सर्वहारा वर्गको मुक्ति हुन्छ भन्ने विश्वासलाई प्रगतिवादी कविहरूले आफ्ना रचनामा अभिव्यक्त गरेका छन् । मार्क्सवाद-लेनिनवाद र माओबिचारधारद्वारा सुसज्जित आमूल परिवर्तनकारी शक्तिप्रति आस्था व्यक्त गरी प्रगतिवादी कविहरूले जनमानसमा त्यस सिद्धान्तप्रति आकर्षण जगाउने र सामूहिक संघर्षमा भोका नाङ्गा जनतालाई आवद्ध गराउने उद्देश्य राखेको देखिन्छ । सबै किसिमका शोषणको अन्त्य र सर्वहारा वर्गको मुक्ति गर्ने अगुवा शक्ति भनेको नै सर्वहारा वर्गीय शक्ति हो भन्ने माक्सवादी प्रस्थापनालाई नै प्रगतिवादी कविहरूले ग्रहण गरेका छन् । त्यस्तै कवितात्मक प्रवृति कवि डाँगीका कवितामा पनि प्राप्त गर्न सकिन्छ ।

# सातौँ परिच्छेद

## उपसंहार

# सातौँ परिच्छेद

## उपसंहार

राप्ती अञ्चल दाङ जिल्लाको हापुर गा.वि.स.अन्तर्गत पर्ने वगाले भन्ने गाउँमा वि.सं. २०१० साल फागुन महिनामा सामान्य आर्थिक स्तर तथा समाजमा सम्मानित परिवारका रूपमा स्व.पिता इन्द्रबहादुर डाँगी र स्व.माता टिका कुमारी डाँगीको कोखमा कवि डाँगीको जन्म भएको थियो । सरल, संयम, सहयोगी, स्वाबलम्बी, परिश्रमी, मिलनसार स्वभाव तथा हँसिलो मुहार र स्पष्ट बोलीचाली भएका कवि डाँगीको एघार वर्षको उमेरमा शिक्षारम्भ भएको देखिन्छ । उनले वि.सं. २०३५ सालमा एस.एल.सी.उत्तीर्ण गरेको देखिन्छ भने आर्थिक अवस्था कमजोर भएका कारणले गर्दा उनी वि.सं. २०३३ साल देखि नै शिक्षण पेशामा संलग्न रहेको पाइन्छ ।

साहित्य र सङ्गीत भने पछि हुरुक्कै हुने डाँगी सानै उमेरदेखि विद्यालयमा आयोजना गरिने अतिरिक्त क्रियाकलापहरूमा सक्रियताका साथ सहभागी हुने गर्दथे । यसले उनको साहित्यप्रतिको मोहलाई सन्तुष्ट मात्र तुल्याएन अपितु समाजका अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका विरूद्धमा लाग्ने प्रेरणा पो जगाएको देखिन्छ ।

वि.सं. २०३७ सालमा पोखराबाट प्रकाशित हुने 'लालुपाते' नामक पत्रिकामा आफ्नो कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्य सिर्जना तर्फ लागेका डाँगीले कलम, वेदना, बगर, उत्साह, राप्ती दूत, अन्तरध्वनि, पहल, नयाँ युगबोध, नयाँ जनउभार जस्ता पत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशित गरेको देखिन्छ ।

आफ्नो जीवनमा नेपाली समाजका विभिन्न व्यक्तिसँगको प्रत्यक्ष सम्पर्कले नेपाली समाजको यथार्थतालाई नजिकैबाट अध्ययन गर्न पाएका डाँगीले आफ्ना मनमा खट्केका भावनाहरूलाई विसाउने चौतारी साहित्यलाई बनाएका छन् । गाउँले समाजमा मानिदै आएका पुरातनवादी

सोचका विरूद्धमा नयाँ र परिमार्जित सोचको विकास हुनुपर्दछ भन्ने भावना उनका कविताहरूमा व्यक्त भएको पाइन्छ । गरिबप्रति सहानुभूति, अन्याय, अत्याचार, दमन, शोषण तथा थिचोमिचोप्रति बिरोध, समतामूलक समन्वयात्मक समाजको निर्माण, सामाजिक, राजनैतिक तथा प्रशासनिक विकृतिप्रति व्यङ्ग्य, राष्ट्रप्रेम, नारीप्रति श्रद्धाभाव, सामाजिक तथा साँस्कृतिक चालचलनमा देखिएका विसङ्गतिप्रति रोष जस्ता विशेषताहरूलाई उनले आफ्ना साहित्यिक रचनाहरूमा मुख्य स्थान दिएको पाइन्छ ।

नेपाली साहित्यको फाँटमा उदीयमान साहित्यकार यज्ञबहादुर डाँगीले वि.सं. २०३७ सालदेखि अध्यावधि नेपाली साहित्य यात्राको क्रम भङ्ग गरेको पाइदैन । यो नै उनको साहित्य क्षेत्रमा प्रमुख योगदान हो भन्न सकिन्छ । जल्दोबल्दो परिस्थितिलाई हेरेर तुरुन्तका तुरुन्तै साहित्य रचना गरी प्रकाशन गर्नु, जनता र समाजलाई चेतना जागृत वनाउनु उनको अर्को महत्वपूर्ण साहित्यिक योगदान रहेको पाइन्छ ।

आफ्ना रचनाहरूमा सरल भाषाशैली, विभिन्न प्रकारका अलङ्कार तथा बिम्बप्रतिकहरूको प्रयोग गरी साहित्यिक तत्वहरूलाई वढिभन्दा बढि संयोजन गर्ने कवि डाँगीले मुक्तलयमा रचना तयार गरेको पाइन्छ । रचनाका अधिकांश ठाउँमा कवि स्वयम्ले बोलेका र कहिँकतै पात्रलाई बोल्न लगाएकाले कवि प्रौढौक्ति उक्ति ढाँचा अर्थात प्रथम पुरुष दृष्टि विन्दुको प्रयोग उनको साहित्यमा वढि देखिन्छ । त्यस्तै कवि निवद्ध वक्तृप्रौढौक्ति अर्थात तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग समेत उनले आफ्ना रचनाहरूमा गरेर यसप्रतिको मोहलाई समेत सार्थक तुल्याएको पाइन्छ र आफूलाई आधुनिक नेपाली साहित्यमा प्रगतिवादी साहित्यकारका रूपमा स्थापित गर्न सफल देखिन्छन् ।

# सन्दर्भ ग्रन्थ सूचि

**अधिकारी हेमाङ्गराज–** "पूर्वीय समालोचना सिद्धान्त" छै.सं. काठमाडौँ साझा प्रकाशन २०५६

**अखिल नेपाल लेखक संघ केन्द्रीय समिति–** "मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य" २०६७

**उपाध्याय, केशवप्रसाद–** "पूर्वीय साहित्य सिद्धान्त" ते.सं. काठमाडौँ साझा प्रकाशन २०५५

**उपाध्याय, केशवप्रसाद–** "साहित्य प्रकाश" पाँ.सं. काठमाडौँ साझा प्रकाशन २०४९

**गौतम ध्रुवराज–** "विश्वेश्वरप्रसाद कोइरालाका कथामा सामाजिकता" काठमाडौँ भूँडीपुराण प्रकाशन २०६१

**त्रिपाठी वासुदेव–** " भूमिका महाकवि देवकोटा र उनका महाकाव्य" (लेखक) कुमारबहादुर जोशी, काठमाडौँ, सहयोगी प्रकाशन

**त्रिपाठी, वासुदेव र अन्य–** "बृहत् नेपाली शब्दकोष" २०४०

**त्रिपाठी, वासुदेव र अन्य–** "नेपाली बृहत् शब्दकोश" काठमाडौँ ने.रा.प्र.प्र.,२०५२

**थापा हिंमाशु–** "साहित्य परिचय" दो.सं. काठमाडौँ साझा प्रकाशन २०४२

**पोखेल बालकृष्ण–** "नेपाली बृहत शब्दकोष" पा.सं.पोखेल

**बन्धु चुडामणि–** "अनुसन्धान तथा प्रतिवेदन लेखन" रत्नपुस्तक भण्ठडार काठमाडौँ, २०५२

**भण्डारी डा.जगदीशचन्द्र–** "प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण"२०५५

**भानुभक्त–** "सिद्धान्त र साहित्य" विराटनगर श्याम पुस्तक भण्डार , २०४०

**श्रेष्ठ दयाराम र मोहनराज शर्मा–** "नेपाली साहित्यको संक्षिप्त इतिहास" दो.सं. काठमाडौँ साझा प्रकाशन, २०५९

**सुवेदी राजेन्द्र–** "स्रष्टा-सृष्टि, द्रष्टा-दृष्टि" प्र.सं. काठमाडौँ, साझा प्रकाशन, २०४३

# पत्रिका विवरण

**"कलम"** साहित्यिक त्रैमासिक वर्ष-४, अङ्क १, पूर्णाङ्क ११, वैशाख २०५३

**"कलम"** साहित्यिक त्रैमासिक वर्ष-५, अङ्क १, पूर्णाङ्क १३/१४, फागुन २०५३

**"जनसँस्कृति"** "अर्धवार्षिक साहित्यिक पत्रिका" २०६६

**"पहल"** (साहित्यिक त्रैमासिक) वर्ष ९, अङ्क ४, २०६६ कार्तिक-पुस

**"पहल"** (साहित्यिक त्रैमासिक) वर्ष २, अङ्क ५, २०६६ श्रावण-असोज

**"पहल"** (साहित्यिक त्रैमासिक) वर्ष ६, अङ्क ३, २०६३ कार्तिक-पुस

# स्नातकोत्तर शोध ग्रन्थ विवरण

**आचार्य मेधराज–** "नारायण नेपालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन २०६६

**भट्ट तारादत्त–** "काशिदत्त भट्ट 'शास्त्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' २०६६

**रेग्मी मदन–** "कष्णराज डि.सी. को जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन" २०६६

# परिशिष्ट

## साहित्यकार यज्ञबहादुर डाँगीका बारेमा – अमर गिरीः

**प्रश्नः साहित्यकार यज्ञबहादुर डाँगीसँग यहाँको पहिलो भेटघाटका बारेमा केही बताइदिनु हुन्छ कि ?**

**उत्तरः** वि.सं. २०४२ सालमा म वनगाउँमा अध्यापनको लागि आएको थिएँ । त्यही समयमा कवि डाँगीसँग मेरो भेट भएको हो । त्यसभन्दा अगाडि वहाँसँग मेरो परिचय थिएन । साहित्यकार व्यक्तित्वको रुपमा नभएर सामान्य शिक्षकको रुपमा परिचय भएको हो । कवि डाँगीले वि.सं. २०३७ सालतिर मा.वि. तथा कलेजमा अध्ययन गर्दा फाट्टफुट्ट कविता लेखे पनि यो वीचको समयमा वहाँले लेखन कार्यलाई विश्राम दिनु भएको थियो । पछि मैले नै वहाँलाई यसरी नलेखेर हुँदैन, यस्तो प्रतिभा र क्षमता भएको मान्छेले समाजका विभिन्न किसिमका कमजोरीहरूलाई आफ्ना सिर्जना मार्फत देखाउँनु पर्छ भनेपछि फेरि वहाँले आफ्नो सुतेको कलमलाई उठाई सिर्जना गर्न थाल्नु भएको हो ।

**प्रश्नः तपाइँहरू नजिक हुने आधार के थियो ?**

**उत्तरः** एउटै विद्यालयमा हामी कार्यरत थियौं; यसरी सँगै भएपछि हार्दिकता सबैसँग हुन्छ नै । त्यसमा पनि वहाँसँग नजिक हुने आधार भनेको वैचारिक र साहित्यिक आधार नै हो । लक्ष्य, भावना र गन्तव्य समेत एउटै भएपछि यो भन्दा ठूलो आधार अरु के हुन सक्छ र ?

**प्रश्नः डाँगीको साहित्यिक यात्राबा बारेमा जानकारी पाऊँ न !**

**उत्तरः** मोटामोटी रुपमा चालीसको दशकदेखि डाँगीजीको सक्रिय साहित्यिक यात्रा सुरु भएको हो । यो भन्दा पहिले विद्यार्थी अवस्थामा वहाँ फाट्टफुट्ट कविता लेख्नुहुन्थ्यो रे ! त्यसलाई वहाँको साहित्यिक पृष्ठभूमि मान्नुपर्ने हुन्छ र चालीसको दशकदेखि वहाँको साहित्यिक रचनामा निखारता आएको पाइन्छ । त्यो भन्दापछि दशवर्षे जनयुद्धको समयबाट वहाँ झन सशक्त साहित्य सिर्जना गर्ने कविका रुपमा देखिनु भएको छ । समग्रमा भन्नुपर्दा कवि यज्ञबहादुर डाँगी प्रगतिवादी नेपाली साहित्यका क्षेत्रमा एक शसक्त प्रतिभाको नाम हो ।

**प्रश्नः वहाँका साहित्यिक प्रवृत्तिबारे केही बताइदिनु हुन्छ कि ?**

**उत्तरः** कवि डाँगी समाजवादी, यथार्थवादी, वास्तविक समाजको चित्रण गर्ने, निजात्मक शैली अवलम्वन गर्ने, बिम्ब र प्रतीक आफ्नै प्रकारको मौलिकतामा निर्धारण गर्ने, मान्छेलाई संघर्षमा लाग्ने हुटहुटी दिने, समाजको आमूल परिवर्तन र रुपान्तरण-मार्क्सवादी विचारधाराका आधारमा सत्यम्, शिवम् सुन्दरम्लाई सर्वोपरि ठान्ने र सोही परिवेशमा आफ्ना सिर्जना गर्ने जस्ता प्रवृत्तिहरू वहाँका साहित्यिक प्रवृत्तिहरू हुन् ।

२०६७/०७/१०

## साहित्यकार यज्ञबहादुर डाँगीका बारेमा – के.एल.पीडित

**प्रश्नः प्रगतिवादी कवि यज्ञबहादुर डाँगीको साहित्यिक प्रवृत्तिबारे केही बताईदिनुहुन्छ कि ?**

**उत्तरः** समाजवादी, यथार्थवादी मूल धाराका एक सबल कवि हुनुहुन्छ वहाँ । विशेषतः समाजका शोषित, पीडित समुदायको पक्षमा द्रुत गतिले वहाँको कलम चलेको छ । समाजमा भएका सबै प्रकारका विकृति र विसङ्गतिका विरुद्धमा टट्कारो स्वर दिने कवि हुनुहुन्छ वहाँ । जनपक्षीय कविका रुपमा वहाँलाई लिन सकिन्छ ।

**प्रश्नः प्रगतिवादी नेपाली साहित्यमा वहाँको योगदान कस्तो पाउनुभएको छ ?**

**उत्तरः** प्रगतिवादी कविता धारालाई समृद्ध बनाउनमा कवि डाँगीको उल्लेखनीय योगदान छ । कवितामा नयाँ बिम्बको प्रयोग र भाषिक शिल्पका दृष्टिले पनि नेपाली प्रगतिवादी धाराका श्रेष्ठ कविहरूमध्ये एक औँलामा गन्न सकिने कविका रुपमा वहाँलाई लिनुपर्ने हुन्छ ।

**प्रश्नः कवि यज्ञबहादुर डाँगीको व्यक्तित्वका बारेमा यहाँलाई कति जानकारी होला ?**

**उत्तरः** शिक्षक तथा साहित्यिक पत्रकार हुनुहुन्छ वहाँ । २०५३-२०५४ देखि साथै रहेर नयाँ (नवीन) यथार्थलाई पकडेर हामी हिडिरहेका छौं । 'पहल' साहित्यिक पत्रिकाको प्रधान सम्पादक समेत रहनु भएका वहाँलाई शान्त, अन्तर्मुखी, अध्ययनशील तथा संवेदनशील, दृढ वैचारिकता, सरल एवं इमान्दार व्यक्तित्वका रुपमा लिनु पर्छ ।

**प्रश्नः अन्त्यमा वहाँका बारेमा भन्नै पर्ने केही कुरा छुटे कि ?**

**उत्तरः** अरु केही पनि छैन जति भने पनि वहाँलाई कमै हुन्छ । वहाँ एक राष्ट्रभक्त र क्रान्तिकारी कविका रुपमा सफल हुनुहुन्छ ।

२०६७/०७/१०